साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क २ ✪ १६ माघ २०८०, मङ्गलबार ✪ 30 Jan., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## देश र जनताप्रति समर्पित इमानदार र सचेत जनताको शक्तिले देश परिवर्तन हुने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी सुनसरी सम्पर्क समितिको आयोजनामा शनिबार यहाँ नेवार एकता समाज धरानको भक्तपुर अवलोकन भ्रमण तथा भेटघाट कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले नेपालका मन्त्रीहरू आफ्नो देशको भन्दा विदेशभक्त भएकाले देशको विकास नभएको बताउनुभयो ।

सरकारले स्वदेशमै रोजगारीको व्यवस्था नगरी विदेश पठाएर देशलाई पराधीन बनाइरहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "सही र इमानदार मानिसलाई सरकारले काम गर्न दिँदैन । कम्युनिस्ट विचार प्रचार गर्छ भनेर क्युवाली चिकित्सकलाई थोरै समयमै स्वदेश फर्काउने काम सरकारले गऱ्यो ।"

उहाँले भन्नुभयो, "राजनीति फोहोर खेल होइन, फोहर बनाइएको हो । राजनीतिलाई फोहर बनाउने काममा सरकारमा जाने दलहरू नेका, एमाले र माओवादी जिम्मेवार छन् ।"

नेपाली जनताले देशमा कुन पार्टी सही कम्युनिस्ट हो होइन चिन्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कम्युनिस्टहरू भ्रष्टाचारविरोधी हुन्छन् भन्नुभयो ।

पुँजीवादी निर्वाचनबाट समाजवाद आउँछ भन्ने कुरामा नेमकिपा विश्वस्त नरहेको विचार व्यक्त गर्दै उहाँले देश र जनताप्रति समर्पित इमानदार, सचेत जनताको शक्तिले देश परिवर्तन गर्न सजिलो हुन्छ भन्नुभयो ।

नि:स्वार्थ र इमानदारीपूर्वक गरेको देश र जनताको सेवा खेर नजाने कुरा उल्लेख गर्दै अध्यक्ष रोहितले यो पुँजीवादी व्यवस्थाको सरकार भएकोले जनताले दु:ख पाइरहेको बताउनुभयो ।

युवाहरूलाई विदेश पठाउने दास मानसिकता अझै सत्तासीन दलका नेता र मन्त्रीहरूमा रहेको उल्लेख गर्दै उहाँले विदेशी थिचोमिचोको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

***बाँकी पृष्ठ १२ मा***

## अध्यक्ष बिजुक्छेँसँग चिनियाँ नेता हेयानको भेटघाट

पेचिङ, २३ जनवरी, २०२४
केन्द्रीय समिति
नेपाल मजदुर किसान पार्टी ।

**बधाई सन्देश !**


नेपाल मजदुर किसान पार्टी,

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा पार्टीका सबै साथीहरूलाई चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभाग हार्दिक बधाई ज्ञापन गर्दछ ।

चीन र नेपाल छिमेकी मित्र देश हुन् । नेपाल मजदुर किसान पार्टी धेरै अगाडिदेखि मैत्रीपूर्ण सम्बन्ध कायम गर्न लागिपरेको र चीनको प्रमुख चासो एवम् सम्बन्धहरूलाई समर्थन गरेकोमा चिनियाँ पक्ष उच्च प्रशंसा गर्दछ । चीन-नेपाल सम्बन्ध विकास गर्न चिनियाँ पक्ष नेपाल मजदुर किसान पार्टीसँग आपसी सम्बन्ध बलियो बनाउन चाहन्छ ।

हामी अध्यक्ष बिजुक्छेँजीको नेतृत्वमा नेपाल मजदुर किसान पार्टीले पार्टी निर्माण र जनताको सेवामा थप उपलब्धि हासिल गर्ने विश्वास गर्दछौँ । धन्यवाद !

*अन्तर्राष्ट्रिय विभाग*
*केन्द्रीय समिति*
*चिनियाँ कम्युनिस्ट पार्टी*


中共中央对外联络部
International Department of the Central Committee of the Communist Party of China

加德满都
尼泊尔农工党

尼泊尔农工党:

值此尼泊尔农工党成立50周年之际，中共中央对外联络部谨向贵党致以热烈祝贺。

中国和尼泊尔是友好邻邦。中方高度赞赏尼农工党长期以来坚持对华友好，在涉及中方核心利益和重大关切问题上给予坚定支持，愿保持和加强同尼农工党友好交流交往，推动中尼关系不断发展。相信在比久克切主席领导下，尼农工党在党的建设和推动地方发展上将取得更大成就。

2024年 于北京

北京市海淀区复兴路4号 100860 | 4 Fuxing Road, Beijing, China 100860

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग चिनिया कम्युनिस्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हेयान (Sun Haiyan) को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले शुक्रबार भेट गऱ्यो ।

अध्यक्ष बिजुक्छेँले चिनियाँ प्रतिनिधिमण्डललाई स्वागत गर्दै नेपाल-चीन सम्बन्ध प्राचीनकालदेखि घनिष्ठ रहेको र नेपालीलाई अप्ठ्यारो पर्दा चिनियाँ जनता र सरकारबाट सहयोग प्राप्त भएको उल्लेख गर्नुभयो ।

"संसारको ठाउँ ठाउँमा भइरहेको अशान्ति र युद्ध रोक्न चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवम् जनवादी गणतन्त्र चीनका राष्ट्रपति सि चिनफिङले गर्नुभएको प्रयास प्रशंसनीय छ । चीनको नयाँ वसन्त वर्षको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतालाई शुभकामना दिन चाहन्छु ।" अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले नेपाल मजदुर किसान पार्टी स्थापनाको ५० औं वर्षको अवसरमा जिल्ला जिल्लामा कार्यकर्ताहरूले चीनको भूमि थाइवानमा अमेरिकी हस्तक्षेपको विरोध गरी एक चीन नीतिको समर्थन गरेको उल्लेख गर्दै कुनै पनि देशको आन्तरिक मामिलामा चीनको हस्तक्षेप नीति नभएको स्पष्ट पार्नुभयो ।

उपमन्त्री एवम् प्रतिनिधिमण्डलका नेतृ हेयानले नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागले पठाएको बधाई सन्देश अध्यक्ष बिजुक्छेँलाई हस्तान्तरण गर्नुभयो ।

उपमन्त्री हेयानले आफू तेस्रो पटक नेपाल आएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँको नेतृत्वमा नेपाल मजदुर किसान पार्टीले देश र जनताको इमानदारीपूर्वक सेवा गरिरहेको चर्चा गर्नुभयो ।

"चीनको भूमि थाइवानमा अमेरिकी हस्तक्षेपको नेपाल मजदुर किसान पार्टीले विरोध गरेको र एक चीन नीतिलाई समर्थन गरेकोमा चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु । चिनियाँ कम्युनिस्ट पार्टीका नेता महासचिव सिले मार्क्सवादी सिद्धान्तअनुसार चीनलाई अघि बढाउन सि विचारधारा प्रतिपादन गर्नुभएको हो । चीनले सबै जनतालाई धनी बनाउने समाजवादी विचारधाराअनुसारको आधुनिकीकरणलाई अगाडि बढाएको हो । पश्चिमी देशको आधुनिकीकरण धनी गरिबको दूरी बढाउने हो ।" उपमन्त्री हेयानले स्पष्ट गर्नुभयो ।

हेयानले थप्नुभयो, "पश्चिमी देशहरू वातावरणलाई विनाश गर्ने, युद्ध गर्ने र उपनिवेश बनाउने काम गरी धनी हुँदै छन् । चीनले त्यस्तो काम गर्दैन । चीनले वातावरण संरक्षण गर्दछ । चीनले मानव जातिको लागि दीर्घकालीन लक्ष्य 'एक क्षेत्र एक मार्ग अगुवाइ', 'विश्वव्यापी विकास अगुवाइ', 'विश्वव्यापी सुरक्षा अगुवाइ' र 'विश्वव्यापी सभ्यता अगुवाइ' लाई अघि बढाएको हो ।"

"महासचिव सिले चिनियाँ कम्युनिस्ट पार्टी बलियो बनाउन ध्यान दिनुभएको

***बाँकी पृष्ठ १२ मा***

## "पुँजीवादी सरकारहरूबाट बहुसङ्ख्यक कामदारवर्गको हित हुँदैन"




काठमाडौँ । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा प्रज्ञा भवनमा बुधबार प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपालको कम्युनिस्ट आन्दोलनलाई संशोधनवाद र अवसरवादबाट जोगाउन २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कम्युनिस्टहरू पुँजीवादी क्रान्तिलगत्तै समाजवादी क्रान्तिको लागि तयारी गर्छन् । रूसमा फेब्रुअरीको पुँजीवादी क्रान्तिपछि लेनिन नेतृत्वको बोल्शेविक पार्टी पुँजीवादी सरकारमा गएन र अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । पुँजीवादी सरकारमा गएको रूसको मेन्सेविक पार्टी समाप्त भयो ।"

सचिव सुवालले भन्नुभयो, "पुँजीवादी सरकारमा कम्युनिस्टहरू भागबन्डा खान जानु घुस खानुजत्तिकै हो । नेपालमा अहिले यही भइरहेको छ । किनभने, पुँजीवादी सरकारबाट कामदारवर्गको हित हुँदैन ।"

नेमकिपा लेनिनवादी नीतिअनुसार निर्वाचनलाई उपयोग गर्छ र पुँजीवादी सरकारमा नगई देश र जनताको पक्षमा सडक र संसद्मा सङ्घर्षरत छ उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "कामदारवर्गको सरकार, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसार ज्याला, शोषण गर्न नसक्ने व्यवस्था समाजवाद हो । यस अर्थमा नेकाको प्रजातान्त्रिक समाजवाद, एमाले र माओवादीको 'कम्युनिस्ट' आवरण देखाउने दाँत हो । समाजवादी दाबी गर्ने सबै शासक पार्टीहरू पुँजीवादी पार्टीको भागबन्डा खाँदै छन् ।"

एमाले प्रमुख विपक्षीको भूमिका निर्वाह गर्ने र संसदीय व्यवस्थाको मूल्यमान्यताअनुसार सरकारको विकल्प दिनेभन्दा पनि गठबन्धन सरकारसँग न्यायाधीशहरू भागबन्डा खाने, संवैधानिक नियुक्तिमा भागबन्डा लिने र संसदीय समितिको सभापति भागबन्डा खानेमा लाग्यो, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारीको समर्थन गर्नेहरू कम्युनिस्ट हुनसक्दैनन् । जन्मको आधारमा विदेशीलाई नेपालको नागरिकता दिने र ती विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने ऐन पारित गर्नेहरू कम्युनिस्ट हुनेछैनन् ।"

सचिव सुवालले भन्नुभयो, "हमासको प्रत्याक्रमण हुँदा इजरायलमा 'सिक्न र कमाउन' पठाइएका १० जना नेपाली विद्यार्थीको ज्यान गुम्यो भने एक जना विद्यार्थी बेपत्ता अवस्थामा छ । ७५ वर्षदेखि युद्ध भूमि इजरायलमा विद्यार्थी र युवालाई पठाउने प्रधानमन्त्री, मन्त्री, सचिव र सल्लाहकारहरू जिम्मेवार हुन् ।"

उहाँले भन्नुभयो, "प्यालेस्टिनको तेल र ग्यास खानी कब्जा गर्न इजरायली फासीवादले अमेरिकी साम्राज्यवादको हातहतियार ल्याएर प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेको हो ।"

नेपालको नदीनाला, जलविद्युत्, जङ्गल, खानी, गिटी ढुङ्गा कब्जा गर्न भारतीय विस्तारवाद र एकाधिकार पुँजीले भूमि कब्जा र नेपालीको संहार गर्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । भारतीय एकाधिकार पुँजीले नेपालको जङ्गल कब्जा गरिसक्यो, चुरेको गिटी ढुङ्गा कब्जा गर्दै छ । चुरे दोहन भए नेपालको तराई मरूभूमिमा परिणत हुनेछ, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले बिजुली उत्पादन नगरी नदीनाला

***बाँकी पृष्ठ १२ मा***

## "नेमकिपा वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा निरन्तर सङ्घर्षरत छ"

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले नेपाल कम्युनिस्ट आन्दोलनमा देखिएका वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा नेमकिपाले सम्झौताहीन सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समितिको आयोजनामा चाँगुनारायण नपामा शनिबार भएको भेलामा उहाँले एमाले र माओवादीहरू पुँजीवादी सरकारमा गएर जनताका हितविपरीतका कामहरू गरेर कम्युनिस्टहरूकै बदनाम गरिरहेका छन् भन्नुभयो ।

शासक दलहरूले जनताको हितमा कुनै काम गर्न नसकेको चर्चा गर्दै उहाँले भन्नुभयो, "किसानहरूको लागि चाहिने न रासायनिक मलको व्यवस्था गर्न सक्यो न मल कारखाना खोल्ने तयारी गऱ्यो । दाल, चामल, तरकारीसमेत विदेश निर्भर बनाएर शासक दलहरूले देशलाई आर्थिकरूपमा टाट पल्टाउने अपराध गरे ।"

वर्षको लाखौँ युवाहरूलाई स्वीकृति दिएर रोजगारीको निम्ति र उच्च शिक्षाको निम्ति विदेश पठाउने सरकारले नागरिकता विधेयक पारित गरेर विदेशीलाई सजिलै नागरिकता दिने राष्ट्रघाती काम गऱ्यो । नेमकिपाले सडक र सदनमा त्यसको निरन्तर विरोध गर्दै आएको छ, उहाँले भन्नुभयो ।

"समाजवादी व्यवस्थामा मात्र मजदुर र किसानहरूको हित हुने भएकोले तमाम पार्टी कार्यकर्ता र शुभचिन्तकहरूले पुँजीवादी व्यवस्थाविरुद्धको आन्दोलनमा निरन्तर लागिरहनुपर्छ । पार्टीका प्रकाशनहरू नियमित अध्ययन गरी आफूलाई वैचारिकरूपमा तयार गर्नुपर्छ ।" उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष गोविन्द दुवालले भक्तपुर जिल्लाको किसान आन्दोलनबारे जानकारी दिँदै नेमकिपाका अगुवाहरूको सामन्तवादविरोधी आन्दोलनको योगदानले नै किसानहरूले मोहियानी हक प्राप्त गर्न सफल भएको बताउनुभयो ।

वाग्मती प्रदेश सांसद गीता काफ्लेले नेमकिपालाई समाप्त गर्न खोज्नेहरू आफैँ समाप्त भएको इतिहासबारे स्पष्ट पार्दै नेमकिपा विचार र सिद्धान्तको पार्टी भएको र यो पार्टीलाई कसैले चाहेर नष्ट गर्न सक्दैन भन्नुभयो ।

उहाँले राजनीति देश र जनताको सेवाको निम्ति हो र नेमकिपाले नागरिकता विधेयक, एमसीसीजस्ता देशघाती विधेयक र सम्झौताहरूको विरोधमा आन्दोलन गरी जनतालाई राजनीतिकरूपले सचेत गर्ने काम गर्दै आएको छ भन्नुभयो ।

किसान सङ्घका सचिव हरिराम सुवालले नेमकिपा स्थापनाका आधार र जनताको पक्षमा गर्दै आएको योगदानबारे चर्चा गर्नुभयो ।



*हाम्रो समयको सबैभन्दा ठूलो समस्यामध्ये एक धेरैजना विद्यालय र महाविद्यालयमा पढ्छन् तर थोरै मात्र शिक्षित हुन्छन् ।*

*–थोमस मोर (काल्पनिक समाजवादी)*

## सम्पादकीय

# प्रतिनिधिसभा स्वार्थको केन्द्रभन्दा कर्तव्य पालनको थलो बनोस्

प्रधानमन्त्री प्रचण्डले आफ्नो सरकार तुलनात्मकरूपले राम्रो, व्यवस्थित, शान्ति-सुरक्षा र अमनचयन भएको बताउन कुनै कसर बाँकी राख्नुभएन । तर, व्यवहारमा र जिल्लाजिल्लामा हत्या, हिंसा, भ्रष्टाचारजस्ता अप्रिय घटनाहरूबाट अखबारहरू भरिएका हुन्छन् । सम्भवत: हाम्रा सबै प्रधानमन्त्रीहरू बढी मनोगतवादी भएर हो वा राणा शासनका शासकहरूजस्तै चिप्लो घस्नेहरू र खुसामदी कार्यकर्ताहरूकै रिपोर्ट र सल्लाहलाई सही मान्ने प्रविधिको उपजको कारण प्रधानमन्त्रीहरू असफल भएका हुन् !?

नेपाली समाजमा आहान छ - 'बत्तीमुनि अँध्यारो' ! १५ माघ २०८० को नागरिक दैनिकले लेख्यो- 'सरकारी कर्मचारी नै मानव तस्करीमा !', 'अध्यागमनका ९ सहित २२ जनालाई मुद्दा चलाउन प्रहरीको राय ।'

समाचारमा भनिएको छ, 'दोषी देखिएका २२ मध्ये १० जना प्रहरी नियन्त्रणमा छन् भने १२ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ' ।

सरकारी कर्मचारीहरू कसरी एकपछि अर्को भ्रष्टाचारी बन्दै छन् ? सरकार बदल्दै जाँदा मन्त्री वा शासकहरूले आफ्ना मानिसहरू घुसाउँदै गए, तिनीहरूले आफ्ना मन्त्रीलाई बरोबर घुसको रकम पुऱ्याउँदै काठमाडौँमा घर बनाउँदै गए, तराईमा भन्सारको कर्मचारी वा सुराकीको सङ्ख्या बढाउँदै गए । त्यसको परिणाम भन्सारको आम्दानी कम हुँदै गयो र अपराधीहरू पनि छुट्दै गए । देशले बर्बादी भोग्दै गयो ।

दोषी को ? पहिले राणा शासन, पछि नेपाली काङ्ग्रेस, पञ्चायती शासकहरू, त्यसपछि एमाले अनि रङ्गी बिरङ्गी समाजवादीहरू ! यसकारण, दोष प्रधानमन्त्री, मन्त्री र शासक दलहरूले जिम्मेवारी लिनैपर्ने हुन्छ ।

'भ्रष्टाचार नियतले २८ हजार लाइसेन्स बिनाविवरण दर्ता' शीर्षकको समाचारमा यातायात व्यवस्था विभागले अवैध ढङ्गले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) जारी गरेको मात्र देखिएको छैन, भविष्यमा कुनै पनि बेला जो कोहीका नाममा जारी हुनसक्ने गरी २८ हजार ४ थान लाइसेन्सको नम्बर मात्र इन्ट्री गरेको पाइएको छ ।

समाचारले १० जना महानिर्देशकहरूको तस्बिर, नाम र भ्रष्टाचार गर्ने नियतले दर्ताबिनाको लाइसेन्सको थान पनि उल्लेख गरेको छ, (नागरिक १५ माघ २०८०) ।

राजनैतिक दलभित्र सैद्धान्तिक शुद्धता नहुँदा आपसमा नेतृत्वको झगडा र स्वार्थको कारण शासक दलहरू विभाजित छन् र त्यही मौका छोपी देशी र विदेशी भक्तहरू सबै शासक दलका छिद्रहरूबाट पस्दै गए । ती छिद्रहरूबाट पसेका 'बहादुर' र 'युवाहरू' 'ज्यान दिन तयार छौँ', 'लाल सलाम' र 'जय नेपाल' भन्दै ठाउँठाउँमा पुगे । पार्टीका नेताहरूलाई देशभक्ति र इमानदारीबारे पाठ सिकाउनै फुर्सदै भएन । जे गरेर भए पनि पैसा कमाउने उद्देश्यबाट प्रेरित भएर भ्रष्टाचार गर्नु नै उनीहरूले एकमात्र उपाय देखे । सोअनुसार सबै मन्त्रीहरू त्यसैको निम्ति दलहरूमा मारकाट र लडाइँ - झगडा एवं फुट हुँदै गए ।

देशको अपराध नियन्त्रणको एक मुख्य संस्था प्रहरी हो । तर, सुन्दा पनि आश्चर्य लाग्ने समाचार आयो - '१२ वर्षदेखि अध्यागमन - प्रहरी कलह, कुटाकुटमा दोषी को ?' (नागरिक दैनिक- १४ माघ २०८०) ।

१२ वर्षसम्म प्रहरी संस्था सम्हाल्ने गृहमन्त्री र आइजीहरू कसरी बेखबर थिए होलान् ! खबर थियो भने समयमै किन समाधान भएन ?

राजनीतिक दल, प्रहरी, सेना, सिंहदरबार, प्रदेश र जिल्लाका सरकारी कार्यालयहरू सबै कलहमै डुब्ने हो भने स्वाभाविकरूपले शत्रु देश पस्ने भयो । 'चाणक्य' आज पनि जीवितै छ । शत्रु सेना सीमाको भन्सार चौकी र प्रहरी चौकी हुँदै सिंहदरबार पस्छ । विदेशी नागरिकलाई समेत 'जन्मसिद्ध' नागरिकको नागरिकता दिनेमा राष्ट्रपति रामचन्द्र पौडेलले हस्ताक्षर गरेपछि शीतल निवासमा को को छन् भने हस्ताक्षर नै गर्नु परेन ! 'तीन महिनामा १३०० एनआरएनले लिए नेपाली नागरिकता', 'उपत्यकाका तीन जिल्लाबाट मात्रै करिब ६०० नागरिकता वितरण' (नयाँ पत्रिका- ११ माघ २०८०) ।

प्रधानमन्त्री दाहालको अदालतविरुद्धको भनाइलाई अवहेलना होइन, राजनैतिक खपतको अभिव्यक्ति बताइयो' (नागरिक दैनिक, १४ माघ २०८०) ।

१५ माघ २०८० को राजधानीले 'प्रधानमन्त्री प्रचण्डलाई सर्वोच्चको सन्देश' छाप्यो । अदालतका नजिरहरू उल्लेख गर्दै अदालतको चेतावनीको भाषामा फैसलामा भनिएको छ- 'धम्कीको भाषा, त्रासमा पार्ने खोज्ने चेष्टा अदालतको आदेश नमान्ने सार्वजनिक चुनौती, जनमानसमा भ्रम पैदा हुने खालका उत्तेजनापूर्ण अभिव्यक्ति दिने वा प्रकाशन गर्ने कार्यबाट कोही कसैको पनि वैधानिक हितको संरक्षण हुन सक्तैन ।'

यसरी सरकारका महत्त्वपूर्ण संस्थाहरू तथा कार्यपालिका र न्यायपालिका बिचमै अन्योल र विधानपालिकासमेत सुस्त देखिनु देश र जनताको निम्ति राम्रो लक्षण देखिन्न ! जनता संसद्लाई स्वार्थको केन्द्रभन्दा कर्तव्यको थलो बनेको हेर्न चाहन्छन् ।

# प्रजातन्त्रलाई बलियो बनाउन स्थानीय तहलाई अधिकार दिनुपर्ने

✍ **प्रेम सुवाल**

सिन्धुपाल्चोक जिल्लाको लिसङ्खुपाखर गाउँपालिका वडा नं. ४ र काभ्रेपलान्चोक जिल्लाको मन्दनदेउपुर नगरपालिकाको सिपाघाटमा पुस्तौँदेखि जोतिआएका किसानहरूको जग्गा नापी रोकिएको ४२ वर्ष भयो । स्थानीय किसानहरूले आ-आफ्नो जग्गाको स्वामित्व अहिलेसम्म पाएनन् । भूकम्पको बेला राहत र सहुलियत ब्याजको ऋण पाएनन् । सरकारले ती ठाउँमा तत्काल नापी टोली पठाएर किसानको समस्या समाधान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।

अव्यवस्थित बसोबासको नाममा सार्वजनिक जग्गामा घर भवन बनाएर बसेकाको सदर हुने तर देशको कतिपय ठाउँमा पुस्तौँदेखि भोग चलन गरिआएको जग्गा किसानले नपाउने पक्षपात सरकारले गर्नुभएन ।

स्थानीय तहको स्वायत्तता र विकेन्द्रीकरणविना प्रजातन्त्रको जग बलियो हुनेछैन । स्थानीय तहमा आवश्यक कर्मचारी स्थानीय तहबाटै नियुक्ति हुने कानुनी व्यवस्था गर्नु आवश्यक छ । सङ्घ र प्रदेशले स्थानीय तहमा हस्तक्षेप गर्नु हुँदैन ।

स्थानीय तहका जनप्रतिनिधिहरूले आफ्ना भाइछोरालाई जागीर दिन्छन् भन्ने बहाना राखी सङ्घ र प्रदेशले कर्मचारी भर्नाको अधिकार स्थानीय तहलाई नदिनु पनि प्रजातन्त्रविरोधी हो । आवश्यकतानुसार कर्मचारी भर्नाको अधिकार स्थानीय तहलाई दिनु आवश्यक छ । बरु अनियमितता र पक्षपात गर्नेलाई कारबाहीको व्यवस्था कानुनमा गरौँ । अहिले सिंहदरबारमा एउटै जाति र भाषाका कर्मचारीहरू नियुक्ति भइरहेको हुँदा जनताको विरोध छ । सरकारले स्थानीय तहलाई आरोप लगाउनु ठीक होइन ।

संविधानको साझा सूचीमा शिक्षा पनि उल्लेख छ । साझा सूचीको काम सङ्घले मात्र गर्न पाउने होइन, स्थानीय तहलाई पनि गराउन मिल्छ । भक्तपुर नगरपालिकाले २४ वर्षदेखि सात हजार विद्यार्थीसहितका कलेज र शैक्षिक संस्थानहरू सञ्चालन गरिरहेको छ । भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालनमा रोक लगाउनु भएन ।

२०७२ को भूकम्पपछि जिल्ला जिल्लामा धेरै विद्यालय र कलेज भवन, सडक र अन्य पूर्वाधारहरू निर्माण भए । तर, विद्यार्थी सङ्ख्या ५०-१०० पनि नभएका धेरै शिक्षण संस्थाहरू छन् । छोराछोरी लिएर सहरमा पढाउने अभिभावकहरू बढ्दो छ । सरकारले जिल्ला जिल्लाका सार्वजनिक विद्यालयहरूलाई गुणस्तरीय बनाउनु आवश्यक छ ।

पूर्वमुख्यसचिवको प्रस्तुतिमा सरकारमा दलालको प्रभाव बढेको उल्लेख भयो । सांसद र जनताको आवाज सरकारबाट सुनुवाइ नभएको हुँदा सरकारमा दलालको प्रभाव बढेको हो । गणतन्त्र आउनु अगाडि मन्त्रालयको समीक्षा बैठकमा भक्तपुर नगरपालिकाले इन्जिनियरिङ कलेजसमेत सञ्चालन गरेर जनताको सेवा गरेको विषय प्रस्तुत गऱ्यो । तत्कालीन एक सहसचिवले 'कलेजहरूले भक्तपुर नगरपालिकालाई खाने' अभिव्यक्ति दिए । उनलाई गैरसरकारी संस्थाहरूले सरकारको समानान्तर बजेट सञ्चालन गरी देश खाइरहेको तर्फ चिन्ता भएन ।

प्रधानमन्त्रीहरूले मुख्य सचिवलाई राजीनामा गराई विदेशी सङ्घ संस्थामा डलर तलब खाने गरी जागीरमा पठाउनु गलत हो । परराष्ट्र मन्त्रालयलाई वैदेशिक रोजगारी खोज्ने जिम्मा दिनु म्यानपावर कम्पनीजस्तै बनाउनु हो । नेपाली युवा विदेशी सेना 'गोर्खा भर्ती' र रोजगारीमा जान जन्मेका होइनन् । एकसय वर्षदेखि युद्धभूमि इजरायलमा नेपालीलाई रोजगारीमा पठाउने सरकारका अधिकारीहरू नै दोषी हुन् । गोर्खाभर्तीलगायत इजरायल, युक्रेन, अमेरिका, फ्रान्स र रूसको सेनामा नेपाली युवाको भर्ती गर्न पठाउने अधिकारीहरूलाई कारबाही गर्नु जरुरी छ । गोर्खा भर्ती अविलम्ब खारेज गर्नु आवश्यक छ ।

भारतीय प्रधानमन्त्री नेपाल आउँदा नेपालको नदी र जलविद्युत् दिनुपर्ने र नेपालका प्रधानमन्त्री भारत जाँदा पनि नेपालको नदी र जलविद्युत् भारतलाई दिनुपर्ने अवस्था तत्काल खारेज हुनु पर्दछ । प्रधानमन्त्रीको भारत भ्रमणमा फुकोट कर्णाली भारतलाई दिइएको देशघात नै हो । ११२ वर्षका सरकारहरूले जम्मा ६६२ मेगावाट मात्र बिजुली उत्पादन गर्नुले आजसम्मका सबै सरकारहरू नालायक भएको पुष्टि हुन्छ । भक्तपुर औद्योगिक क्षेत्रका उद्योगहरूबाट ध्वनि, धुवाँ, रसायन प्रदूषण फैलाइएको हुँदा सरकारी बजेटमा दुई पटक प्रतिबद्धता गरिएअनुसार भक्तपुर औद्योगिक क्षेत्र अविलम्ब स्थानान्तरण गर्न गराउन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

शासक दलका नेताहरू सिंहदरबारको कार्यकारी कुर्सीमा पुगेपछि राजा र तानाशाहजस्तै भएको जनताको गुनासो छ । विद्यालय शिक्षा विधेयकमा स्थानीय तहको अधिकार खोसेर जिल्ला शिक्षा एकाइ पुन:स्थापना हुने प्रस्ताव गरिएको हुँदा देशव्यापी विरोध भइरहेको छ ।

चार हजार स्थानीय निकायलाई ७५३ ओटा स्थानीय तह हुने गरी घटाइयो, तर एउटा सिंहदरबारलाई ८ ओटा बनाइएको र आर्थिक स्रोत र अधिकारसमेत नदिइएको हुँदा प्रदेश सरकारको औचित्यमाथि प्रश्न उठिरहेको छ । नेपालीहरू दैलोबाट निस्कँदा मन्त्रीसँग ठोकिने स्थिति आयो भनी विरोध गर्दै छन् । यतातिर सरकारको ध्यान जानु आवश्यक छ ।

सत्ता गठबन्धनले आ-आफ्नो घोषणापत्रअनुसार सङ्घीयता कार्यान्वयनबारे साझा प्रस्ताव तयार गरी विपक्षी दलहरूको सुझाव लिनु उपयुक्त हो । सङ्घीयता कार्यान्वयनबारे सत्ता गठबन्धनका दलहरूकै फरक फरक विचार आउनु गलत हो । सत्ताको भागबण्डाजस्तै सत्ता गठबन्धनका दलहरूबिच जिम्मेवारी पनि भागबन्डा हुनु आवश्यक छ । ०७२ सालयता मन्त्री भइसकेकाहरूले सुझाव दिनुभन्दा पनि सङ्घीयता कार्यान्वयनको लागि आफूहरूबाट के कस्तो काम भयो । प्रस्तुत गर्नु उपयुक्त हुनेछ ।

*(प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा २०८० माघ १४ गते सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण परिमार्जनसम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राख्नुभएको विचारको सार - सं.)*

### काठमाडौँमा जनसङ्ख्याकेन्द्रित गरिएको हुँदा नदी प्रदूषण बढ्यो

सभ्यहरूले नै सभ्यताको संरक्षण गर्छन् । विज्ञहरूले वाग्मती सभ्यता स्खलित हुनुमा अव्यवस्थित सहरीकरण, फोहरमैला नदीमा विसर्जन, नदी साँघुरो हुने गरी किनारको जग्गा अतिक्रमण, नदी उकासको जग्गा अतिक्रमण, नदीको बालुवा चोरी, नदी किनारमा बस्ती, नदी वरपर अव्यवस्थित बसोबास आदि उल्लेख गरे । ४०-५० वर्षअघि काठमाडौँ उपत्यकाका नदीहरू नुहाउन मिल्ने गरी जीवन्त भएको र अहिले ढल बगिरहेको सत्य साँचो हो ।

काठमाडौँ उपत्यकाका १४ ओटा नदीहरूको दुरवस्थाले विकासको अर्थ बस्ती विस्तारमात्र नभएको बरू पर्यावरण संरक्षण नै मुख्य भएको देखायो । देशभरि नै आवास विकाससँगै फोहोर ढल, उपचार पोखरी र फोहोरमैलाको व्यवस्थापन भइसकेपछि मात्र स्थानीय तहले घर बनाउन दिनुपर्ने आवश्यकता तड्कारो देखियो ।

काठमाडौँ उपत्यकाका पुराना बस्ती जोगाउन देशभरि नै सहरको विकास गर्नु जरुरी छ । काठमाडौँ उपत्यकामा बाहिरी चक्रपथ बनाएर बस्ती विकास गरिए फोहर ढल र फोहरमैलाको समस्या थप विस्फोट हुनेछ । काठमाडौँ उपत्यका विकास प्राधिकरणले फोहर ढल उपचार र फोहरमैला व्यवस्थापनबारे चासो नराखी निजी प्लटिङ गर्न दिएको गलत हो । काठमाडौँ उपत्यका विकास प्राधिकरणको यो गलत कामबारे थाहा पाएकाहरूले यसको नाम 'काठमाडौँ उपत्यका निजी प्लटिङ विकास प्राधिकरण' राख्नुपर्ने बताए । यस्तो सरकारी कार्यालय खारेज गर्न मन्त्रीजीको ध्यानाकर्षण गराउन चाहन्छु ।

७५३ ओटा स्थानीय तहलाई आवश्यकताअनुसार आ-आफ्नो क्षेत्रमा आवास विकास गराउन सरकारले आर्थिक, भौतिक र प्राविधिक सहयोग गर्ने व्यवस्था आवश्यक छ । यसरी देशको सन्तुलित विकास गरिए मात्र अहिले दाल, चामल, तरकारी आयातमा भइरहेको खर्बौं रुपैयाँको व्यापार घाटा नियन्त्रण हुनेछ ।

काठमाडौँ उपत्यकामा बढ्दो जनसङ्ख्यासँगै ध्वनी, धुवाँ, रसायन प्रदूषण बढ्दो छ । २० वर्षको वाग्मती कार्ययोजना पूरा नहुँदै काठमाडौँ उपत्यकावासी बढ्दो प्रदूषणको कारण मुटु, मिर्गौला, घाँटी, फोक्सो आदि रोगबाट धेरै मर्नेछन् । त्यस्तो स्थिति आउन नदिन संविधान संशोधन गरेर नेपालीलाई आ-आफ्नो जिल्लाभित्र मात्र घरजग्गा किनबेच गर्न पाउने व्यवस्था गर्नुपर्दछ । सरकारले ७५३ वटा पालिकाहरूमा सहर विकास गर्न आवश्यक बजेट व्यवस्था गरिदिनु पर्दछ ।

काठमाडौँ उपत्यकामा सन् २०२२ सम्म ३७ लाख जनसङ्ख्या भएको बताइयो । अहिले यो जनसङ्ख्या दुई गुणा पुगिसकेको हुनुपर्दछ । धेरै जनसङ्ख्या एकै ठाउँमा केन्द्रित गराउनु हुँदैन । नेपाली भनाइ छ- 'एउटै टोकरीमा सबै फुल राख्नु हुँदैन ।' इजरायलीद्वारा प्यालेस्टिनको भूमि कब्जा र जातीय नरसंहार भइरहेको छ, बमवर्षा भइरहेको छ । नेपालमा त्यस्तो विपत्ति नहोला भन्न सकिँदैन । अर्को भूकम्प गए यहाँ ठूलो क्षति हुनेछ । अर्थात् लाखौँलाख काठमाडौँवासीको एक चिहान हुनेछ । यतातिर सहरी विकास मन्त्रालय सचेत हुनुपर्दछ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० माघ १५ गते सहरी विकास मन्त्री सीता गुरुङको अध्यक्षतामा भएको २० वर्षे वाग्मती कार्ययोजना (२०८०-२१००) बारे छलफलमा दिनुभएको सुझाव-सं)*

# भिजिट भिसाको नाममा मानव तस्कर !




**शुक्र**

भिजिट भिसाको नाममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनप्रतिदिन नेपाली युवाहरूको तस्करी भइरहेको छ । अध्यागमनका कर्मचारी, प्रहरी र एयरलाइन्सका कर्मचारीहरूको मिलेमतोमा नक्कली कागजात बनाएर दैनिक २०० जना नेपाली युवालाई खाडीलगायतका मुलुकमा पठाइँदै छ ।

यो विषयमा सीआईबीको टोलीले अनुसन्धान गऱ्यो । अनुसन्धानको क्रममा अध्यागमन अधिकृतसहित एयरलाइन्सका कर्मचारी र बिचौलिया पक्राउ परे । मानव तस्करीको गिरोहले तयार गरेको नक्कली कागजातमा अध्यागमनका कर्मचारीले केही नहेरी अनुमति दिएको समाचार छ । अध्यागमनका कर्मचारीहरूले त्यसबापत प्रतिव्यक्ति ५० हजार रूपियाँसम्म लिने गरेको तथ्य फेला परेको छ । घुस बापतको रकम गिरोहले सिनामङ्गलको एक होटेलमा छोड्ने र केही समयपछि नै अध्यागमनका कर्मचारी आएर लिने गरेको अनुसन्धानले देखाएको छ । यही सिलसिलामा प्रहरीले अध्यागमन अधिकृत नरवीर खड्कालाई घुस लिएको रकमसहित पक्राउ गऱ्यो ।

अध्यागमन अधिकृत खड्कासँग तस्करले तयार गरेको सूची भेटियो । आपराधिक कार्यमा दररेट नै तोकेर रकम उठाउने सरकारी कर्मचारी शासक दलकै कार्यकर्ता रहेको अनुमान छ । अनुसन्धानको क्रममा अध्यागमनका कर्मचारीलाई प्रतिवादी नबनाउन शासक दलहरूबाट प्रहरीलाई दबाब आएको पनि समाचार छ । प्रहरी प्रतिवेदनमा भने अध्यागमनका नौ अधिकृतसहित २२ कर्मचारीलाई कारबाही गर्नुपर्ने उल्लेख छ । तीमध्ये १० जना पक्राउ परिसकेका छन् । केही सरकारी सेवामै कार्यरत छन् । तिनलाई प्रहरीले फरार भनेको छ । तिनलाई पनि पक्राउ गरेर जेल पठाउनुपर्ने जनताको माग हो ।

पक्राउ परेका ट्राभल एजेन्सी र कन्सलटेन्सीका सञ्चालकहरूले प्रहरीलाई प्रतिव्यक्ति १०-१० हजार रूपैयाँ, एयरलाइन्सलाई १०-१० हजार रूपैयाँ र अध्यागमनका कर्मचारीलाई ५५ हजार रूपैयाँ दिने गरेको समाचार छ ।

नक्कली कागजात बनाउने काममा एयरलाइन्सका कर्मचारी पनि संलग्न छन् । भिजिट भिसामा यात्रा गर्न दुईतर्फको टिकट चाहिनेमा एयरलाइन्सका कर्मचारीको मिलेमतोमा एकतर्फको सक्कली टिकट बनाउने र थप १० हजार रूपियाँ लिएर अर्को नक्कली बनाउने गरेको भेटियो । यसअघि त्रिभुवन विमानस्थलबाट प्रहरी र कर्मचारीकै सेटिङमा किलोका किलो सुन तस्कर भएको थियो । मानव तस्करीमा नेपाल प्रहरी नै संलग्न भएबाट नेपालमा सुरक्षा चुनौती देखिएको जानकारहरू बताउँछन् ।

# विदेशमा बसेका नेपालीहरू र उनीहरूको मताधिकार प्रश्न

✍ **विवेक**

अहिले राजनैतिक वृत्तमा एउटा शब्द निकै चर्चामा छ, 'मिसन – ०८४'। प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएको भर्खरै एक वर्ष पूरा भयो। केही प्रतिपक्ष दलहरूले जनतालाई चार वर्षपछिको सपना देखाउन थालेका छन्। अहिले भइरहेका जनविरोधी कार्यहरूको विरोध गर्नुको सट्टामा पछिल्लो निर्वाचन देखाएर ती दलहरूले जनतालाई के सन्देश दिन खोजेका हुन्? स्वतन्त्र पार्टी नयाँ भएकोले उसले त भन्न सक्छ तर संसद्को दोस्रो र प्रमुख प्रतिपक्ष एमालेसमेतले 'मिसन – ०८४' भनेर कुर्लेको भन्ने आश्चर्यको विषय हो।

**अध्ययन र रोजगारीका क्रममा ७० लाखभन्दा बढी नेपाली युवाहरू विदेशमा छन्। गत आ.व. २०७९।८० को मात्र तथ्याङ्क हेर्ने हो भने श्रम मन्त्रालयको स्वीकृति लिएर विदेश जानेको सङ्ख्या करिब आठ लाख र शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर विदेशमा उच्च शिक्षा हासिल गर्न जाने विद्यार्थीहरूको सङ्ख्या एक लाख दश हजार थियो। एक वर्षमा मतदान योग्य झण्डै नौ लाख युवाहरू श्रम र शिक्षाको लागि बाहिरिने गरेको छ। ती युवाहरू कतिवटा देशमा के के काम गरिरहेका छन् भन्नेसम्म सरकारले आधिकारिक तथ्याङ्क सार्वजनिक गर्न सकेको छैन। अनुमानको भरमा ७०।८० लाख भन्ने गरेको पाइन्छ। यथार्थमा त्योभन्दा बढी हुन सक्छ।**

यहाँ चर्चा गर्न खोजिएको विषय हो, विदेशमा बस्ने नेपालीहरूलाई मताधिकार दिने सम्बन्धमा। यसबारे एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी दुवैले आगामी २०८४ को निर्वाचनमा विदेशमा बसेका सबै नेपाली नागरिकलाई मताधिकार दिनुपर्नेमा जोड दिइरहेका छन्। सत्ता पक्षका नेताहरूको धारणा भने अलि फरक देखिन्छ। सत्ता पक्षका केही नेताहरू अहिले नै त्यस्तो गर्न केही स्रोत साधन र प्राविधिक दृष्टिले समस्या हुन सक्ने बताउँछन्।

- प्राविधिक दक्षता र आर्थिक स्थायित्वको कुरा हेर्नुपर्छ। यो तत्काल हुन सक्ने देखिँदैन - *राधेश्याम अधिकारी, नेकाका नेता।*
- मतदानको अधिकार दिने कुरा बेठिक नभए पनि हाम्रो देशको परिस्थितिले धान्न सक्दैन - *राजेन्द्र पाण्डे, उपाध्यक्ष एकीकृत समाजवादी।*
- भावनामा बगेर मात्र नहुने व्यवहारमा कार्यान्वयन गर्न समय लाग्छ - *माओवादी नेता माधव सापकोटा*
- देशभित्र जसरी मतदाताले मतदान गर्न पाउँछ त्यसरी नै समान ढङ्गले प्रतिनिधि चुन्ने र चुनिन पाउने व्यवस्था गर्नुपर्छ- *विष्णु पौडेल, उपाध्यक्ष* ।

अबको चुनावमा प्रवासी नेपालीले मतदान गर्ने सुनिश्चित गर्नुपर्छ - *रास्वपा, गणेश पराजुली सांसद। (नयाँ पत्रिका माघ ९)*

उपर्युक्त पाँच नेतामध्ये नेका, एकीकृत समाजवादी र माओवादी अहिले सरकारमा छन्। ती नेताहरू अहिले नै मताधिकार दिन नसकिने बताइरहेका छन् भने एमाले र स्वतन्त्र पार्टी प्रतिपक्षमा रहेकोले होला तत्काल दिनुपर्नेमा जोड दिइरहेका छन्। यी भनाइहरू गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले माघ ८ गते राजधानीमा आयोजना गरेको एक कार्यक्रममा व्यक्त भएका हुन्।

अध्ययन र रोजगारीका क्रममा ७० लाखभन्दा बढी नेपाली युवाहरू विदेशमा छन्। गत आ.व. २०७९।८० को मात्र तथ्याङ्क हेर्ने हो भने श्रम मन्त्रालयको स्वीकृति लिएर विदेश जानेको सङ्ख्या करिब आठ लाख र शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर विदेशमा उच्च शिक्षा हासिल गर्न जाने विद्यार्थीहरूको सङ्ख्या एक लाख दश हजार थियो। एक वर्षमा मतदान योग्य झण्डै नौ लाख युवाहरू श्रम र शिक्षाको लागि बाहिरिने गरेको छ। ती युवाहरू कतिवटा देशमा के के काम गरिरहेका छन् भन्नेसम्म सरकारले आधिकारिक तथ्याङ्क सार्वजनिक गर्न सकेको छैन। अनुमानको भरमा ७०।८० लाख भन्ने गरेको पाइन्छ। यथार्थमा त्योभन्दा बढी हुन सक्छ।

मताधिकार राजनैतिक अधिकार हो। उमेर पुगेका सबैले आफ्नो अधिकार प्रयोग गर्न पाउनुपर्छ भन्ने कुरामा कसैको विवाद नहोला। मताधिकारको अर्थ निर्वाचनमा उम्मेदवार बन्न पाउने अधिकार पनि हो। त्यो कानुन र संविधानले सुनिश्चित गरेको विषय पनि हो। संसारका धेरै देशहरूमा नेपाली युवाहरू श्रम गर्न र पढ्न गइरहेका छन्। ती सबैलाई नेपालमा बसेकाहरूले जस्तै समान ढङ्गले अहिले नै मतदानको बन्दोबस्त गर्न के आर्थिक र प्राविधिक दृष्टिले सम्भव छ? यो अहिलेको महत्त्वपूर्ण सवाल हो।

निर्वाचनको लागि चाहिने मत बाकस, मतपत्र, मसी, गाडीहरूसमेत विदेशबाट सहयोग स्वरूप ल्याउने गरेका नेपालको यथार्थ हो। विदेशी सहयोगविना निर्वाचनै सम्पन्न गर्न नसक्ने अवस्थामा देश पुगिसक्यो। त्यसैले देशको आर्थिक स्थिति, उपयुक्त प्रविधि र दक्ष जनशक्तिको पर्याप्त उपलब्धता नै विदेशमा बस्ने सबै नेपालीलाई मताधिकार दिने पहिलो सर्त हुनुपर्छ। सरकारमा बस्दा एउटा कुरा प्रतिपक्षमा बस्दा अर्को कुरा गर्नु राजनैतिक नैतिकता होइन। राजनैतिक दलका नेताहरूको दोहोरो चरित्र नै देशको आजको समस्या हो।

नेपाल सरकारको बजेटमा राजश्व चालु पुँजीको लागि समेत उठ्दैन। कर्मचारीलाई तलब खुवाउनसमेत ऋण लिएर खुवाउनुपर्ने अवस्था छ। बजेट अभाव देखाउँदै शिक्षा मन्त्रालयले कक्षा ६ का विद्यार्थीलाई खुवाउँदै आएको खाजा खर्च कटौती गर्यो भने स्वास्थ्य मन्त्रालयले वीर अस्पतालमा १०० वर्ष अघिदेखि खुवाउँदै आएको बिरामीलाई खाना खर्च कटौती गर्यो। यस्ता आर्थिकरूपमा दयनीय अवस्थामा पुगेको देशले विदेशमा बसेका सबै नेपालीहरूलाई मताधिकारको व्यवस्था गर्नेतर्फ लागे देश आर्थिक रूपमा छिटै टाट पल्टिनेछ। विदेशी राजनीतिक चलखेल अनियन्त्रित रूपमा बढ्नेछ।

रास्वपाले विदेशमा बस्ने सबै नेपालीलाई मताधिकार दिने विषयलाई मुख्य मागको रूपमा उठाइरहेको छ। एमालेले त्यसलाई साथ दिइरहेको छ। प्रश्न के हो भने एमालेको तर्फबाट माधव नेपाल, झलनाथ खनाल, केपी ओली पटक पटक देशको प्रधानमन्त्री भए। त्यसबेला यो विषय प्राथमिकतामा किन परेन? जवाफ एमाले नेताहरूले जनतालाई दिनुपर्छ।

विश्वका कतिवटा देशमा नेपाली राजदूतावास छन्? ती दूतावासमा मतदानको व्यवस्था गर्न कति सम्भव छ? दूतावास नभएका देशमा बसेका नागरिकहरूलाई कुन विधि अपनाएर मतदान गराउने र प्रतिव्यक्ति मतदानको लागि कति खर्च लाग्ने हो? त्यो खर्च व्यहोर्न अर्थमन्त्रालय तयार छ कि छैन? कानुनले मतदानको सुनिश्चितता गरी सकेपछि त्यो बन्दोबस्त सरकारले गर्न सकेन भने मतदानबाट बञ्चित मतदाताहरूले अदालतमा मुद्दा दिएर निर्वाचनको परिणाम घोषणा गर्न महिनौं होइन वर्षौं लगाउन सक्छ। त्यसतर्फ पनि सम्बन्धितहरूको ध्यान जानु जरुरी छ।

मताधिकार दिने बेला समानुपातिक मात्रै कि प्रत्यक्षसमेत भन्ने पनि प्रश्न उठ्न सक्छ। दुवैमा दिने हो भने विदेशमा पनि त्यहीअनुसार सुरक्षाको सम्पूर्ण बन्दोबस्त हुनुपर्यो। समानुपातिकमा मात्रै दिँदा असन्तुष्टहरू अदालतमा जान सक्छन्। प्रत्यक्षमा दिएको खण्डमा धेरै निर्वाचन क्षेत्रहरूको परिणाम प्रभावित हुने मात्र होइन उम्मेदवार बनाउने अधिकार पनि दिनुपर्ने हुन्छ। त्यो अधिकार दिइएको खण्डमा नेपालभित्रबाट भन्दा विदेशबाट उम्मेदवार हुनेहरूको सङ्ख्या बढ्नेछ।

सरकार अहिलेसम्म पनि विद्युतीय मतदानप्रति त्यति विश्वस्त हुन सकिरहेको छैन। हरेक पटकको निर्वाचनमा विद्युतीय मतदानको चर्चा हुन्छ तर एकाध निर्वाचन क्षेत्रमा बाहेक त्यो लागू गर्न सकेको छैन। त्यस्तो अवस्थामा विदेशमा अनलाइनमार्फत वा विद्युतीय मतदानको सम्भावना र त्यसको विश्वसनीयता कतिको हुन्छ? यसबारे पनि स्पष्ट हुनु जरुरी छ। अति विकसित मुलुकहरूमा समेत ह्याक गरेर निर्वाचनमा हार्नेलाई जिताएको र जित्ने हारेका समाचारहरू आइरहेका छन्। नेपाल जस्तो प्रविधिमा अति कमजोर देशमा त्यसरी नै गर्यो भने निर्वाचन परिणाम के होला?

नेपाल भारतबिच खुल्ला सीमा छ। नेपालीहरू कति भारतमा गएर श्रम र शिक्षा हासिल गरिरहेका छन्। सरकारले एकिन तथ्याङ्क दिन सकेको छैन। यस्तो अवस्थामा भारतमा बसेका लाखौं नेपालीहरूले नेपालको निर्वाचन परिणामलाई प्रभावित पार्न सक्छन्। यसले नेपालको सरकार गठन र विघटनको साँचो पनि विदेशमा बस्ने नेपालीहरूको हातमा पुग्ने सम्भावना रहन्छ।

लामो समय विदेशमा बसेका नेपालीहरूमा विदेशी राजनीतिको प्रभाव परेकै हुन्छ। मताधिकारसँगै नेपालको राजनीतिमा साम्राज्यवादी र विस्तारवादीहरूको स्वार्थ अनुकूलको राजनीतिले नेपालमा खुला प्रवेश पाउनेछन्। त्यतिबेला नेपालीको भावना बुझेका होइनन् कि विदेशीले चाहेका नेताहरू अहिले भन्दा खतरनाक ढङ्गले अगाडि आउनेछन् र नेपालको भूमि विदेशी राजनीतिक चलखेलको केन्द्र बन्ने निश्चित छ।

निर्वाचनको बेला अहिलेको भन्दा कैयौँ गुणा एनजीओ आइएनजीओहरू परिचालित हुनेछन्। तिनीहरूले नेपालका नेताहरूलाई बेकम्मा सावित गरिदिनेछन् र युक्रेनमा जेलेन्स्की जस्ता पात्रहरूलाई नेता बनाएजस्तै नेपाली जनताकै मतबाट नेपालको राजनीतिको साँचो त्यस्ता व्यक्तिहरूको हातमा सुम्पिने छ। त्यसपछि अहिले युक्रेनी जनताले जस्तो दु:ख भोगिरहेका छन्, नेपाली जनताले त्यो दुर्दशा भोग्नुपर्नेछ। त्यतिबेला नेपालको अस्तित्वमाथि नै प्रश्न उठ्नेछ।

निर्वाचन आयोगले आफ्नो जिम्मेवारीअनुसार निर्वाचन ऐनमा सुधार गर्न प्रस्ताव गर्नुलाई अन्यथा भन्न मिल्दैन। त्यसलाई निर्वाचन आयोगले आफ्नो कर्तव्य पूरा गरेको बुझ्नु उचित हुन्छ।

विश्वका कुन कुन देशले विदेशमा बसेका आफ्ना नागरिकहरूलाई मतदानको अधिकार दिएको छ? त्यसबाट के कस्ता समस्याहरू आए? ती सबैबारे गहन अध्ययन गरेर संसद्मा प्रतिनिधित्व गर्ने सबै दलहरूबिच व्यापक छलफल र अन्तरक्रिया गरेर मात्रै अगाडि बढ्नु बद्धिमानी हुनेछ।

# क्युवाको कृषि - ३

✍ **रामरतन चौधरी**

क्युवाली कृषि विज्ञहरूले लामो समयदेखि खेतबारीमा कीटनाशक विषादी तथा रसायनको प्रयोगबाट माटोको उर्वराशक्ति र जीवनचक्रमा विचलन आएको महसुस गरे। यसको विकल्पमा उनीहरूले स्थानीय स्रोत साधनबाट तयार पारिने कम्पोष्ट, गड्यौले तथा अन्य स्थानीय मलको उत्पादन र प्रयोग गर्ने उपाय निकाले। क्युवाले सन् १९९८ सम्ममा यस्ता मलको उत्पादन ७ हजार टन पुर्यायो भने सन् २००३ सम्ममा गड्यौले मलको उत्पादन र आपूर्ति १० लाख टन पुर्यायो।

क्युवालीहरूले बालीका अवशेष खेतबारीमै छोडी माटो ढाक्ने, हरियो मलको प्रयोग गर्ने, जमिन सुहाउँदो कोसे बाली, झाडी र रुखहरू हुर्काउने काम पनि गरे। जसले माटोको सतहमा प्रशस्त जैव-उब्जा र प्राङ्गारिक वस्तुको मात्रामा वृद्धि गरायो। यसले माटोमा उपयोगी व्याक्टेरियाको पनि वृद्धि भयो।

क्युवालीहरूले रासायनिक मलमार्फत माटोमा दिइने नाइट्रोजनलाई विस्थापित गर्न प्रकृतिमा पाइने व्याक्टेरियालगायतका अन्य उर्वराशक्ति प्रवर्धक जीवको विकास गरे। उनीहरूले बालीमा लाग्ने शत्रुजीवविरुद्ध प्राकृतिक शिकारी जीवको प्रयोग गरे। जस्तो गभारो नियन्त्रणका निम्ति शिकारी कमिलालाई आकर्षित गर्ने विधि। यसका साथै क्युवाली कृषि अनुसन्धानकर्ताहरूले २५ परिवारका ४० प्रजातिका वनस्पतिहरू धेरै खाले शत्रुजीव नियन्त्रण गर्न प्रभावकारी रहेको पत्ता लगाएर आफ्नो कृषिमा प्रयोग पनि गरे।

क्युवामा सन् १९८९ मा रासायनिक विषादीको प्रयोग २० हजार टन हुन्थ्यो। सन् २००४ सम्म यसको प्रयोग १ हजार टनमा सीमित भयो भने त्यसबाट पनि निरन्तर घट्ने क्रम जारी रह्यो। रासायनिक मल र विषादीले माटोमा रहेका जीवहरूलाई नष्ट पार्छ। तर, वानस्पतिक विषादीको रूपमा रहेको बिरुवा तथा शिकारी जीवको प्रयोगले जीवहरू मासिनुको सट्टा तिनको प्रजननलाई नियोजन गरेर किटाणुको सङ्ख्या बढ्न दिँदैन। यसले पर्यावरण पनि राम्रै हुन्छ।

कृषि उपकरण र इन्धनको अभाव भएपछि क्युवाले कृषिमा पशुको प्रयोग गर्न थाल्यो। यन्त्र र इन्धनको अभावले क्युवाली जनतालाई पशुको प्रयोग गर्ने पाठ सिकायो। पशुको प्रयोग हुन थालेपछि पर्याप्त मात्रामा गोबर मल उपलब्ध भयो। खेत जोत्न र सामान ओसारपसारको निम्ति क्युवाका किसानहरूले गोरुको प्रयोग गर्न थाले। कृषिको लागि गोरुको माग बढेपछि देशैभरि गोरु खान रोक लगाउने अभियान पनि चल्यो। उत्तम जनावरहरू प्रजनन्का लागि छानिए। सन् १९८९ सम्ममा फाट्टफुट्ट मात्रै बाँकी रहेका गोरुहरू सन् २००२ सम्म पुग्दा क्युवामा ३ लाख हल गोरु प्रयोगमा आए। यसले क्युवाको इन्धनमा भएको परनिर्भरतालाई घटायो।

क्युवाले कृषिमा भएको परम्परागत ज्ञान, सिप, र व्यवहारलाई पुन:स्थापित गर्यो। खेतबारीमा गोबर मलको प्रयोग, जैविक मलहरूको प्रयोगले क्युवाको माटो स्वस्थ र खुकुलो बन्यो। यसले कृषि पर्यावरणीय दृष्टिले माटो जब्बर हुनेमा कमी आयो। पशुपालनले क्युवालीहरूमा मनग्ये दूध पनि प्राप्त भयो।

क्युवाले जैविक कृषिको साथै वन जोगाउने अभियानलाई पनि जोड दियो। सन् १९९० को सुरुमा क्युवामा जम्मा १४ प्रतिशत वनक्षेत्र बाँकी रहेको थियो। तर, सन् २००७ मा वन क्षेत्र २५ प्रतिशतले बढ्यो। क्युवाले खेतबारीको वरपर, वस्ती नजिक, सहरहरूमा वृक्षरोपण गर्ने अभियानलाई तीब्ररूपमा सञ्चालन गर्यो। क्युवाको राजधानी हवानामा मात्रै २० लाख रुख रोप्ने अभियान सञ्चालन भयो। तीमध्ये २ लाख फलफुलका बोटहरू लगाइए। यसले फलफुलको आवश्यकता पनि पूर्ति गर्यो।

क्युवाले किसानकै सहभागितामा खेतबारीमा कृषि बालीका जातहरूको अनुसन्धान गर्ने परियोजनाका साथै समय समयमा बिउ मेलाहरू पनि सञ्चालन गर्यो। जसले क्युवाका किसानहरूलाई बालीका जातहरू विकास गर्न र बिउ आदान-प्रदान गर्न सहयोग पुर्यायो। यसको परिणाम पहिले चार प्रकारका मात्र बाली लाग्ने ठाउँमा १०० भन्दा बढी थरीका कृषि बाली लगाउन क्युवालीहरू सक्षम भए।

क्युवाले खाली ठाउँमा खेती गर्ने अभियानलााई आन्दोलनकै रूपमा अगाडि बढाएपछि धानको उत्पादन पनि ह्वात्तै बढ्यो। सन् १९९९ सम्ममा क्युवाको धान उत्पादन १ लाख ७२ हजार टन मात्र थियो भने सन् २००३ मा ३ लाख टन पुग्यो। यसरी क्युवाले परम्परागत सीपलाई बुद्धिमतापूर्वक प्रयोग गर्दै रासायनिक मल र विषादीको सट्टा जैविक खेतीलाई अगाडि बढाउँदै कृषिको क्षेत्रमा ठूलो फड्को मार्यो।

नेपालमा पनि रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले माटोको उर्वरा शक्ति घट्नुका साथै पर्यावरण बिग्रँदै छ। तर, अझै पनि नेपालको सबै ठाउँमा रसायन र विषादीको प्रयोग हुँदैन। पहाडी र हिमाली भेगतिर अझै पनि परम्परागत जैविक खेती प्रणाली अपनाइएको पाइन्छ। सोलु र ओखलढुङ्गाका भिरालो परेको बाँझो जमिनमा घाँससहितको चपरी तासेर चार पाँचदिन सुकाएपछि थुप्रो थुप्रो लगाउने र सुकेको घाँस पातपतिङ्गर जम्मा पारेर आगोले डढाएर 'बुङ' बनाउने विधि छ। त्यसरी डढाएको दुई तीन दिनमा माटो सेलाएपछि आलुको बिउ थपथप रोपेर काँचो माटोले थोरै (२ इन्चजति) छोपेपछि अरू केही गर्नु पर्दैन। त्यसरी रोपेको आलुमा रासायनिक मल, विषादी केही पनि प्रयोग गर्नु पर्दैन। यो खेती पूर्णरूपले अर्गानिक हुन्छ। एकपल्ट रोपेपछि गोडमेलको पनि जरुरी पर्दैन। पछि किसानहरूले एकैपल्ट आलु खन्ने काम गर्छन्। एउटा 'बुङ' बाट करिब १ पाथीजति आलु फल्छ। सानो 'बुङ' भए चारमाना त फल्छ नै। 'बुङ' बनाउनको निम्ति मङ्सिरदेखि नै जमिनको तयारी सुरु गरिन्छ। माघमा तास्यो भने फागुनको १५, २० गतेभित्र रोपिसक्नुपर्छ भने असारदेखि भदौसम्ममा खनेर आलु निकालिन्छ। यसरी उत्पादन गरिएको आलु स्वादिलो र अर्गानिक भएको कारण अन्य आलुभन्दा अलि महँगो हुन्छ। त्यहाँका स्थानीयले आलु खेती गरेर आफ्नो आवश्यकता पूर्ति गर्दै आएका छन् भने बढी भएको आलु बेचबिखन पनि गर्छन्।

त्यस्तै कर्णालीमा पनि प्राङ्गारिक खेती नै हुन्छ। कर्णालीको हिमाली भेगतिर पाइने स्याउ, सिमीलगायत अनेक थरिका गेडागुडी, ओखर, मार्से धान पूर्णत जैविक हुनुको साथै स्वादिलो तथा स्वस्थकर हुन्छ। यसको माग पनि धेरै छ। त्यहाँका मानिसहरूले त्यहीँको उत्पादनबाट आफ्नो जीविकोपार्जन गर्दै आएका छन्। अहिले विस्तारै केही क्षेत्रमा विषादीको प्रयोग हुन थालेको गुनासो छ। सरकारले उचित ध्यान दिने हो भने त्यस क्षेत्रका मानिसहरूले आफैले उत्पादन गरेर रोजगारी सिर्जना गर्न सक्छन्।

नेपालमा रासायनिक मल र विषादी विदेशबाट आयात हुन्छ। नेपाल विदेशबाट आयात गरिएको विषादीको 'डम्पिङ साइट' जस्तो भयो। यसले नेपालको माटो र पर्यावरण बिग्रँदै छ। हामी कृषि उपजमा विस्तारै परनिर्भर हुँदै छौँ। यसकारण नेपालले पनि नेपाली जनताको स्वास्थ्य, वातावरण, पर्यावरण जोगाउन क्युवाको कृषिबाट सिक्नु जरुरी छ।

*२०८० माघ १३ गते*

# नेमकिपाको ५० औँ स्थापना दिवस विविध कार्यक्रम गरी मनाइँदै छ

**भक्तपुर**

नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिका ४ नं. वडा खेलकुद समितिको आयोजनामा शुक्रबार जिल्लाव्यापी खुला फुटसल प्रतियोगिताको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको आतिथ्यमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा सचिव सुवालले नेपाल मजदुर किसान पार्टीको स्थापना नेपाल कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद र अवसरवादको विरुद्धमा भएको र स्थापनाकालदेखि नेपाल मजदुर किसान पार्टीले समाजवाद र साम्यवादी व्यवस्थाको लागि निरन्तर जनतालाई शिक्षित गर्दै आएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले खेलकुदलाई मौलिक अधिकारभित्र राख्नुपर्नेमा जोड दिँदै आएको चर्चा गर्दै उहाँले सरकारमा जानेहरूले त्यसबारे चासो नराखेको कारण देशमा खेलकुदको विकास हुन नसकेको बताउनुभयो ।

हरेक खेलाडीहरू देश र जनताको बारेमा चिन्तित हुनुपर्ने बताउँदै उहाँले शिक्षित भएको खण्डमा देश परनिर्भर नहुने विचार व्यक्त गर्नुभयो । इजरायलले प्यालेस्टिनी देश कब्जा गरेर प्यालेस्टिनी जनतालाई सफाया गर्न लागेजस्तै नेपालमा पनि भारतले विस्तारै सफायाको नीति अपनाइरहेकोले खेलाडीहरू राजनीतिकरूपमा सचेत हुनुपर्छ भन्नुभयो ।

आयोजक वडा खेलकुद समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर वासी, आयोजक समितिका उपाध्यक्ष विजय लोहला र राजेन्द्र माकले पनि बोल्नुभएको थियो ।

त्यसैगरी नेक्राकिसङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा 'श्रमिक' साप्ताहिकको अन्तरक्रिया भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले देश र जनताको हितको पक्षमा नेमकिपाले सडक र संसदमा निरन्तर सङ्घर्ष गरिरहेको बताउनुभयो । अहिलेको सरकार साम्राज्यवादी र विस्तारवादी देशको कठपुतलीजस्तो भएकोले देश र जनताको पक्षमा काम हुने अपेक्षा गर्नु आकाशको फल हुने विचार उहाँले व्यक्त गर्नुभयो ।

क्रान्तिको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तयार हुनुपर्नेमा स्पष्ट पार्दै उहाँले क्रान्ति सफल पार्न कठीनभन्दा पनि कठीन गतिविधिहरू अघि बढाउनु कम्युनिस्टहरूको दायित्व हो भन्नुभयो ।

प्रमुख अतिथि सुवालले समाजवादी व्यवस्थामा योग्यताअनुसार काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था हुने भएकोले त्यस्तो व्यवस्थाको लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष न्हुछेभक्त फोजुले पार्टी स्थापनाका आधारहरू, पार्टीको प्रकाशन, अन्तरक्रिया गर्नुको उपादेयताबारे चर्चा गर्नुभयो । पार्टी अनुशासनमा रहेर कर्तव्य पूरा गर्नु नै असल कार्यकर्ताको गुण हो, उहाँले भन्नुभयो ।

उक्त कार्यक्रममा समितिका नारायणभक्त न्हेमाफुकी, गणेशराम सुवाल, सूर्यबहादुर फोजु, कमला गिरी र धनबहादुर श्रेष्ठले पनि बोल्नुभएको थियो ।

**अछाम**

नेपाल मजदुर किसान पार्टी तुर्माखाद पालिका समितिको आयोजनामा तुर्माखाद गाउँपालिका वडा नं. ३ भैरवस्थानमा प्रशिक्षण सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम प्रदेश संयोजक नवराज कोइरालाले नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाले वैचारिक र सैद्धान्तिक सङ्घर्ष गरिरहेको चर्चा गर्दै सच्चा कम्युनिस्ट पार्टीले समाजवादी क्रान्तिको निम्ति जनतालाई सचेत र सङ्गठित गर्छ भन्नुभयो ।

नेमकिपा अछामका अध्यक्ष झङ्करबहादुर शाहीले सच्चा कम्युनिस्ट देशभक्त हुने भएकोले सिद्धान्ततः अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरोधी हुन्छ भन्नुभयो ।

नेमकिपा तुर्माखाद पालिका समितिका अध्यक्ष पद्मबहादुर बुढा, नेपाल क्रान्तिकारी युवा सङ्घ तुर्माखाद पालिकाका उपाध्यक्ष रतन बुढालगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा नेमकिपा तुर्माखाद गाउँपालिका वडा नं. ३ का अध्यक्ष तुलाराम बुढाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

त्यसैगरी नेमकिपा अछामको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवस कमलबजार नगरपालिकाको गैरीटाँडमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं सुदूरपश्चिम प्रदेश समिति संयोजक नवराज कोइरालाले पार्टीका नेता, कार्यकर्ता, समर्थक तथा शुभचिन्तकहरूमा शुभकामना दिनुभयो । नेपालको कम्युनिस्ट आन्दोलनमा स्थापनाको झण्डै आधा शताब्दीसम्म पनि आफ्नो उद्देश्य, नीति र कार्यक्रममा अडिग रहनु गौरवको कुरा भएको उहाँले चर्चा गर्नुभयो ।

उहाँले नेपालको कम्युनिस्ट आन्दोलनमा एमाले र माओवादी पार्टी पुँजीवादी पार्टी साबित भएको दाबी उदाहरणसहित बताउनुभयो ।

नेमकिपा अछामका अध्यक्ष झङ्कर शाहीले एमसीसी अनुमोदन गर्नेहरू अमेरिकी साम्राज्यवादका दलाल साबित भएका छन् भन्नुभयो ।

नेक्राविसङ्घ अछामका अध्यक्ष वीरेन्द्रबहादुर शाहीले पुँजीवादी शिक्षा प्रणालीले कामदार जनताका छोराछोरीको हित नहुने बताउनुभयो ।

नेमकिपा जिल्ला समिति सदस्य राजेन्द्रबहादुर शाही, नेक्रामसङ्घ अध्यक्ष महेन्द्र रावल, नेक्रामहिलासङ्घ कमलबजार नगरपालिका वडा नं. ६ का अध्यक्ष अम्मकला शाही, वडा सदस्य रिउली शाही र नेक्रायुसङ्घका नेत्रबहादुर शाहीलगायतले बोल्नुभएको थियो ।

कार्यक्रमको सभापतित्व नेमकिपा जिल्ला समिति सदस्य सुरेन्द्रबहादुर शाहीले गर्नुभएको थियो । कार्यक्रममा सुवास शाहीले पनि बोल्नुभएको थियो ।

**दैलेख**

नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा, आठबिस नगर समितिले दुईदिने प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रमको सुरुआत गर्दै नेमकिपा कर्णाली प्रदेशका संयोजक सरोजराज गोसाईले पार्टीको ५० औँ स्थापना कार्यकर्ताको सांस्कृतिक स्तर उठाउन प्रशिक्षण तथा अन्तरक्रिया अभियान वर्षको रूपमा मनाउनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले कार्यकर्ताको सांस्कृतिक स्तरको अभावमा सैद्धान्तिक विचलन आउने सम्भावना भएको बताउनुभयो ।

पार्टीले जनताको दैनिक जीवनसँग सरोकार राख्ने विषयमा सङ्घर्षका गतिविधिमा अगाडि बढाउनुपर्ने भन्दै उहाँले बाटोघाटो, खानेपानी, सरसफाइ, विद्यालय, स्वास्थ्य उपचारको सुविधालाई सर्वसुलभ बनाउन दबाब सिर्जना गर्नुपर्ने विचार राख्नुभयो ।

हरेक प्रशिक्षणको गतिविधिमा सहभागीले अध्ययन तथा लेखनमा जोड दिँदा पुनःताजगीको काम गर्ने भन्दै उहाँले लेखन कार्यले दिमागलाई एकाग्र बनाउने तथ्यमाथि प्रकाश पार्नुभयो ।

कार्यकर्ताहरूले आत्मअनुशासनमा जोड दिनुपर्ने कुरा औँल्याउँदै संयोजक गोसाईले खैनी, जाँडरक्सी, चुरोट, जुवातासबाट टाढा रहनुपर्ने विचार राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नवराज कोइरालाले नेकपा (माओवादी) ले कम्युनिस्ट आन्दोलनकै बदनाम गरेको भन्दै बिप्पा सम्झौता गरेर माओवादी नेता बाबुराम भट्टराई भारतीय विस्तारवादको दलाल प्रमाणित भएको बताउनुभयो ।

उहाँले अमेरिकी साम्राज्यवादको दलाल शेरबहादुर देउवा र भारतीय विस्तारवादका दलाल केपी ओली र प्रचण्ड मिलेर एमसीसी सम्झौता अनुमोदन गरेको प्रस्ट पार्नुभयो । केन्द्रीय सदस्य कोइरालाले नागरिकता विधेयक पारित गरेर शासक दलहरूले देशको सार्वभौमिकतामाथि आँच पुग्ने काम गरेको बताउनुभयो ।

केन्द्रीय सदस्य जग्यबहादुर शाहीले देश र जनताको पक्षमा काम गर्दै आएको नेमकिपालाई सानो पार्टी भन्नुले कुनै अर्थ नराख्ने बताउनुभयो । उहाँले बहुदलीय व्यवस्था स्थापनालाई नेमकिपाका अध्यक्ष रोहितले बहुदललाई दुई चम्चा पानीको संज्ञा दिँदै जनताको प्यास मेटिन्न भन्नुभएको उदाहरण राख्नुभयो ।

नेमकिपा दैलेख जिल्ला समितिका अध्यक्ष जगत वलीले प्रशिक्षणलाई फलदायी बनाउन अध्ययन र टिपोटको बानी बसाल्नुपर्ने कुरामा जोड दिनुभयो ।

नेमकिपा, आठविस नगर समितिका अध्यक्ष जयबहादुर सिजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा रामबहादुर बडुवाल र कटक सिजापतिले पनि बोल्नुभएको थियो ।

**दैलेखको जम्बुकाँधमा जुलुस तथा सभा**

दैलेख । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समितिको आयोजनामा बुधबार जम्बुकाँध बजारमा सांस्कृतिक झाँक्रीसहित जुलुस तथा सभा सम्पन्न भएको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं कर्णाली प्रदेशका संयोजक सरोजराज गोसाईले नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक नेतृत्व गरिरहेको विचार राख्नुभयो । उहाँले जनमतसङ्ग्रहमा नेमकिपाले बहुदलको पक्षमा मत दिन आह्वान गरेको तर कम्युनिस्ट नामका विभिन्न पार्टीहरूले बहिष्कारको नीति लिँदा २०४६ सालसम्म पर्खिनु परेको विचार राख्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले प्रतिक्रियावादी सङ्घसंस्थाभित्र गएर जनताको सेवा गर्ने नेमकिपाको नीति नै सही भएको भन्दै नेमकिपाका कार्यकर्ताले माओवादी अराजकतावादविरुद्ध सङ्घर्ष गरेको प्रसङ्ग राख्नुभयो । नेमकिपा आन्दोलन र सङ्घर्षको बेला नेमकिपा नभई आन्दोलन हुन नसकेको उदाहरण राख्दै उहाँले आन्दोलनकै बेला नेमकिपाले समाजवादी गणतन्त्रको नारा लगाएपछि जनतामा उत्साहको सञ्चार भएको बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले हिन्द प्रशान्त रणनीतिअन्तर्गत साम्राज्यवादी अमेरिकासँग एमसीसी सम्झौता गरेपछि नेपाल युद्धमा फस्ने सम्भावना बढेको भन्दै नेपाल प्यालेस्टिन बन्ने खतरा बढेको विचार राख्नुभयो । नेमकिपा अन्तर्राष्ट्रवादी पार्टी भएकोले प्यालेस्टिनमा इजरायली फासीवादी आक्रमणको विरोध गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

कामदार जनता सचेत र सङ्गठित नभएसम्म कामदारवर्गको शासन स्थापना हुन नसक्ने हुँदा आधा शताब्दीदेखि नेमकिपा दत्तचित्त भएर सङ्घर्ष गरिरहेको बताउँदै केन्द्रीय सदस्य गोसाईले शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित युवाहरू बिदेसिँदा मूकदर्शक भएर बस्ने शासक दलहरू जनविरोधी हुन् भन्नुभयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले शासक दलका कार्यकर्ताहरू निर्वाचित भएर व्यक्तिगत स्वार्थ र भ्रष्टाचारमा लिप्त भएको चर्चा गर्दै जनताले चामुण्डा विन्द्रासैनी नगरमा बालविकास केन्द्र बन्द गर्ने र नगर विद्यालयका शिक्षक दरबन्दी कटौती गर्ने दलहरूको विरोध गर्नु आवश्यक छ भन्नुभयो । देश जोगाउन नेमकिपाले नागरिकता विधेयकको विरोध गरेको उल्लेख गर्दै केन्द्रीय सदस्य शाहीले विदेशीलाई नागरिकता दिएपछि फिजीमा विदेशी नागरिक नै प्रधानमन्त्री बनेको उदाहरण राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नेपालमा कामदारवर्गको शासन सत्ता स्थापना गर्न नेमकिपाले राजनीतिक र सैद्धान्तिक सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै नेमकिपाको स्थापना नभएको भए नेपालको कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक बहस अन्त्य हुने स्पष्ट पार्नुभयो ।

नेमकिपा दैलेखका जिल्ला अध्यक्ष जगत ओलीले पुँजीवादी र समाजवादी व्यवस्थाका भिन्नताबारे जनतालाई सुशिक्षित पार्नु आवश्यक छ भन्नुभयो ।

नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समितिका अध्यक्ष निरकबहादुर शाहीको सभापतित्वमा सम्पन्न जनसभामा नेमकिपाका जिल्ला कोषाध्यक्ष खगेन्द्रबहादुर शाही, जिल्ला सदस्य केशेन्द्रप्रकाश कार्की, धनकुमारी शाही, नेमकिपाबाट चाविनपामा जननिर्वाचित वडाध्यक्ष इन्द्रप्रसाद चौलागाई, नेमकिपा चावि नगर उपाध्यक्ष कृष्णप्रकाश ढकाल, नेक्राविसङ्घका सचिव दिनेश खड्गीलगायतले शुभकामना मन्तव्य दिनुभयो । जनसभामा लोकप्रिय हुड्के तथा मारुनी नाच र चर्चित देउडा गायकहरू जयबहादुर थापा र पानसरा थापाले देउडा गीत प्रस्तुत गर्नुभएको थियो ।

पार्टी स्थापना दिवसको अवसरमा सोमबार चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ७ को च्याउखर्क टोलमा पार्टी कार्यकर्ता र विद्यार्थीको संयुक्त भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी चामुण्डा नगर समितिका उपाध्यक्ष कृष्ण ढकालले इमानदार पार्टी कार्यकर्ताले मात्र सङ्गठनलाई अगाडि बढाउन सक्छ भन्दै नेमकिपाले वर्गीय राजनीति गर्दै आएको स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका किल्लीप्रसाद खनालले कम्युनिस्ट पार्टीभित्र घुसेका कम्युनिस्टविरोधी तत्त्वहरूबाट सावधान रहनुपर्ने उल्लेख गर्दै मजदुर किसानको नेतृत्वमा हुने क्रान्तिले मात्र आमूल परिवर्तन हुनसक्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ दैलेखका सदस्य दीपक शाहीले विद्यार्थीहरू अनुशासित र लगनशील हुनुपर्छ भन्दै मावि तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालयसम्मको शिक्षा निःशुल्क हुनुपर्नेमा जोड दिनुभयो । उहाँले आजका विद्यार्थी भोलिका पार्टी कार्यकर्ता हुन सक्ने बताउँदै जग राम्रो भए घर बलियो भएजस्तै विद्यार्थी राम्रा भए पार्टी कार्यकर्ता राम्रा हुन्छन् भन्नुभयो ।

नेमकिपाका टेकप्रसाद चौलागाईंले यस्ता कार्यक्रम निरन्तर भइरहनुपर्ने बताउनुभयो ।

परशुराम जैसीको अध्यक्षतामा सम्पन्न उक्त भेलाले नेक्राविसङ्घ च्याउखर्क टोल समिति गठन गरेको छ । कार्यक्रममा धर्मराज चौलागाईंले पनि बोल्नुभएको थियो ।

साथै पार्टी स्थापना दिवसको अवसरमा मङ्गलबार डुङ्गेश्वरमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कर्णालीका संयोजक सरोजराज गोसाईले नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारको खण्डनबारे प्रशिक्षण दिनुभयो । पार्टी कार्यकर्ताहरूको अध्ययन र समर्पणको महत्त्वमाथि प्रकाश पार्दै संयोजक गोसाईले संसारको व्याख्या गर्ने होइन, बदल्ने हो भनेजस्तै मार्क्सवादका ठेलीहरू पढ्नेभन्दा मार्क्सवादी सिद्धान्तअनुसार कर्तव्य पालन गर्ने कार्यकर्ताहरू मार्क्सवादी हुन्छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नर्मा गुरुङले राजनीति गुलाफको ओछ्यान होइन तरबारको धार हो भन्ने चर्चा गर्दै पार्टी कार्यकर्ताहरू अनुशासित हुनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नेमकिपा स्थापनाकै कारण नेपालको कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक सङ्घर्ष अगाडि बढिरहेको छ भन्नुभयो ।

नेमकिपा दैलेखका अध्यक्ष जगत ओलीले नेमकिपाको ३५ औँ केन्द्रीय परिषद्का सन्देशहरू स्पष्ट पार्नुभयो ।

नेक्राविसङ्घका केन्द्रीय सचिव दिनेश खड्गीले विश्वका प्रसिद्ध मजदुर आन्दोलनबारे प्रशिक्षण दिनुभयो ।

नेमकिपा दैलेखका जिल्ला सदस्य हस्त घलेले जुनसुकै नाम गरेका भए पनि पुँजीवादी व्यवस्थालाई टेवा पुऱ्याउने शासक दलहरू सबै जनताका शत्रु हुन् भन्नुभयो ।

पूर्वजिल्ला सदस्य मोहन अर्यालको सभापतित्वमा सम्पन्न कार्यक्रममा हीरामणि न्यौपाने, सीता शाही, गंगाप्रसाद न्यौपाने, विन्दुलाल रेग्मीले नेमकिपा स्थापनाका आधार पुस्तकहरूबारे चर्चा गर्नुभयो ।

त्यसैगरी नेमकिपा वीरेन्द्रनगर नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारको खण्डन' पुस्तकको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल

बाँकी पृष्ठ ५ मा


दैलेख



बारा


अछाम

**नेमकिपाको....**

मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले नेमकिपा स्थापनाको ५० वर्षको अनुभवबारे जानकारी गराउँदै कम्युनिस्ट पार्टीमा खोटो विचार रहेसम्म क्रान्तिकारी आन्दोलन अगाडि बढ्न सक्दैन भन्नुभयो ।

नेमकिपा सुर्खेतका सचिव एवं नेक्रायुसङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले युवा, विद्यार्थी र बुद्धिजीवीहरूले आमूल परिवर्तनको निम्ति भूमिका खेल्नुपर्ने बताउँदै पार्टी प्रकाशनहरूको अध्ययनलाई जोड दिइरहेको बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेमकुमार थापा, नेक्रामजदुरसङ्घका केन्द्रीय सदस्य अकल राना, नेक्रामहिलासङ्घका केन्द्रीय सदस्य विजुकला राना, चेतन पौड्याल, अङ्गबहादुर शाही, हस्तबहादुर साँवद, गणेश खड्का, अमर भन्डारी र मनबहादुर विकले पनि बोल्नुभएको थियो ।

साथै, पार्टी स्थापना दिवसको अवसरमा पार्टीको आठबिस नगर समितिको दुईदिने प्रशिक्षण शनिबार सम्पन्न भयो ।

नेमकिपाका अध्यक्ष रोहितको पुस्तक 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन' बारे प्रकाश पार्दै नेकपाको तत्कालीन नेतृत्वबाट मार्क्सवाद, लेनिनवाद तथा माओ त्सेतुङ विचारधाराप्रति धोका भएपछि नेमकिपाको स्थापना भएको प्रस्ट पार्नुभयो ।

अवसरवाद, संशोधनवाद, सामाजिक साम्राज्यवादको विरोधमा नेमकिपाको स्थापना भएको भन्दै केन्द्रीय सदस्य गोसाईले नेमकिपाका अग्रजहरूले शान्तिपूर्ण क्रान्तिको नाराको विरोध गरेको उल्लेख गर्नुभयो । उहाँले विदेशीको भरमा क्रान्ति गर्ने दृष्टिकोणको विरोधमा सङ्घर्ष गरिएको भन्दै साम्राज्यवाद र उपनिवेशवादको विरोध नगर्नु गलत भएको तर्क गर्नुभयो ।

उहाँले राजावादी र पुँजीवादीको पुच्छर लाग्ने प्रवृत्तिको विरोध भएको उल्लेख गर्दै किसान सङ्घर्ष र वर्गसङ्घर्षको पक्षमा नेमकिपाले वकालत गर्दै आएको भनाइ राख्नुभयो । कम्युनिस्ट पार्टीभित्र सानो सङ्घर्षलाई देशव्यापी बनाउने प्रस्तावबारे छलफल भएको तर नेतृत्वले त्यसलाई अस्वीकार गरेको भन्दै विभिन्न देशको मुक्ति आन्दोलनको समर्थन नगर्नु र पञ्चायती सामन्तवादको विरोध नगरेकै कारण नेमकिपाको स्थापना भएको भनाइ राख्नुभयो ।

पार्टी केन्द्रीय सदस्य नवराज कोइरालाले नेमकिपाले क्रान्तिकारी संसदवादको सिद्धान्तअनुसार निर्वाचनलाई उपयोग गर्दै आएको स्पष्ट पार्नुभयो । उहाँले चुनावमा भाग लिन मिल्छ तर सङ्घर्षलाई त्यसैमा सीमित राख्नु हुन्न भन्दै कम्युनिस्टहरू पुँजीवादी संसद्बाट बन्ने सरकार गठनमा भाग लिँदैन भन्नुभयो । उहाँले नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेको भन्दै देशको सार्वभौमिकता रक्षाको निम्ति सदन र सडकमा सङ्घर्ष गरिरहेको विचार राख्नुभयो ।







नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नेमकिपाका अध्यक्ष रोहितले लेख्नुभएको पुस्तक रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतनबारे बोल्दै नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाले सैद्धान्तिक छलफलको विषयलाई चालु राखेको तर्क गर्नुभयो ।

नेक्राविसङ्घका केन्द्रीय सचिव दिनेश खड्गीले प्यालेस्टिनी जनतामाथि इजरायली हमला युद्ध अपराध भएको तर्क गर्नुभयो ।

आयोजक समितिका अध्यक्ष जयबहादुर थापाले प्रशिक्षणले कार्यकर्ताको सैद्धान्तिक स्पष्टताको निम्ति सहयोग गरेको बताउनुभयो ।

**सुर्खेत**

नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेतको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारको खण्डन' पुस्तकको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेतका संयोजक गोविन्दनाथ योगीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले पुस्तकको 'उत्ताउला कम्युनिस्ट एक अध्ययन' शीर्षकमा बोल्दै नेपालका माओवादी, एमालेलगायतका नाम र झन्डा कम्युनिस्ट पार्टीको राखेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको सेवा गर्ने, देशघाती सन्धि सम्झौता गर्ने र उनीहरूकै सेवाबापत प्राप्त पैसाबाट चुनाव जित्ने र सिंहदरबार कब्जा गरी देश र जनतालाई धोखा दिने दलहरूदेखि सावधान हुनुपर्छ भन्नुभयो । समाजवादी आन्दोलनलाई अगाडि बढाउन युवा विद्यार्थीहरू अध्ययनशील र सङ्गठित भएर लाग्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

नेमकिपा सुर्खेतका उपाध्यक्ष एवं नेक्रामसङ्घका केन्द्रीय सदस्य अकल रानाले सोही पुस्तकको "प्रतिक्रियावादी सङ्घसंस्थाभित्र गएर काम गर्न हुन्छ कि हुँदैन ?" भन्ने विषयमा बोल्नुभएको थियो । नेमकिपा सुर्खेतका सचिव एवं नेक्रायुसङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले उक्त पुस्तकको 'राजतन्त्र कि गणतन्त्र' भन्ने शीर्षकमा बोल्नुभएको थियो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेमकुमार थापा, नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाही, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य विजुकला राना, खेमराज कँडेल, यामनाथ योगी र चेतन गिरीले पनि कार्यक्रमको विषयमा बोल्नुभएको थियो ।

**जुम्ला**

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति जुम्लाको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवस जुम्ला बजारमा जुलुस प्रदर्शन तथा जनसभा गरी मनाइयो ।

जनसभामा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले माघ १० गते नेपाल र न्यायप्रेमी नेपाली कामदार जनताको हक र हितको निम्ति नेमकिपा स्थापना भएको बताउनुभयो ।

उहाँले कर्णालीको भूमिमा नेमकिपाले रातो झन्डा लिएर मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा बिजारोपण गरी सामन्ती व्यवस्था उन्मूलनका निम्ति कष्टसाध्य सङ्घर्ष गरेको उल्लेख गर्नुभयो ।

उहाँले देशको सार्वभौमिकता र स्वाभिमानमाथि आँच पुऱ्याउने शासक दलहरूदेखि सावधान हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं नेमकिपा जुम्लाका कार्यवाहक अध्यक्ष बिर्खबहादुर रावतले इजरायलले ७५ वर्षदेखि अमेरिकी र पश्चिमी देशको इसारामा प्यालेस्टिनमा आक्रमण गर्दै आएको र पछिल्ला दिनमा गाजा क्षेत्रका विद्यालय, अस्पतालमा समेत आक्रमण गरी निहत्था जनताको हत्या गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा जिल्ला समितिका सदस्य राजेश्वर देवकोटाले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद विश्वका कामदार जनताबाट तिरस्कृत र बहिष्कृत हुने बताउँदै नेपाल र नेपाली जनताको हितमा नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको खोटो विचारलाई परास्त गरी समाजवादी आन्दोलन जोगाउन नेमकिपाको स्थापना भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा चन्दननाथ नपा समितिका यज्ञबहादुर बुढथापाले नेमकिपाको स्थापना ऐतिहासिक आवश्यकताको रूपमा भएको चर्चा गर्नुभयो भने जङ्गबहादुर शाहीले क्रान्तिकारी गीत प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेक्रायुसङ्घका मानबहादुर बोहोराले पनि बोल्नुभएको थियो ।

त्यसैगरी पार्टीको स्थापना दिवसको अवसरमा तिला गाउँपालिकाको वडा न ३ को कुरारी भन्ने स्थानमा एक कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपा जुम्ला जिल्ला समितिका उपाध्यक्ष विर्षबहादुर रावतले नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाइरहेको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति जुम्लाका राजेश्वर देवकोटाले नेमकिपाले देशको श्रमजीवी तथा शोषितपीडित जनताको प्रतिनिधित्व गरिरहेको बताउनुभयो ।

मानबहादुर बोहराको सभापतित्वमा भएको सो कार्यक्रममा यज्ञबहादुर बुढ्थापा, नेक्राशिसङ्घका दीर्घबहादुर शाही र हर्कबहादुर बोहराले पनि बोल्नुभएको थियो ।

**कैलाली**

नेमकिपा कैलालीको आयोजनामा नेमकिपाको ५० औँ स्थापना दिवसको अवसरमा जानकी गाउँपालिका वडा नं ४ कञ्चनपुरमा पुस्तक अध्ययन गोष्ठी तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन एक ऐतिहासिक प्रकाशन भएको बताउनुभयो ।

राजनीति गर्दा सबैभन्दा पहिले शत्रु र मित्र शक्ति छुट्याउन सक्नुपर्ने उहाँले बताउनुभयो ।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले कार्यकर्ताहरूले पार्टी प्रकाशनहरू गहनरूपमा अध्ययन गरी छलफल कार्यक्रम चलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीको विस्तार गर्न नयाँ पुस्तालाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा सिताराम पण्डित, गगन बहादुर थापामगर र देवी अधिकारीले पनि बोल्नुभएको थियो ।

त्यसैगरी नेमकिपा जिल्ला समिति कैलालीको आयोजनामा नेमकिपाको ५० औँ स्थापना दिवसको अवसरमा लम्कीचुहामा पुस्तक अध्ययन गोष्ठी तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन' एक ऐतिहासिक प्रकाशन भएको बताउनुभयो ।

राजनीतिमा शत्रु र मित्र शक्ति छुट्याउन सक्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कामदारवर्गको जीवन सुनिश्चित हुने समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले नेमकिपाको स्थापना भएको बताउनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले पार्टी प्रकाशनहरू अध्ययन गरी कार्यकर्ताहरूले सैद्धान्तिक ज्ञान बढाउनुपर्नेमा जोड दिनुभयो ।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले समाजवादी व्यवस्था स्थापना गर्न मजदुर र किसानलाई सङ्गठित गर्नु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा पार्टीका गुप्तबहादुर शाही, ज्योति बडुवाल, गजबहादुर दर्लामी, प्रेम सिजापति, हिक्मत भण्डारी, कलम बडुवाल र गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो ।

**बारा**

नेपाल मजदुर किसान पार्टी बारा जिल्ला समितिको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा कलैयामा बुधबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यकममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले नेमकिपा स्थापनाका आधारबारे स्पष्ट पार्दै नेमकिपा भारतविरोधी भन्दा पनि भारतीय शासकहरूको नेपालप्रति हेर्ने दृष्टिकोणको नेमकिपाले विरोध गर्दछ भन्नुभयो । उहाँले स्पष्ट पार्नुभयो, "भारतीय शोषितपीडित जनता नेपाली जनताका मित्र हुन् ।"

नेमकिपाले देशमा भइरहेको भ्रष्टाचारको बारेमा सडक र सदनमा विरोध गर्दै आइरहेको उहाँले बताउनुभयो ।

नेमकिपा सिद्धान्तमा अडिग पार्टी भएकोले देशी विदेशी प्रतिक्रियावादीहरूको अगाडि कहिल्यै झुक्दैन । नेमकिपाले शोषितपीडित जनताको पक्षमा वकालत गर्दै आइरहेको छ र यसलाई अझै सशक्त ढङ्गले अगाडि बढाउँदै लैजानेछ, उहाँले भन्नुभयो ।

नेमकिपाबाहेक यहाँका अन्य राजनीतिक दलहरूले अमेरिकाको डलर खाएकाले एमसीसीको बारेमा नबोलेको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "एमसीसी र एसपीपीमार्फत अमेरिकाले आफ्नो सैनिक नेपाल भित्र्याउँछ ।"

केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सृजना सैंजुले जनताको शत्रुविरुद्ध लड्नको लागि नेमकिपाले तराईमा दहेज प्रथाको कारण भ्रुण हत्या बढेकोले महिलाहरूलाई राजनीतिकरूपमा सचेत पार्नुका साथै शिक्षामा जोड दिनुपर्ने बताउनुभयो ।

संरा अमेरिकाले ल्याटिन अमेरिकालाई करेसाबारीको रूपमा प्रयोग गरेजस्तै भारतले पनि नेपाललाई करेसाबारीको रूपमा प्रयोग गर्ने नीतिको सबैतिरबाट विरोध गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संरा अमेरिकाले इजरायललाई उक्साएर प्यालेस्टिनी जनताको हत्या गरिरहेकोले नेमकिपाले देशव्यापी विरोध गरिरहेको उहाँले बताउनुभयो ।

अर्का वाग्मती प्रदेश सांसद गीता काफ्लेले नेमकिपा समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापनाको लागि सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

समाजवादी व्यवस्थामा योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ, शिक्षा, स्वास्थ्य नि:शुल्क र अनिवार्य हुने भएकोले नेमकिपामा आबद्ध भइ सहयोग गर्न अपिल गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले घोषणापत्रअनुसार काम गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा सानो नगरपालिका भए तापनि शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा उदाहरणीय काम गरिरहेको उहाँले भन्नुभयो ।

नेमकिपा बाराका अध्यक्ष मुक्ति यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोज साह र जिल्ला सदस्य महबुब अन्सारीलगायतले बोल्नुभएको थियो ।

**काभ्रे**

नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिको आयोजनामा नेमकिपाको ५० औँ स्थापना दिवसको अवसरमा बुधबार प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालले समाजवादी व्यवस्था स्थापना गर्न नेमकिपा खोलेको बताउनुभयो ।

नेमकिपाका हिमालयश्वर मूलले कम्युनिस्ट पार्टीको घोषणापत्र बुझ्न मानव समाजको विकासक्रमलाई बुझ्नुपर्ने बताउनुभयो ।

उहाँले जेरुसलम, इजिप्ट, मिश्र सभ्यताको विकासक्रममा मानव समाजकै देन रहेको चर्चा गर्दै किसान मजदुरको दासत्व मुक्तिको सङ्घर्षबाट औद्योगिक समाज विकास भएको बताउनुभयो ।

नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले प्यालेस्टिन र इजरायलबिचको राजनीतिक सङ्घर्ष र त्यहाँ स्थापना भएको कम्युनिस्ट पार्टी तथा हमासको उदय र सङ्घर्षबारे बताउनुभयो ।

डा. हरिप्रसाद मानन्धरले देशको अस्तित्वमा आँच पुऱ्याउने सम्झौताको निन्दा गर्दै नेमकिपाले कम्युनिस्ट पार्टीको भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रेका रणबहादुर राणा र पुण्यशोभा श्रेष्ठले पनि बोल्नुभएको थियो ।

**चितवन**

नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेमकिपा जिल्ला समिति, चितवनको आयोजनामा कार्यकर्ता भेला एवम् प्रशिक्षण कार्यक्रम रत्ननगरको मोहनामा शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले देशलाई सिक्किमीकरणको बाटोमा लानुमा प्रमुख दोषी माओवादी भएको स्पष्ट पार्नुभयो ।

देश र जनताको पक्षमा पार्टीले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा गरेका आन्दोलन र सङ्घर्ष खेर नजाने बताउँदै उहाँले देश र जनताको लागि नेमकिपाले सङ्घर्ष गरिरहने बताउनुभयो ।

उहाँले जनतामाझ निरन्तर सक्रिय रहेर सिक्ने र सिकाउने कार्यकर्ता मात्र ज्ञान, गुण र व्यवहारले सुसूचित हुने र लामो समयसम्म देश र जनताको सेवा गर्न सक्ने बताउनुभयो ।

कार्यकर्ताहरू सैद्धान्तिक र वैचारिकरूपमा सफल र सबल हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पैसा, सामान, जागिर बाँडेर र भोज खुवाएर जनता राजनैतिक र वैचारिकरूपमा सुसूचित, सचेत र सङ्गठित नहुने भएकोले नेमकिपाले वैचारिक शिक्षा दिँदै आइरहेको उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सचिव सुलोचना छ्वाजुले नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपा स्थापनाकालदेखि नै प्रकाशस्तम्भको रूपमा उभिएको स्पष्ट पार्नुभयो ।

नेमकिपा चितवन जिल्ला समितिका अध्यक्ष हरिप्रसाद दुवालको सभापतित्वमा भएको सो कार्यक्रममा नेक्राशिसङ्घका चन्द्रबहादुर थुयाजु, नेमकिपा रत्ननगरका विष्णु शर्मा, नेमकिपा भरतपुरका मोहन चेपाङ, नेक्रामजदुरसङ्घका राजकुमार श्रेष्ठ, नेक्राकिसङ्घका पदम मगर, नेक्रामहिलासङ्घका लक्ष्मी चेपाङ, नेक्राविसङ्घका अर्जुन चेपाङ, नेक्रायुसङ्घका ज्ञानेन्द्र चेपाङ र महिला सुमित्रा महतोलगायतले बोल्नुभएको थियो ।

**कालीकोट**

नेपाल मजदुर किसान पार्टी कालीकोट जिल्ला समितिको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवस कार्यक्रम पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीको अध्यक्षतामा सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन गर्दै २०३१ माघ १० गते स्थापना भएको नेमकिपाले विभिन्न चुनौतीको सामना गर्दै हुर्केको पार्टी भएको बताउनुभयो । पार्टीले आफ्ना गतिविधि जनताको राजनैतिक स्तर उठाउन केन्द्रित गरेको चर्चा गर्दै उहाँले आफूलाई ठुलो र देशको मूलप्रवाह दाबी गर्ने केही दलहरू गन्तव्यहीन यात्रामा रहेकाले देश दिनप्रतिदिन सङ्कटमा

*बाँकी पृष्ठ ८ मा*

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण


✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्य तथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जिएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इर्स्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ ।)*

## परिचय

पुँजीवादी सिद्धान्तकारहरूले 'इतिहासको अन्त्य' भनी घोषणा गरेको ३० वर्ष बित्यो । अमेरिकी साम्राज्यवाद अविनाशी छ भनी आनन्दको अनुभूति गर्नका लागि तिनीहरूले त्यो घोषणा गरेका थिए । तर, साम्राज्यवादको जुत्ताले घाँटी थिचिएका जनताको सङ्घर्ष र आन्दोलनहरूले कतै पनि त्यसखालको 'अन्त्य' देखेनन् ।

सन् १९९६ मा ब्राजिलमा काराजेस हत्याकाण्ड भयो । भूमिहीन किसानहरूलाई दबाउन चरम हिंसाको प्रयोग भयो । तर पनि भूमिहीन मजदुर आन्दोलनका कारण जनताको पक्षमा भूमिसुधार भयो । जनताले भूमि अधिग्रहण गरे र त्यसमा उत्पादनलाई अघि बढाए । यसले गर्दा मोन्सान्टोजस्ता कृषिको व्यापारीकरणमा संलग्न अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको दाँतबाट पसिना आयो । सन् १९९९ मा जनताको भारी मतले ह्युगो चाभेज विजयी भए । उनी 'महादेश नै थर्काउने सैनिक' थिए । उनको उदयसँगै ल्याटिन अमेरिकाका अन्य देशमा पनि वामपन्थी उभार आयो । मजदुर, किसान, आदिवासी, महिला तथा विद्यार्थीहरू लाखौंको सङ्ख्यामा परिचालन हुन थाले । जनपरिचालनको लहर आयो । यो लहरले सन् २००५ मा संरा अमेरिकामुक्त 'अमेरिकी व्यापारिक क्षेत्रहरू' को प्रस्ताव अघि सार्‍यो । यो प्रस्ताव झन्डै २०० वर्षदेखि चलिरहेको संरा अमेरिकाको मुनरो नीतिको लागि प्रत्यक्ष चुनौती बन्यो ।




सन् २००२ मा नाइजेरियाका महिलाहरू शेल र शेभरन कम्पनीका गेटसामु जम्मा भए । उनीहरूले नाइजर नदी डेल्टामा ती कम्पनीले गरेको वातावरणीय विनाश र दोहनविरुद्ध आन्दोलन उठाए । सयौं वर्षदेखिको अमेरिकी अत्याचारको विरोधमा सन् २००४ मा हाइटीका जनताले विशाल प्रदर्शनहरू गरे । यसले गर्दा अमेरिकी कम्पनी जिन-बर्नार्ड एरिस्टिडले हाइटी छोड्नुपर्‍यो । नेपालीहरूले सन् २००६ मा सशस्त्र सङ्घर्षको बलमा राजतन्त्र उन्मूलन गरे । (राजतन्त्रको उन्मूलन नेपाली जनताको हितभन्दा पनि बढी विदेशी शक्तिहरूको हितमा भएको परिणामले देखाएको छ । अनु.) सन् २०१० मा फलफूल पसले मोहम्मद ब्वाजीजीले आत्मदाह गरेपछि ट्युनिसियाका जनता नवउदारवादी अर्थनीतिको विरोधमा विद्रोहमा उत्रे । किनभने चरम नवउदारवादी नीतिका कारण ब्वाजीजीले आफैलाई आगो लगाएका थिए ।

त्यसपछिका वर्षहरूमा कहिले साना र सुषुप्त त कहिले ठूला र विष्फोटक परिवर्तनहरू देखापरिरहे । यीमध्ये कही जनआन्दोलनको बलमा भएका थिए भने केही राज्यको तहबाट नै भए । केही परिवर्तन त अत्यन्त सशक्त साबित भए । संरा अमेरिकामा वर्षौंसम्म घरेलु पुँजी लगानीलाई बेवास्ता गरियो, अर्थतन्त्रलाई वित्तीयकरण गरियो र मालसामान उत्पादनमा उसको वर्चस्व गुम्यो । यसले गर्दा उसले चीन र दक्षिणी गोलार्द्धमा उदाउँदो आर्थिक शक्तिको धक्का खानुपर्‍यो । यो शक्तिले सन् २००७ मा कूल गार्हस्थ उत्पादनका हिसाबले उत्तरी गोलार्द्धलाई उछिन्यो ।

सन् २००९ मा चिया दलको अभ्युदयले अमेरिकी घरेलु राजनीतिमा भित्री चिरा परेको सङ्केत दियो । अन्तर्राष्ट्रिय कुरा गर्दा चीन र रुसमा सत्ता परिवर्तन गर्ने एवम् रुसलाई आणविक हतियाररहित बनाउने अमेरिकी कूटप्रयास विफल भयो । विनाशकारी इराक युद्ध (२००३-२०११) टुङ्गिएसँगै अमेरिकाले केही समयलाई सैन्य खर्च घटायो । यद्यपि यी परिर्वतनहरूको जवाफमा पछिल्लोपल्ट उसले सैन्य शक्ति प्रयोग गर्ने र डरधम्की दिने कार्यलाई केन्द्रमा राख्दै आएको छ ।

उत्पादन, वित्त र सैन्य गरी विश्व वर्चस्व ऐतिहासिक हिसाबले तीन चरणमा ओइलाउँदै छ । संरा अमेरिकाले उत्पादनको वर्चस्व गुमाइसकेको छ । आज सेनासँग सम्बन्धित केही प्राविधिक क्षेत्रमा मात्र उसको वर्चस्व कायम छ । वित्तीय वर्चस्वमा उसले चुनौतीको सामना गर्दै छ । यो चुनौती प्रारम्भिक चरणमा छ । यद्यपि अमेरिकी डलरको प्रतिष्ठावरपर यो चुनौती केन्द्रित छ । आर्थिक र राजनीतिक क्षेत्रमा अमेरिकाको तीव्र गतिमा खस्कँदै छ । यद्यपि उसले आफ्नो सैन्य शक्ति जोगाइआएको छ । आर्थिक स्खलनका कारण भोग्नुपरेका समस्यालाई उसले सेना र सैन्य उपायमार्फत जित्न खोज्दै छ ।

संरा अमेरिकाले चीनलाई आफ्नो रणनीतिक प्रतिस्पर्धी तोकेको छ । चीनलाई रोक्नु र उसको अर्थतन्त्र कुँज्याउनुलाई अमेरिकाले न्यूनतम कार्यक्रम बनाएको छ । यसबाट उसले भविष्यमा आफ्नो दीर्घकालीन आर्थिक वर्चस्व सुनिश्चित हुने ठानेको छ ।

चीनको उदयलाई सीमित गर्ने आफ्नो प्रयासमा अमेरिकी पुँजीवाद आफूलाई तार्किक भएको ठान्छ । यसो गर्न नसकेको खण्डमा उच्च स्तरको उत्पादन शक्तिलाई नियन्त्रण गर्ने दिशामा अमेरिकाको तुलनात्मक लाभमा आँच आउनेछ । यही नियन्त्रणका कारण अमेरिकाले उत्पादनमा एकाधिकारको सुविधा प्राप्त गर्दै आएको हो । चीनसँग सम्बन्ध विच्छेद गर्दा आइपर्ने समस्याको व्यवस्थापन गर्ने र चीनविरुद्ध सैन्य तयारी अघि बढाउने विषयमा अमेरिकी नेतृत्वकर्ताहरूबिच करिब पूर्ण मोर्चाबन्दी देखिन्छ । यद्यपि चीनसँग सम्बन्ध चुँडाए घरेलु उत्पादनकै भरमा अमेरिकाले आफ्नो उत्पादन शक्ति पुनः पूर्ण आधुनिकीकरण गर्न असम्भव छ ।

२०२२ फेब्रुअरीमा रुसी सेना युक्रेन पस्यो । यसका दुई कारण थिए । पहिलो, नेटोलाई विस्तार गर्नेछैन भनेर आफूले दिएको वचन अमेरिकाले बारम्बार उल्लङ्घन गर्दै आएको थियो । दोस्रो, किभ र डोनबासबिच लगातार गृहयुद्ध चलिरहेको थियो । रुसी कारबाहीका कारण अमेरिकाका लागि विश्वको सैन्य मोर्चाबन्दी अत्यन्त नयाँ चरणमा प्रवेश गर्‍यो । भटाभट नयाँ पाइलाहरू चाल्दै अमेरिकाले हाकाहाकी उत्तरी गोलार्द्धका देशहरूलाई अधीनमा राख्यो । यसक्रममा यी देशहरूको सैन्य संयन्त्रमाथि उसले पकड जमायो । नेटोप्लसका भनिने देशहरूको खुला सैनिक नाइकेको रूपमा आफूलाई स्थापित गर्‍यो । यो गुटमा तीन देशलाई छोडी पूर्व सोभियत गुटका सम्पूर्ण देश पर्छन् । सन् २०२३ मा लिथुआनियामा नेटोको शिखर सम्मेलन भयो । व्यवहारमा अस्ट्रेलिया, न्युजीलयान्ड, जापान र कोरिया गणतन्त्रलगायत उक्त सम्मेलनमा पर्यवेक्षकको रूपमा सहभागी सबै देश नेटो प्लसका सदस्य हुन् । (राजनीतिक सहुलियत लिँदै) इजरायल र उत्तरी गोलार्द्धका केही साना देशहरू मात्र त्यसमा सहभागी थिएनन् ।

२०२३ अक्टोबरको आरम्भमा इजरायलले प्यालेस्टिनी जनतालाई धपाएर जातीय सफाया गर्ने, सामूहिक दण्ड दिने र जातिसंहार मच्चाउने गरी सैन्य अभियान चलाउन थाल्यो । युक्रेनको घटनाक्रममा गाजाको पछिल्लो सङ्कट थपियो । यी दुई घटनाले साम्राज्यवादी व्यवस्थामा गुणात्मक परिवर्तन आएको देखाएका छन् । संरा अमेरिकाले अन्य सम्पूर्ण साम्राज्यवादी देशहरूलाई आर्थिक, राजनीतिक र सैन्य अधीनमा राख्ने कार्य पूरा गरेको छ । यसबाट साम्राज्यवादी खेमा अझ बढी सुगठित र सैन्य हिसाबले केन्द्रीकृत बनेको छ । यो खेमा अहिले दक्षिणी गोलार्द्धका सम्पूर्ण देशहरूमाथि अझ कसिलो पकड जमाउन उद्यत छ । उसले युरेसियाली क्षेत्रमाथि दबदबा कायम गर्नपट्टि ध्यान दिँदै छ । विश्वको यो अन्तिम इलाका यसको नियन्त्रणबाहिर थियो ।

उत्तरी गोलार्द्धले आफ्ना नीतिहरू अनुसार नचल्ने दक्षिणी गोलार्द्धका प्रत्येक देशविरुद्ध खुला शत्रुता र युद्धको घोषणा गरेको छ भन्दा फरक पर्दैन । (नेपालमा एमसिसी र एसपिपी जस्ता देशघाती सम्झौता लाद्ने बेला अमेरिकाको यसखाले शत्रुता र मिचाहा व्यवहार सचेत नेपालीले अनुभव गरेकै हुन् । अनु.) सन् २०२३ जनवरी ९ मा प्रकाशित इयु-नेटो साझेदारीको संयुक्त घोषणामा यो कुरा स्पष्ट झल्किएको छ :

"हाम्रा अरबौं नागरिकहरूलाई लाभ दिने साझा उद्देश्यले हामी हामीसँग भएका राजनीतिक, आर्थिक वा सैन्य गरी सबै उपाय लगाउनेछौं ।"

गाजाका प्यालेस्टिनी जनताले अहिले नेटो प्लसका र उत्तरी गोलार्द्धले थोपरेको 'सामूहिक समझदारी' बाट कतिसम्म बर्बर व्यवहार हुन सक्छ भन्ने कुरा प्रत्यक्ष भोग्दै छन् । प्यालेस्टिनी मुक्ति सङ्घर्षकी नेतृ लैला खालिदले हालै भनिन् पनि :

"हामीलाई थाहा छ, तिनीहरू आतङ्कवादबारे बोल्छन् । तर, आतङ्कवादका नाइकेहरू तिनीहरू नै हुन् । इराक, सिरिया र विश्वभरि नै साम्राज्यवादी शक्तिहरू चीनमाथि आक्रमण गर्ने तयारी गर्दै छन् । आतङ्कवादबारे तिनले जेजति बोलेका छन्, त्यो तिनीहरूतिरै फर्केको छ । जनतासँग सबै तरिकाले प्रतिकार गर्ने अधिकार छ, चाहे त्यो सशस्त्र सङ्घर्ष नै किन नहोस् । यो संयुक्त राष्ट्रसङ्घको बडापत्रमै लेखेको कुरा हो । तिनीहरू प्रतिरोध गर्ने जनताको अधिकार उल्लङ्घन गर्दै छन् । किनभने तिनीहरूलाई आफ्नो स्वतन्त्रता पुनःस्थापना गर्ने हक छ । मैले भन्दै आएकी छु, यो नै आधारभूत कानुन हो । जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ । जनता अरूको कब्जा र अत्याचारमा बस्ने छैनन् । इतिहासले सिकाएकै छ, प्रतिकारमा उत्रेर नै जनताले आफ्नो गरिमा र भूमि जोगाउन सक्छन् ।"

साम्राज्यवाद नयाँ उग्र-साम्राज्यवादी चरणमा प्रवेश गर्न थालेको छ । मिचाहा र तीव्र गतिमा क्रियाशील साम्राज्यवाद नै उग्र-साम्राज्यवाद हो । आफैलाई बाँधेका सिक्रीहरूसँग पनि पतनोन्मुख साम्राज्य जुध्दै छ । बेलाबेला बल्झिरहेको उसको तनावलाई अमेरिकी सेनाको जाँतोमुनि पिल्सिएका कङ्गो, प्यालेस्टिन, सोमालिया, सिरिया र यमनका करोडौं जनता अनुभव गर्दै छन् । साम्राज्यवादको घाउ कतै बल्झियो कि सबैको ध्यान मोड्न यी जनताको टाउकोमा लठ्ठी बज्रिहाल्छ ।

यद्यपि यो शीतयुद्धले सुरु गरे जस्तो जताततै छद्म युद्ध गर्दै हिँड्ने र लगत्तै विश्व बैङ्क तथा अन्य विकास सङ्घसंस्थामार्फत आर्थिक साम्राज्यवाद लागु गर्ने शैलीमा हिँडिरहेको छैन । यो पाट पल्टिँदै गरेका अर्बपतिहरूको साम्राज्यवाद हो । यिनीहरू आफू टाट पल्टे पनि फर्केर आफ्नो जहाजमा फर्किन सकिन्छ भन्नेमा ढुक्क छन् । यसले आफ्ना फुर्तिला पाखुरा सुर्क्याइरहेको छ । सेना यसको बलियो पाखुरा हो । यद्यपि झिनो उत्पादन शक्ति र पछि फर्किन नसक्ने बिन्दुमा पुगेको वित्तीय शक्तिका कारण अमेरिकाले साम्राज्य जमाउने प्रविधिमाथि नियन्त्रण गुमाइरहेको महसुस गर्दै छ । अब उसको गठ्ठाघरमा साम्राज्य टिकाउने साधन बिस्तारै घट्दै छन् । त्यसैले ऊ आफूसामुन्ने भएको साधन प्रयोग गर्न खोज्छ । साम्राज्यवादसामु अहिले दुई उपाय छन् - (सत्य नियन्त्रण गर्ने) संस्कृति र युद्ध ।

उग्र-साम्राज्यवादका दाउपेचहरू केही हदसम्म आधुनिक बहुपक्षीय हाइब्रिड युद्धकलाले तय गर्छ । यसमा कानुनी लडाइँ, उग्र आर्थिक प्रतिबन्ध, राष्ट्रिय सञ्चिती र संसाधनको अधिग्रहण र अन्य गैरसैनिक युद्धकला पर्छन् । विचारधाराको लडाइँमा दबदबा कायम गर्न साम्राज्यवादले निगरानी गर्ने नयाँ प्रविधिक उपकरण र डिजिटल युगसँगै आएका लक्षित सम्पर्कलाई प्रयोग गर्दै छ । यस सिलसिलामा उसले सत्यका विरुद्ध अझ घृणित र गुप्त उपायहरू अपनाउँदै छ । दक्षिणी गोलार्द्धविरुद्ध भएका अनगिन्ती अपराधहरू उदङ्ग्याउने विकिलिक्सका प्रकाशक जुलियन असान्जलाई राजनीतिक कारागारमा थुन्नु यसैको एउटा उदाहरण हो ।

उत्तरी गोलार्द्ध ४९ देशहरू मिलेर बनेको एकताबद्ध सैनिक, राजनीतिक र आर्थिक गठबन्धन हो । यसमा संरा अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, न्युजील्यान्ड, इजरायल, जापान र दोस्रो कोटीका पश्चिम र पूर्वी युरोपका देशहरू छन् । सैन्य मञ्चमा (नेटो सदस्यको रूपमा) टर्की, दक्षिण कोरिया र ( व्यवहारमा अमेरिकी सैनिक उपनिवेश) फिलिपिन्स पनि हामीले परिभाषित गरेको 'अमेरिकी नेतृत्वको सैनिक गठबन्धन' मा पर्छन् । यद्यपि यी देश दक्षिणी गोलार्द्धका हिस्सा हुन् ।

बितेका २० वर्षमा उत्तरी गोलार्द्धले उल्लेख्य तुलनात्मक आर्थिक पतनको सामना गर्दै छ । साथै उसले राजनीतिक, सामाजिक र नैतिक स्खलन पनि भोग्दै छ । उत्तरी गोलार्द्धका देशहरू प्यालेस्टिनी अधिकारको पक्षमा सर्वसाधारणले सडक र इन्टरनेटको भित्तामा जनाइरहेको विरोधलाई अवैध बनाउन खोजिरहेका छन् । यसबाट नागरिक अधिकार र 'प्रेस स्वतन्त्रता' माथिको तिनको झूटो 'नैतिक' दाबी अहिले पूरै मजाक बन्न पुगेको छ । विश्वका गैरगोरा जातिका मानिसहरूको अपमान र विनाशलाई पूर्ण समर्थन गर्दा मानिसहरू उपनिवेशवादी इतिहासलाई झलझली सम्झिँदै छन् । साझा 'गोरो असुरक्षा' भन्न सकिने यस प्रवृत्तिलाई मानिसहरू उदङ्ग्याउँदै छन् ।

दक्षिणी गोलार्द्धका देशहरूमा पूर्व उपनिवेश र अर्धउपनिवेशहरू पर्छन् । यसमा गैर युरोपेली भएर पनि स्वाधीन रहेका देशहरू थोरै छन् । साथै, केही पहिले र अहिलेका समाजवादी देशहरू छन् । दक्षिणी गोलार्द्धका धेरै देशमा राष्ट्रिय मुक्ति, स्वाधीनता, विकास र पूर्ण आर्थिक एवम् राजनीतिक सम्प्रभुताको सङ्घर्ष पूरा हुन बाँकी छ ।

शब्दका आआफ्नै सीमा हुन्छन् । तैपनि हामीले यहाँ 'उत्तरी गोलार्द्ध' र यदाकदा 'पश्चिम' लाई समानार्थीको शब्दको रूपमा प्रयोग गर्नेछौं । यिनलाई अझ सटिक शब्दमा 'अमेरिका नेतृत्वको साम्राज्यवादी खेमा' भनी लेख्नेछौं । हामी उत्तरी गोलार्द्धलाई चार 'घेरा' मा विश्लेषण गर्नेछौं । बाँकी विश्व अहिले 'दक्षिणी गोलार्द्ध' भनी चिनिन्छ । यसको ठूलो हिस्सालाई पहिले 'तेस्रो विश्व' भनिन्थ्यो । दक्षिणी गोलार्द्धलाई हामी ६ 'समूह' मा विश्लेषण गर्नेछौं । यसका लागि हामीले ती देशमा सत्ता परिवर्तन गराउन कत्तिको निसानामा राखिएको छ र अन्तर्राष्ट्रिय एवम् साम्राज्यवादविरोधी अडानलाई सार्वजनिक रूपमा राख्न ती देशका सरकारहरूले कत्तिको भूमिका खेलेको छन् भन्ने कुरालाई आधार बनाएका छौं । (हेर्नुहोस् - चित्र १) उत्तरी गोलार्द्ध बाँकी विश्व अथवा दक्षिणी गोलार्द्धसँग अत्यन्त उच्च तहको द्वन्द्वमा छ ।

*('ट्राइकन्टिनेन्टल : सामाजिक अध्ययन संस्थान' आन्दोलन केन्द्रित अन्तर्राष्ट्रिय संस्था हो । यसले राजनीतिक आन्दोलनलाई सघाउ पुग्ने गरी अनुसन्धानहरू गर्दै आएको छ । यसले राजनीतिक अर्थशास्त्र अनि सामाजिक सोपानको ज्ञानलाई आन्दोलनबिचको खाडल पुर्ने प्रयास गर्ने गर्छ । यसरी यो संस्था एउटा बुद्धिजीवीदेखि लिएर सामान्य कामदार समेतलाई प्रभावित गर्ने पुँजीवादी विचारधाराविरुद्ध 'विचारको लडाइँ' मा समर्पित हुँदै आएको छ । स्रोत : एमआर अनलाइन । सम्यक)*

# ‘चिनियाँ आधिपत्य’ को बारेमा पश्चिमको डर यसको आफ्नै क्रूर इतिहासबाट उत्पन्न

पेइचिङ । ‘चिनियाँ प्रभुत्व’ को पश्चिमी मान्यताहरूले आफ्नै पूर्वाग्रहहरू झल्काउँछ र कुनै पनि शक्तिशाली राष्ट्रले अनिवार्यरूपमा सर्वोच्चता खोज्नेछ भन्ने पूर्वकल्पित धारणालाई चित्रण गर्दछ ।

पब्लिक पोलिसी जर्नल प्लेटफर्म पर्ल्स एन्ड इरिटेसनले पश्चिमले चीनलाई आफ्नै आँखाले हेरेको देखाएको छ । यसले पश्चिमाहरूले यस्तै परिस्थितिहरूमा चाल्ने कदमहरू थाल्न चीनलाई सल्लाह दिन्छ ।

यो गलत तर देखिने प्लेटफर्म नोटहरूको प्रेरणा पत्ता लगाउन गाह्रो छैन । “पश्चिमी विश्लेषकहरू भू-राजनीतिक सन्दर्भहरूको समाधानको लागि युरोपेली इतिहासमा फिर्ता जान आवश्यक जुन हुन्छ अनिवार्य रूपमा प्रभुत्वको अवधारणामा आधारित हुन्छन् ।”

ऐतिहासिकरूपमा, स्पेन, नेदरल्याण्ड्स, बेलायत र फ्रान्सलगायत धेरै पश्चिमी शक्तिहरूले सैन्य आक्रामकता, औपनिवेशिक शोषण र दमनमार्फत प्रभुत्व स्थापित गरे । विगतका शताब्दीहरूमा द्वन्द्व र युद्धहरूको बिचमा उनीहरूको वर्चस्वको खोजी प्राय: प्रकट गरेका थिए ।

पाकिस्तानी विद्वान इक्रामुल हकले अवलोकन गरेझैं पश्चिमा वर्चस्व उपनिवेशीकरण र विकासोन्मुख देशहरूको दुखद लुटपाटसँगै आयो । तर, दुई विश्वयुद्धसँगै आधिपत्यवादको मानसिकता मरेको छैन र केही पश्चिमी देशहरू अझै पनि आधिपत्यवादी मानसिकतामा फसेका छन् ।

धेरै विकासोन्मुख देशहरूले लामो वर्षको सङ्घर्षपछि सार्वभौमसत्ता प्राप्त गरेका छन्, तर उनीहरूले पश्चिमा प्रभुत्वको अन्तर्राष्ट्रिय व्यवस्थाअन्तर्गत दमन र नाकाबन्दीको सामना गरिरहेका छन् । औपनिवेशिकता र हिंसाको इतिहासले आकारमा वर्चस्वको भूत कायम रहन्छ । तसर्थ, शक्तिशाली देशहरूले आधिपत्यको पछि लाग्ने विश्वास पश्चिमी संसारमा हावी भएको छ ।





यद्यपि, पश्चिमी पर्यवेक्षकहरूले संस्कृति, इतिहास र विकासको मार्गमा चीन र पश्चिमबिचको भिन्नतालाई स्वीकार गर्नुपर्छ । आफ्नो शक्तिको बावजुद चीनले सैन्य विस्तार र आक्रमणबाट टाढा रहयो । मिङ राजवंशमा, चिनियाँ नेभिगेटर झेङ हेले अन्य राष्ट्रहरूको पश्चिमी अधीनताको विपरीत, ३० भन्दा बढी राज्यहरूसँग मैत्री सम्बन्ध स्थापना गर्दै सातवटा यात्राहरू गरे ।

चीनको राजनीतिक दर्शनले शान्ति, सद्भाव र विश्वव्यापी कल्याणलाई प्राथमिकता दिएको छ । थाई विद्वान विरुन फिचका अनुसार आधिपत्यको खोजी नगरी राष्ट्रिय शक्ति वृद्धि गर्ने यसका विकास सिद्धान्तहरू र रणनीतिक अवधारणासँग मेल खान्छ ।

पश्चिमी-केन्द्रित प्रतिमानहरूको विपरीत, चीनले समावेशीता, सभ्यताहरूबिचको पारस्परिक सम्मान र विकासको लागि प्रत्येक देशको निष्पक्ष दृष्टिकोणलाई अङ्गालेको छ । यसको सद्भावको खोजले सभ्यताहरूबिचको आदानप्रदान र पारस्परिक शिक्षाद्वारा परिभाषित थप समावेशी विश्व व्यवस्थालाई पालनपोषण गर्न मद्दत गर्दछ ।

विश्वमा आधिपत्यवादी मानसिकताले अझै प्रभाव पारेको छ, चीनको शान्तिपूर्ण विकासको प्रयासले अन्य राष्ट्रहरूलाई बहुमूल्य पाठहरू प्रदान गर्दछ । देशको द्रुत विकासले मानव सभ्यतालाई अगाडि बढाउन नयाँ तरिकाहरू खोज्न इच्छुक धेरैको ध्यान खिचेको छ ।

“चिनियाँ आधुनिकीकरणले विकासोन्मुख देशहरूलाई धेरै मूल्यवान् पाठहरू प्रदान गर्दछ, “फिचाइवोङफाकडीले भन्नुभयो । उहाँले बेल्ट एन्ड रोड इनिसिएटिभले विकासोन्मुख देशहरूको पूर्वाधार सहयोग र प्राविधिक आविष्कारको हितमा काम गर्ने र उनीहरूलाई विश्वव्यापी शासनमा सहभागी हुन मद्दत गर्ने बताउनुभयो ।

अर्जेन्टिनाको ला प्लाटाको नेशनल युनिभर्सिटीका सहायक प्राध्यापक गेब्रियल मेरिनोले फिचाइवोङफाकडीसँग प्रतिध्वनि गर्दै भन्नुभयो कि विश्वभरि नै आधिपत्यवाद अझै व्याप्त छ, चीनले शान्तिपूर्ण विकासको बाटो सफलतापूर्वक प्रज्वलित गरेको छ, जसले अन्य विकासशील देशहरूलाई उत्कृष्ट अनुभव र सन्दर्भ प्रदान गरेको छ ।

अन्तर्राष्ट्रिय समुदायमा शान्तिप्रति चीनको अटल प्रतिबद्धताले विश्वव्यापी सहयोग र साझा समृद्धिको व्यापक दृष्टिकोणलाई झल्काउँछ । देशलाई प्रभुत्व खोज्ने कुनै चासो छैन । ‘चिनियाँ वर्चस्व’ माथिको उन्मादले सङ्कीर्ण राजनीतिक मानसिकता झल्काउँछ, जबकि चीनले विश्वव्यापी हितका लागि आफ्नो प्रभावलाई निरन्तरता दिइरहेको छ । ‘चिनियाँ वर्चस्व’ माथिको उन्मादले सङ्कीर्ण राजनीतिक मानसिकता झल्काउँछ, जबकि चीनले विश्वव्यापी हितका लागि आफ्नो प्रभावलाई निरन्तरता दिइरहेको छ ।

# आधुनिकीकरणको प्रक्रियामा चीनले अधिकारको रक्षा गर्छ, साझा विकासलाई महसुस गर्छ

*(सम्पादकको नोट : संयुक्त राष्ट्र मानव अधिकार परिषद्ले यस हप्ता स्वीट्जरल्याण्डको जेनेभामा विश्वव्यापी आवधिक समीक्षामा कार्य समूहको ४५ औं सत्र सुरु गरेको छ । बुधबार धेरै चिनियाँ विद्वानहरूले चिनियाँ आधुनिकीकरण र मानवअधिकार संरक्षणको मुद्दामा चाइना सोसाइटी फर ह्युमन राइट्स स्टडीजद्वारा आयोजित सत्रको साइड इभेन्टमा छलफल गरे । हामीले चीनको मानवअधिकारको प्रगतिलाई सबै तहमा देखाउनका लागि तीनजना विज्ञहरूको भनाइलाई जस्ताको तस्तै प्रकाशित गरेका छौं ।)*

**रेमिना सियाओकाइटी, सिनजियाङ विश्वविद्यालयका सहप्राध्यापक**

चिनियाँ आधुनिकीकरणका कारण सिन्जियाङमा मानव अधिकारले ठूलो प्रगति गरेको छ । सिन्जियाङको आर्थिक र सामाजिक विकासमा अभूतपूर्व उपलब्धिहरूले सबै जातीय समूहहरूको उपलब्धि, खुशी र सुरक्षाको भावनासहित व्यक्तिको जीविकोपार्जनमा वृद्धि भएको छ ।

सन् २०१२ देखि सिन्जियाङले जनताको हितका लागि रोजगारी परियोजनाहरू कडाइका साथ कार्यान्वयन गर्दै आएको छ, व्यावसायिक तालिममा निरन्तर वृद्धि गरेको छ, रोजगारीका माध्यमहरूलाई सक्रिय रूपमा फराकिलो बनाएको छ र रोजगारी क्षमतालाई प्रभावकारी रूपमा विस्तार गरेको छ । रोजगारीको स्थितिमा निरन्तर सुधार भएको छ, सबै जातीय समूहहरूको आय स्तर बढेको छ र जीवनको गुणस्तरमा पनि सुधार भएको छ ।

उदाहरणका लागि, यो कार्यक्रम ग्रामीण स्याटेलाइट (भू-उपग्रह) बनाउने कारखानाहरू स्थापना गर्न र स्थानीय परिस्थिति अनुसार रोजगारीलाई आत्मसात गर्न गरिबी निवारण कार्यशालाहरूलगायत अतिरिक्त ग्रामीण श्रमका लागि स्थानीय रोजगार नीतिको कार्यान्वयनमा केन्द्रित छ ।

शिक्षा परियोजनाको कार्यान्वयनले सिन्जियाङमा पूर्व-विद्यालय शिक्षा, नौ वर्षको अनिवार्य शिक्षा, उच्च विद्यालय शिक्षा, उच्च शिक्षा र व्यावसायिक शिक्षाको इतिहासमा उच्च स्तरमा पुऱ्याएको छ । यसबाहेक सिन्जियाङमा कामदारको गुणस्तरमा उल्लेखनीय सुधार भएको छ ।

सिन्जियाङले सामाजिक समानता र समानताको रक्षा गर्न र व्यक्तिहरूको समग्र विकासको प्रवर्द्धन गर्न अथक प्रयास गरेको छ, कानुन र अन्तर्राष्ट्रिय समुदायको साझा मूल्यमान्यताअनुरूप सबै जातीय समूहहरूको रोजगारीको अधिकार र हितको रक्षा गरेको छ र व्यक्तिहरूको लागि सभ्य जीविकोपार्जन सृजनालाई उच्च महत्त्व दिएको छ ।

सिन्जियाङले जनकेन्द्रित दृष्टिकोण अपनाएको छ, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सभ्य कार्य एजेन्डाजस्ता पहलहरूलाई समर्थन गर्ने र चीनका लागि सभ्य कार्य देश कार्यक्रम (२०१६-२०२०) लगनशीलताका साथ लागू गरेको छ ।

केही पश्चिमी देशहरूले सिन्जियाङमा



‘जबरजस्ती श्रम’ को अस्तित्वको बारेमा जालसाजी र अनुमानका आधारमा चिनियाँ उद्यमहरूमाथि प्रतिबन्ध लगाएका छन् । यो एकतर्फी बदमासीको रूप हो र यसले क्षेत्रको समृद्धि र स्थिरतालाई कमजोर बनाउँछ ।

दक्षिणी क्षेत्रका कपास उत्पादकहरूलाई विभिन्न सर्वेक्षणहरू, नयाँ प्रविधिहरू, मेसिनरी र उपकरणहरू प्रस्तुत गरिएको छ । जसले गर्दा सम्पूर्ण प्रक्रियामा पूर्ण स्वचालित उत्पादन प्रक्रिया प्राप्त भएको छ । यो उल्लेखनीय छ कि मेसिनबाट कपास उठाउने चलन प्रचलित भएको छ । उदाहरणका लागि, अक्सु प्रिफेक्चरमा मेसिनद्वारा कपास काट्ने क्षेत्रले कुल कपास खेती क्षेत्रको ७१.३ प्रतिशत ओगटेको छ । विशेषीकृत कपास सहकारीहरू सामान्यतया स्थापित हुन्छन्, जसले कपास उत्पादनको स्तरमा ठूलो वृद्धि गर्दछ ।

**सियाउ वु, राजनीतिशास्त्र र कानुनको दक्षिण पश्चिम विश्वविद्यालयको मानव अधिकार अनुसन्धान संस्थानमा सहयोगी प्रोफेसर**

कानुनअनुसार सिजाङ (तिब्बत) को शासनको सर्वोच्च प्राथमिकता जनवादी गणतन्त्र चीनको संविधानको विधायी अधिकारलाई कायम राख्नु हो र कानुनको अगाडि सबै समान छन् भन्ने सिद्धान्तलाई पालना गर्नु हो । स्थायित्व मर्मत कानुनी दायराभित्र कडाइका साथ सीमित छ र कानुनी सोच र कानुनी विधिहरूको निर्देशनमा अभ्यास गरिन्छ । दण्ड- सजायको एउटै कारण कानुनको उल्लङ्घन हो । न्यायसङ्गत कारणबिना कुनै हिरासत छैन, कुनै गैरकानुनी कैद छैन, कुनै स्वतन्त्रता हनन र विशिष्ट जातीय समूह वा समुदायलाई लक्षित गर्दै उत्पीडन छैन, सिजाङ अल्पसङ्ख्यक र धार्मिक विश्वासीहरूविरुद्ध कुनै विभेदित सजाय गरिएको उल्लेख छैन ।

जनवादी गणतन्त्र चीनको संविधान र फौजदारी प्रक्रिया कानुनले गिरफ्तारी र नजरबन्दजस्ता जबरजस्ती उपायहरू लागु गर्ने अवस्था र प्रक्रियाहरू स्पष्ट रूपमा निर्दिष्ट गरेको छ । हामीले सिक्यौं कि सिनजियाङमा सबै तहका कानुन प्रवर्तन र न्यायिक अधिकारीहरूले कडाइका साथ कानुनी नियमहरूको पालना गर्छन् । तिनीहरूले लगातार जबरजस्ती उपायहरू मानकीकरण गर्छन्, हिरासतमा जबरजस्ती उपायहरूको प्रयोगलाई कम गर्छन्, कडाइका साथ परीक्षणको वरिपरि केन्द्रित फौजदारी न्याय प्रणालीको सुधारलाई बढावा दिन्छन् र प्ली बार्गेनिङजस्ता उदारता प्रणालीहरूलाई सक्रियरूपमा सुधार गर्छन् ।

सिजाङका सबै जातजातिका मानिसहरूले राज्य र स्थानीय मामिलामहरू व्यवस्थापन गर्नका लागि कानुनद्वारा प्रदान गरिएका विभिन्न अधिकारहरूको आनन्द लिन्छन् । तिनीहरूले आफ्नो दैनिक जीवनमा व्यापकरूपमा र पूर्ण रूपमा आफ्नो प्रजातान्त्रिक अधिकारहरू प्रयोग गर्छन्, जसमा जानकारी पाउने, सहभागी हुने, विचार व्यक्त गर्ने र राज्य र सामाजिक मामिलाहरूको पर्यवेक्षण गर्ने अधिकार समावेश छ । सबै कानुनी माग र अभिव्यक्तिहरू कानुनद्वारा सुरक्षित छन् र व्यक्तिहरूलाई आलोचना र सुझाव दिने अधिकारजस्ता उनीहरूको अधिकारको प्रयोगको लागि दण्डित गरिने छैन ।

सिनजियाङमा तिब्बती बौद्ध धर्म, बोन, क्याथोलिक र इस्लाम सहित तर सीमित छैन, विभिन्न धर्महरू सहअस्तित्वमा छन् । सबै धर्म र धार्मिक सम्प्रदायहरू समान छन्, र सबै धार्मिक विश्वासीहरू र गैरविश्वासीहरूलाई समान सम्मान र संरक्षणको साथ व्यवहार गरिन्छ । सिनजियाङमा तिब्बती बौद्ध गतिविधिहरूको लागि १७०० भन्दा बढी साइटहरू र धार्मिक विश्वासीहरूको सामान्य धार्मिक आवश्यकताहरूलाई पूरा गर्न १७०० भन्दा बढी धार्मिक र लोक गतिविधिहरू छन् ।

राज्यको कानुनले धार्मिक नियमहरूलाई पछाडि पार्छ, जबकि धार्मिक विश्वासीहरू पहिलो र प्रमुख नागरिक हुन् । कतिपय धर्मावलम्बीले कानुनको प्रावधानलाई उल्लङ्घन गर्ने कार्यका कारण कानुनबमोजिम दण्डित र सजाय भोग्नुपर्ने उनीहरूको धार्मिक आस्थासँग कुनै सम्बन्ध छैन । हामीले धार्मिक आस्थाको आधारमा मानिसहरूलाई गिरफ्तार गरी दोषी ठहर गरेको कुनै पनि मुद्दा फेला पारेनौं ।

**चाङ जियान, नानकाई विश्वविद्यालयको मानव अधिकार अनुसन्धान केन्द्रका निर्देशक**

चिनियाँ आधुनिकीकरणको लक्ष्य वस्तुको व्यापक संवर्द्धन मात्र होइन मानव जातिको व्यापक विकासलाई प्रवर्द्धन गर्नु पनि हो । स्वतन्त्र र व्यापक मानव विकासको प्राप्ति चिनियाँ आधुनिकीकरणको आधारभूत लक्ष्य मात्र होइन, चीनको मानवअधिकार उद्देश्यको विकासमा पछ्याउने अन्तिम मूल्य पनि हो । बाँच्नको अधिकार, सहभागिता, स्वतन्त्रता र समानताको रक्षा गर्ने चीनको प्रयासले आधुनिकीकरणको प्रक्रियामा सबै जनताको स्वतन्त्र, व्यापक र साझा विकासलाई साकार पार्ने अवस्था सिर्जना गरेको छ ।

पहिलो, मानव विकासका लागि समान भौतिक र आर्थिक आधार चाहिन्छ । यस उद्देश्यका लागि, चीनले विकासको माध्यमबाट मानव अधिकारको प्रवर्द्धनमा जोड दिइरहेको छ, आफ्नो उत्पादक क्षमता बढाउने प्रयास गरिरहेको छ र विकासको फललाई आफ्ना जनताको जीवनस्तरमा सुधार गर्न प्रयोग गर्दछ, उनीहरूको निर्वाहको अधिकारको संरक्षणको स्तर निरन्तर बढाउँदैछ । उदाहरणका लागि सामाजिक सुरक्षाको अधिकारको संरक्षण गर्ने क्षेत्रमा चीनले सबै मानिसहरूलाई ढाकछोप गर्नुपर्छ भन्ने महसुस गर्दै विश्वको सबैभन्दा ठूलो सामाजिक सुरक्षा प्रणाली निर्माण गरेको छ ।

दोस्रो, व्यापक मानव विकासका लागि सामाजिक जीवनका सबै क्षेत्रमा पूर्ण सहभागिता आवश्यक हुन्छ । यस उद्देश्यका लागि, चीनले जीवनका सबै क्षेत्रमा समाजका सदस्यहरूको पूर्ण सहभागिताको लागि उपयुक्त परिस्थितिहरू प्रदान गर्न उपयुक्त प्रणालीहरू स्थापना गर्न र विभिन्न नीतिगत उपायहरू अपनाएको छ ।

उदाहरणका लागि, राजनीतिक क्षेत्रमा चीनले सम्पूर्ण प्रक्रियामा जनताको प्रजातन्त्रलाई सक्रिय रूपमा प्रवर्द्धन गर्दैछ, नागरिकको मतदान गर्ने, जानकारी पाउने, आफ्नो अभिव्यक्ति दिने, सहभागी हुने र निर्वाचन, निर्णय लिने, व्यवस्थापन र पर्यवेक्षण, परामर्शलगायत शृङ्खलाका सबै चरणहरूमा निगरानी गर्ने अधिकारको संरक्षण गर्दै आएको छ ।

तेस्रो, सबै मानव जातिको स्वतन्त्र विकासका लागि नागरिकको सबै स्वतन्त्रताको अधिकारलाई कानुनबमोजिम सुरक्षित गर्न आवश्यक छ । चीनले नागरिकको व्यक्तिगत स्वतन्त्रता र सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र धार्मिक आस्थाको स्वतन्त्रताको अधिकारको रक्षा गर्न विभिन्न कानुन र नियमहरू बनाएको छ ।

अन्तमा, सबै जनताको साझा विकासको लागि अधिकारको समान उपभोगको ग्यारेन्टी र समाजमा विपन्न वर्गको अधिकारको विशेष संरक्षणको आवश्यकता पर्दछ । चीनले जातीय अल्पसङ्ख्यक, महिला, बालबालिका, वृद्ध र अपाङ्गता भएका व्यक्तिहरूजस्ता विशिष्ट समूहहरूको अधिकारको रक्षा गर्न, उनीहरूलाई कुनै पनि प्रकारको भेदभावबाट जोगाउन र तिनीहरूको हेरचाह र आवश्यकताहरू पूरा गर्ने सुनिश्चित गर्न सक्रिय कदम चालेको छ ।

*- ग्लोबल टाइम्स*

**नेमकिपाको....**

फस्दै गएको बताउनुभयो। शासक दलहरूले आफूलाई छेपारोले जस्तै रङ फेरिराख्ने हुँदा जनता पटकपटक झुक्किने गरेको उल्लेख गर्दै उहाँले नागरिक सचेत रहनुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष नरदीप शाहीले नेपालको कम्युनिस्ट आन्दोलनमा नेपाल मजदुर किसान पार्टीको स्थापना हुनुका आधारहरूबारे चर्चा गर्दै नेमकिपा पद र पैसाको लागि राजनिति गर्ने पार्टी नभएको बताउनुभयो। समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानमा जुटेको विचार पनि उहाँले व्यक्त गर्नुभयो।

पार्टी जिल्ला समिति कालीकोटका सहसचिव रवीन्द्रबहादुर शाही, नेक्रामहिलासङ्घका केन्द्रीय सदस्य जैसरा रोकामगरले पनि बोल्नुभएको थियो। जिल्ला सदरमुकाम मान्मबाट सुरु भएको र्‍याली प्रतिमा चोकमा पुगेर कोणसभामा










परिणत भएको थियो। कार्यक्रमको बिच बिचमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू देखाइएको थियो।

**बाँके**

नेमकिपाको ५० औं स्थापना दिवसको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपा बाँकेका अध्यक्ष बखत थापाले नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको खोटो विचार, जनताको वर्गीय शत्रु मित्रको पहिचान र अन्तर्राष्ट्रिय परिस्थितिमा देखिएको मतभेदको कारण नेमकिपा स्थापना भएको




हो भन्नुभयो।

मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारलाई मार्ग निर्देशक मानी अघि बढिरहेको उल्लेख गर्दै उहाँले नेमकिपा मार्क्सवादको ऐतिहासिक द्वन्द्वात्मक र भौतिकवादमा विश्वास गर्छ भन्नुभयो।

देश र जनताको नि:स्वार्थ सेवालाई मूलमन्त्र मानी काम गरिरहेको उल्लेख गर्दै अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवादको एकाधिकार पुँजी र त्यसका दलाल पुँजीपतिवर्गको विरोध सडक र सदनमा सङ्घर्ष गर्ने पार्टी नेमकिपा हो भन्नुभयो।

नेमकिपा बाँकेका उपाध्यक्ष गौरीकान्त आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेमकिपा बाँकेका सदस्य अंजिर शाहीले स्वागत गर्नुभयो।

नेक्राशिसङ्घका संयोजक वीरबहादुर चौधरी, नेक्रामसङ्घका अध्यक्ष कोकिला शाही, नेक्रायुसङ्घका अध्यक्ष प्रकाश शाह, नेक्राविसङ्घका अध्यक्ष भावना थापा, नेमकिपा दैलेखका जिल्ला सदस्य शेरबहादुर बिकले पनि बोल्नुभएको थियो।

कार्यक्रमको बिच बिचमा थारु भाषाको गीतमा नृत्य देखाइएको थियो। भावना सिंहले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो।

यसैबिच नेमकिपा कोहलपुर नगर समितिको भेलाले शेरबहादुर शाहीको अध्यक्षतामा १० सदस्यीय कोहलपुर पार्टी नगर समिति गठन गऱ्यो।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी बैजनाथ गाउँ समितिको आयोजनामा शनिबार एक प्रशिक्षण कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपा बाँकेका अध्यक्ष बखत थापाले पार्टी स्थापनाको आधारबारे प्रस्ट पार्दै नेमकिपा काम गरी खाने बहुमत जनताको हितमा स्थापना भएको हो भन्नुभयो।

सामन्तवादी र पुँजीवादी व्यवस्था अन्त्य गरी समाजवाद स्थापना गर्ने यात्रामा लामबद्ध हुन आग्रह गर्दै उहाँले समाजवादी व्यवस्था स्थापना भएमा जनताको गाँस, बास, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने विचार व्यक्त गर्नुभयो।

कार्यकर्ताहरू कामदारवर्गका जनताको सेवामा इमानदारीपूर्वक लाग्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हरियो घाँसभित्र लुकेका सर्परूपी चुसाहाहरूदेखि जहिल्यै सतर्क हुनुपर्छ भन्नुभयो।

उहाँले राजनीति कमाइ खाने भाँडो होइन त्यो त नि:स्वार्थपूर्वक देश र जनताको सेवा गर्ने राजनीति हो भन्नुभयो।

नेमकिपा बैजनाथका अध्यक्ष तुल्सीप्रसाद आचार्यको सभापतित्वमा भएको सो कार्यक्रममा पार्टी जिल्ला उपाध्यक्ष गौरीकान्त आचार्य, सुर्जा थापा र मोहनलाल थापाले पनि बोल्नुभएको थियो।

नारायणी चौधरीले स्वागत गर्नुभएको सो कार्यक्रममा भावना शाहीको कविता वाचन र स-साना नानीहरूको नृत्य प्रस्तुत गरिएको थियो।

**दोलखा**

नेमकिपा, दोलखा जिल्ला समितिको आयोजनामा बुधबार पार्टीको स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालले नेमकिपाको स्थापना नभएको भए नेपालमा संशोधनवाद, वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोध गर्ने कम्युनिस्ट पार्टी नै हुने थिएन भन्नुभयो।

उहाँले भन्नुभयो, "मजदुर र किसानमाझ अन्तरक्रिया कार्यक्रम गर्दै राजनैतिकरूपमा सचेत गर्नु आजको आवश्यकता हो।"

नेमकिपा दोलखा जिल्ला समितिका अध्यक्ष केजी श्रेष्ठले नेमकिपाले सदा नेपाली जनताको हित र देशको सार्वभौमिकताको सुरक्षा, राष्ट्रिय अखण्डता र भारतीय एकाधिकार पुँजीको विरुद्ध निरन्तर सङ्घर्ष गर्दै आइरहेको हो भन्नुभयो।

नेक्रायुसङ्घका जगतराम धुख्वाले पुँजीवादी सरकारबाट बहुसङ्ख्यक कामदार वर्गको हित हुँदैन भन्नुभयो।

अन्तरक्रिया कार्यक्रममा आबी मास्के, तीर्थरत्न, डीवी जिरेल, केबी सुवाल, मयप्रसाद शिवाकोटीले प्यालेस्टिनी जनतामाथि इजरायली फासीवादले संरा अमेरिका र बेलायतको उक्साहमा गरिरहेको आक्रमण र नरसंहारको विरुद्ध नेमकिपाले सङ्घर्ष गरिरहेको प्रकाश पार्नुभयो।

**काठमाडौँ**

नेमकिपा सिन्धुली जिल्ला समितिको व्यवस्थापनमा नेमकिपामा आबद्ध कार्यकर्ता र शुभचिन्तकमाझ मङ्गलबार काठमाडौँमा अन्तरक्रिया कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले पार्टीको ५० औं पार्टी स्थापना दिवस वर्षभरि प्रशिक्षणात्मक कार्यक्रम गर्दै मनाउने केन्द्रीय परिषद्को निर्णयअनुसार कार्यक्रम भइरहेको जानकारी दिँदै चुनावबाट समाजवाद ल्याउने सोच संशोधनवाद हो; संशोधनवादी विचार बोक्ने पार्टी कम्युनिस्ट हुँदैन भन्नुभयो।

कार्यक्रममा एलपी गौतमले नेमकिपाका जनप्रतिनिधिहरूले नेमकिपाको घोषणापत्रअनुसार भक्तपुरको लागि मात्र होइन सारा देशका जनताको लागि काम गरिरहेको बताउनुभयो।

नेमकिपा सिन्धुलीका अध्यक्ष कृष्ण श्रेष्ठको सभापतित्वमा भएको उक्त अन्तरक्रिया कार्यक्रममा एनके ग्वाछा, लक्ष्मण ग्वाछा, रणबहादुर क्षेत्री, हरि गोर्खाली, के. एस. मचामसी र गीता दुवालगायतले बोल्नुभयो।

**सिन्धुपाल्चोकका कार्यकर्तामाझ स्थापना दिवसमा अन्तरक्रिया**

सिन्धुपाल्चोक। नेमकिपा सिन्धुपाल्चोकका कार्यकर्तामाझ मङ्गलबार एक अन्तरक्रियात्मक छलफल कार्यक्रम भयो।

डी.वी. कायस्थको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपाका वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले नेमकिपाले देशमा आमूल परिवर्तनको लागि राजनैतिक शिक्षा दिँदै आइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "भक्तपुर नगरभित्र शिक्षा, स्वास्थ्य, वातावरण सुधार, सरसफाइ, कला संस्कृति संरक्षण, व्यवस्थित आवास क्षेत्र निर्माण, खेलकुद, राजनैतिक चेतना विकास गर्ने कार्यमा राम्रो सफलता मिलेको छ।"

कर्मचारी समाजका गौरवले भन्नुभयो, "यहाँका जनतामा सांस्कृतिक स्तरको विकास गर्न जरुरी छ। पार्टीको कार्य वा जनताको सेवा कार्यलाई नियमित कार्य वा कर्तव्यबोध हुने गरी अगाडि बढ्नु छ।"

कार्यक्रममा रण राना, एच.आर. गोर्खाली, शिला, राजमती, लक्ष्मीप्रसाद, लक्ष्मीदास श्रेष्ठलगायतले नेपालमा समाजवादी व्यवस्था स्थापना गर्न कामदार जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्ने काम गरिरहेको बताउनुभयो।

**उदयपुर**

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा कटारी नपा वडा नं. ११ मा हर्दनीमा कार्यकर्ता भेला भयो।

भेलामा नेमकिपा कोसी प्रदेश सदस्य महेन्द्र बखुन्छेँले पार्टी किसानहरूको जगमा उभिएर स्थापना भएको बताउँदै नेमकिपाले देश र जनताको नि:स्वार्थरूपले सेवा गरिरहेको बताउनुभयो।

उहाँले सार्वभौमसत्ता रक्षा गर्न र गरिबवर्गको हितमा काम गरिरहेको चर्चा गर्नुभयो। देशका ठूला कम्युनिस्ट भनिएका माओवादी, एमाले र समाजवादीजस्ता पार्टीहरू मार्क्सवाद, लेनिनवाद र माओ विचारधारामा सैद्धान्तिक विचलन आएको बारे उहाँले बताउनुभयो।

नेमकिपा उदयपुर जिल्ला संयोजक विष्णुबहादुर खत्रीले नेमकिपामा आबद्ध भई सैद्धान्तिक रूपमा परिपक्क हुन पार्टी प्रकाशनहरू निरन्तररूपमा अध्ययन गर्न जोड दिनुभयो।

सो कार्यक्रममा पूर्ण बुढाथोकी, शिवजी त्वायनाबासु र ईश्वरबहादुर खत्रीले पनि बोल्नुभएको थियो। यसैगरी पार्टी स्थापना दिवसको अवसरमा कटारी नपा वडा नं. १४ को घुर्मीमा पनि वडा पार्टीको आयोजनामा छलफल कार्यक्रम भयो।

**भक्तपुर**

नेपाल कर्मचारी समाज जिल्ला समिति भक्तपुरको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औं पार्टी स्थापना दिवसको अवसरमा शुक्रबार प्रवचन कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालले पार्टी स्थापना हुनुका कारणहरू बताउँदै पार्टी ठूलो र सानो सङ्ख्याले नभई पार्टीले गर्ने देश र जनताको पक्षमा हुने योगदान महत्त्वपूर्ण हुने बताउनुभयो।

नेमकिपाले भ्रष्टाचारको विरोध गर्दै जाने उल्लेख गर्दै उहाँले देश र जनताको पक्षमा पार्टीले सडक र सदनमा सङ्घर्ष गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेमकिपा पुँजीवादी निर्वाचनबाट कामदार जनताको हित हुन्छ भन्ने विश्वास गर्दैन। नेमकिपा सङ्घर्षबाट स्थापना हुने समाजवादी व्यवस्थाले मात्र कामदार जनताको भलो गर्छ भन्ने विश्वास गर्छ।"

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले नेमकिपा स्थापना हुनुका कारण र पार्टीले गर्दै आएको सङ्घर्षबारे जानकारी गराउनुभयो।

नेपाल कर्मचारी समाज जिल्ला समितिका अध्यक्ष काजीबहादुर पञ्चको सभापतित्वमा भएको उक्त कार्यक्रममा राजन जती र लक्ष्मीप्रसाद सुवालले पनि बोल्नुभएको थियो।

साथै पार्टी स्थापना दिवसको अवसरमा नेमकिपा सूर्यविनायक वडा नं. ५ एकाइ समितिको आयोजनामा बिहीबार प्रवचन कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको चर्चा गर्दै सङ्गठनले पार्टी कार्यकर्ताको राजनीतिक तथा सांस्कृतिक स्तर उकास्न जोड दिँदै आएको बताउनुभयो।

साम्राज्यवादी संरा अमेरिकाको कठपुतली इजरायली सरकारले प्यालेस्टिनी जनतामाथि गरिरहेको नरसंहार क्षम्य नभएको धारणा राख्दै उहाँले प्यालेस्टिनमाथिको आक्रमण तुरुन्त बन्द गर्नुपर्ने बताउनुभयो।

आयोजक समितिका अध्यक्ष रामकृष्ण बखुन्छेँको अध्यक्षतामा भएको उक्त कार्यक्रममा रमेश वैद्य, सूर्यभक्त त्वाती, जितबहादुर खाइजु, चनमती खुलिमुली र राधेश्याम भुजुले पनि बोल्नुभएको थियो।

साथै नेमकिपाको ५० औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगरपालिका नगर समितिको आयोजनाम शुक्रबार महिला भेला भयो।

भेलामा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले नेमकिपा स्थापनाका आधार र उद्देश्यबारे प्रस्ट पार्नुभयो।

नेमकिपाले भ्रष्टाचार, साम्राज्यवाद र भारतीय विस्तावादको विरोधमा स्थापनाकालदेखि सङ्घर्ष गर्दै आएको छ। नेमकिपाले कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन संशोधनवाद र अराजकतावादी विचारको विरोध गर्दै कामदार जनतालाई राजनैतिकरूपमा सचेत र सङ्गठित गर्ने कार्य गरिरहेको छ, उहाँले भन्नुभयो।

नेमकिपा वाग्मती प्रदेशसभा सदस्य गीता काप्लेले नेमकिपाले शोषितपीडित महिलाहरूको हितमा काम गर्दै आएको छ भन्नुभयो। उहाँले महिलाको हकहितको लागि महिला आफैँ सक्रिय र सङ्घर्षशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

आयोजक समितिका अध्यक्ष सानुमाया लागेजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा कमला गिरी, जीना चाकलुगायतले बोल्नुभएको थियो।

**ललितपुर**

नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा ललितपुरमा एक प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका एम. महर्जनले नेपाल मजदुर किसान पाटीको स्थापना समाजमा आमूल परिवर्तनको लागि 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारको खण्डन', 'रुसी संशोधनवाद सामाजिक-साम्राज्यवादमा पतन', 'नेपाल-भारत सम्बन्ध र भारत' पुस्तकको प्रकाशनसँगै वर्गसङ्घर्ष, राजनैतिक र सैद्धान्तिक सङ्घर्षलाई आधार बनाएर भएको हो भन्नुभयो।

"राजनीतिक दल कुनै दर्शन र वर्गीय आधारमा स्थापना हुन्छ। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक मानेर नेपाल मजदुर किसान पार्टी नेपालको कम्युनिस्ट आन्दोलनभित्रको संशोधनवाद, अवसरवाद, उदारतावादको विरोधमा स्थापना भएको हो।" उहाँले भन्नुभयो।

नेपाल कर्मचारी समाजका जी. लासिवाले नेमकिपाले कर्मचारीहरूलाई राजनैतिक र सांस्कृतिकरूपले प्रशिक्षित गर्नुका साथै ट्रेड युनियनवादी हुनबाट जोगाई देश र जनताको सेवामा समर्पित बनाउन प्रेरणा दिँदै आएको स्मरण गराउनुभयो।

नेमकिपाले कामदार जनतालाई राजनैतिक र सांस्कृतिकरूपले प्रशिक्षित गर्ने कार्य गर्दै आएको उल्लेख गर्दै उहाँले नेपालको राजनीतिक डबलीमा नेमकिपाको उपस्थिति नहुँदो हो त भारतीय विस्तारवाद र भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको विरोध हुँदैनथ्यो भन्नुभयो।

प्राध्यापक समाज नेपालका एस. दुवालले सिद्धान्त र व्यवहार फरक गर्ने पार्टी र नेताहरूलाई नेमकिपाले सचेत गराउँदै आएको चर्चा गर्दै आजको बङ्गलादेश हिजोको पूर्वी पाकिस्तान हो, पाकिस्तान टुक्राउँदा नेमकिपाले विरोध गरेको थियो, अफगानिस्तानमा तत्कालीन रुसले आक्रमण गर्दा नेमकिपाले विरोध गरेको थियो भन्नुभयो।

"पुँजीपतिहरूले कामदार जनताको हितमा काम गर्दैनन्। नेकपा एमाले विदेशीको इसारामा देश र जनताको अहितमा असमान सन्धि-सम्झौता गर्ने पार्टी हो। नेकपा माओवादी भारतको ट्रोजन हर्स हो। नक्कली कम्युनिस्टहरूविरुद्ध नेमकिपा निरन्तर सङ्घर्षरत छन्।" उहाँले भन्नुभयो।

उहाँले पुँजीवादको उत्थान, विकास र पतनको नियम मार्क्सवाद हो। मार्क्सवादी दर्शनअनुसारको समाजवादी व्यवस्थामा मात्र काम गरी खाने जनताको हित हुनेछ भन्नुभयो।

अधिवक्ता अनिता जधारीले नेपाली युवाहरूलाई विदेशीको भाडाको सिपाही बनाउने गोरखा भर्तीकेन्द्र खारेज गर्न र वैदेशिक रोजगारीको नाममा नेपालीलाई दास बनाएर विदेशमा बेच्ने म्यानपावर कम्पनीहरूलाई कारबाही गर्न नेमकिपाले सडक र सदनमा सङ्घर्ष गर्दै आएको विचार व्यक्त गर्नुभयो। उहाँले युक्रेनलाई अमेरिकी साम्राज्यवादले उक्साएर हतियार सहयोग गरी रुस-युक्रेन युद्ध गराएको हो भन्नुभयो।

नेमकिपा महालक्ष्मी नगरका रूपा महर्जनको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेमकिपाका मनिष महर्जन, आसराम महर्जन, सुजिता श्रेष्ठ, कृष्ण महर्जन र मिक्की महर्जनले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो।

# ‘केटीहरू’ बुलेटिन कामदार वर्गीय महिला आन्दोलनको झन्डा

✍ समा

**बहुसङ्ख्यक महिलालाई वर्ग चिनाउँदै वर्गसङ्घर्षको बाटो देखाउने ‘केटीहरू’ नेपालको कामदार वर्गीय महिला आन्दोलनको झन्डा हो । शासक महिला कामदार वर्गीय महिला आन्दोलनलाई दिग्भ्रमित बनाउन लैङ्गिक र जातीय नारा दिन्छन् । महिला मुद्दा केवल लैङ्गिक मुद्दा हो भन्दै महिलाभित्रको वर्गीय भेद लुकाउने कुचेष्टा गर्छन् । ‘केटीहरू’ ले कामदार वर्गका महिलामाथि शोषणको प्रतिकारसँगै शासक महिलाहरू अर्थात् महिलाभन्दा महिलावादी तत्त्वहरूको षड्यन्त्र र नियत उदाङ्ग्याउँछ । यसर्थ, नेपाल क्रान्तिकारी महिला सङ्घको मुखपत्र ‘केटीहरू’ विगत ३/४ दशकदेखि नेपाली कामदार महिलाहरूको सेवक र सङ्गठक बन्न सफल छ ।**

वर्गीय समाजमा महिला पनि वर्गमा विभक्त हुन्छन् । नेपाली समाजको तस्बिर नियाल्ने हो भने बहुमत महिला गरिब र काम गरी खाने वर्गमा पर्छन् । बहुमत कामदार वर्गमाथि पुँजीवादी राज्य व्यवस्थाले गर्ने शोषण, अन्याय र अत्याचारसँगै विद्यमान पितृसत्तात्मक समाजको दलन र अन्धविश्वासको चक्रब्युहमा नराम्ररी फसेका छन् नेपाली श्रमजीवी महिला । शिक्षा, अवसर, स्वास्थ्य सुविधा र सीप सिकाइबाट बञ्चित बहुमत गरिबवर्गका महिला मुट्ठीभर पुँजीपतिवर्गका महिला अर्थात् प्रतिक्रियावादी विचारका महिलाहरूबाट पनि शोषित छन् । यसर्थ, बहुसङ्ख्यक नेपाली महिलाहरू दोहोरो तेहोरो शोषणमा परेका छन् । यो शोषणबाट मुक्त हुने बाटो के हो ? साँचो महिला मुक्तिको प्रश्न के हो ? के वर्गसङ्घर्षविना र वर्गसङ्घर्ष मात्रले कामदार महिलाहरूको वास्तविक मुक्ति सम्भव छ ? नेपाली समाजका यी सवालहरूमा विचार विमर्शसँगै राष्ट्रिय परिस्थिति र अन्तर्राष्ट्रिय अनुभवका आधारमा नेपाली श्रमजीवी महिलाहरूलाई शोषणबाट मुक्तिको बाटो देखाउन ‘केटीहरू’ बुलेटिनले प्रकाशस्तम्भको काम गरेको छ । कामदार महिलामथि हुने हरएक शोषणका रूपहरूको विरोध मात्र होइन विश्वव्यापी मजदुर सङ्घर्ष र आन्दोलनका आयामहरूसँग नेपाली समाजलाई परिचित गराउन क्रियाशील छ ।

बहुसङ्ख्यक महिलालाई वर्ग चिनाउँदै वर्गसङ्घर्षको बाटो देखाउने ‘केटीहरू’ नेपालको कामदार वर्गीय महिला आन्दोलनको झन्डा हो । शासक महिला कामदार वर्गीय महिला आन्दोलनलाई दिग्भ्रमित बनाउन लैङ्गिक र जातीय नारा दिन्छन् । महिला मुद्दा केवल लैङ्गिक मुद्दा हो भन्दै महिलाभित्रको वर्गीय भेद लुकाउने कुचेष्टा गर्छन् । ‘केटीहरू’ ले कामदार वर्गका महिलामाथि शोषणको प्रतिकारसँगै शासक महिलाहरू अर्थात् महिलाभन्दा महिलावादी तत्त्वहरूको षड्यन्त्र र नियत उदाङ्ग्याउँछ । यसर्थ, नेपाल क्रान्तिकारी महिला सङ्घको मुखपत्र ‘केटीहरू’ विगत ३/४ दशकदेखि नेपाली कामदार महिलाहरूको सेवक र सङ्गठक बन्न सफल छ ।

‘केटीहरू’का हरेक अङ्कहरूले महिलाहरूलाई राजनीतिकरूपले सचेत र सङ्गठित बनाउनुपर्ने आवाज दिन्छ । महिला अर्थात् केटीहरूलाई शिक्षित, योग्य र राजनीतिकरूपले सचेत बनाउन सके समाजको परिवर्तन या क्रान्ति नजिकिने विश्वास राख्छ ‘केटीहरू’ । आधा आकाश ढाकेका महिलाहरूलाई श्रमशक्तिको रूपमा विकास गर्न नसके देशको आर्थिक-सामाजिक परिस्थिति नबदलिने तर्क गर्छ ‘केटीहरू’ ले । यसले शिक्षित महिलाहरू अझ राजनीतिकरूपमा सचेत रहनुपर्ने र विद्यालय नदेखेका, गरिब, निमुखा महिलाहरूको सेवामा समर्पित हुनुपर्ने अह्वान गर्छ । ‘केटीहरू’ ले राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला नेतृहरूसँग साक्षात्कार गराउँछ । अन्तर्राष्ट्रिय कामदार वर्गीय महिला आन्दोलनको शिक्षा या पाठबाट नेपालको कामदार वर्गीय महिला आन्दोलनको नेतृत्व गर्न ऊर्जा बटुल्छ । समाजवाद या साम्यवादमा मात्र कामदार महिलाहरू सम्पूर्णरूपले शोषणबाट मुक्त हुने अन्तर्राष्ट्रिय अनुभवलाई आत्मसात गर्दै बहुसङ्ख्यक श्रमजीवी नेपाली महिलाहरूलाई सङ्गठित गर्न ‘केटीहरू’ सक्रिय छ ।




‘केटीहरू’ बुलेटिनले छोरीहरूलाई सानैदेखि शोषण र सामाजिक कुप्रथाको विरोध गर्न सिकाउनुपर्ने र विज्ञान पढाउनुपर्ने विचार राख्छ । का.रोहित भन्नुहुन्छ -“हाम्रा शिक्षकहरूले विद्यालयका छात्रछात्राहरूलाई कपर्निकस, ग्यालिलियो, ब्रुनोबारे जानकारी दिएको र छलफल गरेको कहिल्यै समाचारमा आउँदैन । त्यसैले हाम्रा महिला दिदीबहिनीहरूलाई बोक्सी, छाउगोठ र अनेक अन्धविश्वासबाट मुक्त हुन गाह्रो भएको हो ।” ‘केटीहरू’ बुलेटिनले नेपाली महिलाहरूलाई विश्वका क्रान्तिकारी महिला व्यक्तित्वहरू जेनीमार्क्स, क्लारा जेट्किन, क्रुप्सकाया, रोजा लग्जेम्बर्ग, भिल्मा इस्पिन, भेलेन्टिना टेरेस्कोभा, कोलोन्ताईहरूसँग परिचय गराउँदै ती नेतृहरूको जीवन, व्यक्तित्व र योगदानबाट सिक्न उत्साहित गर्छ । अघिल्लो अङ्कमा स्तालिनका नातिनी नीना अलेक्जान्ड्रोभ्ना एन्ड्रेएभाको जीवनी र रचना छापियो । सोभियतसङ्घ विघटनपछि रुसमा बोल्सेविक पार्टीको नेतृत्व र संसोधनवाद विरोधी सङ्घर्षको नेतृत्व नीनाले गरेको जानकारी मिल्यो ।

‘केटीहरू’ को विगतका १५ अङ्कहरूले समाजमा बेग्लै छाप छोडेको जगजाहेर छ । वर्गसङ्घर्ष र महिला मुक्तिको प्रश्नबारे नेपाल मजदुर किसान पार्टीको विचार, धारणा, आन्दोलन र योजनाबारे बुझ्न ‘केटीहरू’का १५ वटै अङ्कहरू निकै पठनीय छन् । गत साता मात्रै ‘केटीहरू’ को अङ्क १६ सार्वजनिकीकरण भएको छ । विश्वका बहुसङ्ख्यक महिलामाथि शोषणको कारण खोतलखातल गर्न र समाधानको मार्ग पहिल्याउन यो अङ्कले थप भूमिका निर्वाह गर्ने निश्चित छ ।

आज विश्वमा साम्राज्यवादी युद्ध आतङ्क र विध्वंशको त्रासदी छ । संरा अमेरिका र नाटोजस्ता सैन्य सङ्गठनहरूको सहयोगमा पछिल्लो समय युक्रेन हुँदै अहिले प्यालेस्टिनमा युद्धको वर्षा भइरहेको कसैबाट लुकेको छैन । साम्राज्यवादी युद्ध सबैभन्दा बढी निमुखा महिलाहरूमाथि निर्मम हुन्छ भन्ने यथार्थचित्र यतिबेला प्यालेस्टिनी भूमिमा महसुस गरिँदै छ । संरा अमेरिकाको सहयोगमा इजरायलले प्यालेस्टिनमाथि गरेको हमला र युद्धले २५ हजारभन्दा बढी प्यालेस्टिनी जनताको हत्या भइसकेको छ र तीमध्ये ७० प्रतिशत महिला र बालबालिका छन् । करिब ५० हजारभन्दा बढी प्यालेस्टिनी गर्भवती महिला र हजारौँ हजार छोरीहरू नारकीय जीवन भोग्न बाध्य भए । प्यालेस्टिनमा इजरायलको नरसंहार र जातीय सफायाको विरोध विश्वका न्यायप्रेमी जनताले गर्दै छन् । यद्यपी विश्वको मानचित्रबाट प्यालेस्टिन मात्र होइन प्यालेस्टिनीहरू सिध्याउने नियतसहित युद्ध जारी छ ।

प्यालेस्टिनमा इजरायली फासीवादी बर्बरता आजभन्दा ७५ वर्ष अघिदेखिको हो । प्यालेस्टिनी जनताको भूमि र सार्वभौमिकता खोसेर गाजामा नरसंहार गरिरहेको इजरायल भन्ने देश इतिहासमै नभएको तथ्य कसैबाट लुकेको छैन । प्यालेस्टिनमा यहुदीवादको प्रवेश र समयक्रमबारे ‘केटीहरू’ को अङ्क १६ ले तथ्यपरक जानकारी दिन्छ । प्यालेस्टिनमा इजरायलको भित्री नियत बुझ्न सघाउने यस बुलेटिनले बाइडेन र नेतन्याहुलाई युद्ध अपराधी पुष्टि गर्छ । विश्वमा फासीवादको उदय र फासीवादका तीन छालहरूबारे अवगत गराउँछ । फासीवादी हिटलर, मुसोलिनी र नेतन्याहुहरूलाई उदाङ्ग्याउनुका साथै सन् १९२२-४५ को शास्त्रीय फासीवाद, सन् १९६८-८९ को उत्तर औपनिवेशिक फासीवाद र सन् २०१० यताको उत्तर आधुनिक फासीवादको चर्चा या व्याख्या बुलेटिनमा प्रस्तुत छ ।

युरोपमा रुस र चीनको प्रभावबाट डराएर संरा अमेरिकाले युक्रेनलाई रुसविरुद्ध युद्ध गर्न उक्सायो । युक्रेनमा असफल भएपछि तेल र ग्यासको भण्डार अरब क्षेत्र कब्जा गर्न इजरायललाई प्यालेस्टिनमाथि नरसंहार गर्न सघायो । संरा अमेरिकालाई युद्धमा दोहोरो नाफा हुन्छ – एकातिर हातहतियार बिक्री अर्कोतिर आफ्नो प्रभुत्व कायम । चीनले युक्रेनको युद्ध रोक्न गरेको प्रयास र अरब राष्ट्रहरूको माझ मित्रताको हात फैलाएको संरा अमेरिकालाई मन परेको थिएन भन्ने विचार पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँको हो । साम्राज्यवादी देश संरा अमेरिका सबैतिर हार्दै छ । मानवअधिकार र प्रजातन्त्रको ठेकेदार बताउने संरा अमेरिका गाजापट्टीमा नाङ्गिएको विश्वले अनुभव गर्यो । त्यसकारण, संरा अमेरिका संसारलाई युद्धको त्रास दिइरहँदा संसारको लोकमत भने युद्धको विरुद्धमा र शान्तिको पक्षमा बढ्दै छ । ‘केटीहरू’मा छापिएको अन्तर्वार्तामा नेता बिजुक्छेँले भन्नुभएको छ -“युद्धमा जन्मेको र हुर्केको साम्राज्यवाद युद्धमै पराजित हुनेछ । एउटा उखान छ -जो पानीसँग खेल्छ, ऊ पानीमै मर्छ र जो आगोसँग खेल्छ, ऊ आगोमै मर्छ ।” अध्यक्षज्यूको अन्तर्वार्तामा देशको समसामयिक राजनीतिको विश्लेषण र समाधानको बाटो छ । एकात्मक व्यवस्थादेखि सङ्घीयतासम्मै शोषण, भ्रष्टाचार, अनियमितता जस्ता रोगबाट ग्रसित भएको शब्ददृश्य प्रस्तुत छ । देश आर्थिक टाटपल्टाइमा पुग्नु, युवाहरूले देश छोडेर विदेश रोज्नु, महिलाहरू हिजोजस्तै अन्धविश्वास, पुरातन सोच, धार्मिक अन्धपरम्परा, दाइजो र छाउपडी प्रथाहरूबाट अझै प्रताडित बन्नुका पछाडि अहिलेसम्मका शासकहरू अर्थात् सरकारहरू नै जिम्मेवार छन् भन्ने विचार अभिव्यक्त छ । महिलाहरूलाई शिक्षित, योग्य, विचारमा परिपक्व र सुसंस्कृत बनाउन क्रान्तिकारी महिला सङ्गठनको सक्रिय भूमिकाको आवश्यकताबोध पनि अन्तर्वार्ताले गराएको छ ।

‘केटीहरू’ बुलेटिनले छोरीहरूलाई सानैदेखि शोषण र सामाजिक कुप्रथाको विरोध गर्न सिकाउनुपर्ने र विज्ञान पढाउनुपर्ने विचार राख्छ । का.रोहित भन्नुहुन्छ, “हाम्रा शिक्षकहरूले विद्यालयका छात्रछात्राहरूलाई कपर्निकस, ग्यालिलियो, ब्रुनोबारे जानकारी दिएको र छलफल गरेको कहिल्यै समाचारमा आउँदैन । त्यसैले हाम्रा महिला दिदीबहिनीहरूलाई बोक्सी, छाउगोठ र अनेक अन्धविश्वासबाट मुक्त हुन गाह्रो भएको हो ।” ‘केटीहरू’ बुलेटिनले नेपाली महिलाहरूलाई विश्वका क्रान्तिकारी महिला व्यक्तित्वहरू जेनीमार्क्स, क्लारा जेट्किन, क्रुप्सकाया, रोजा लक्जेम्बर्ग, भिल्मा इस्पिन, भेलेन्टिना टेरेस्कोभा, कोलोन्ताईहरूसँग परिचय गराउँदै ती नेतृहरूको जीवन, व्यक्तित्व र योगदानबाट सिक्न उत्साहित गर्छ । अघिल्लो अङ्कमा स्तालिनका नातिनी नीना अलेक्जान्ड्रोभ्ना एन्ड्रेएभाको जीवनी र रचना छापियो । सोभियत सङ्घ विघटनपछि रुसमा बोल्सेविक पार्टीको नेतृत्व र संशोधनवादविरोधी सङ्घर्षको नेतृत्व नीनाले गरेको जानकारी मिल्यो ।

साम्राज्यवादविरोधी पत्रकार अन्ना लुइस स्ट्रङबारे ‘केटीहरू’ ले लेख्न छुटाएको छैन । रुसी क्रान्तिको सेवासँगै चीनको जापानी उपनिवेशविरोधी सङ्घर्षमा योगदान गर्ने साहसी महिला थिइन् अन्ना । युद्धको समयमा अध्यक्ष माओसँग अन्तर्वार्ता लिन चीन पुग्ने र संरा अमेरिकी युद्धले संसारलाई त्राहीत्राही बनाइरहँदा “अमेरिकी साम्राज्यवाद कागजी बाघ हो, त्यसलाई जनताको युद्धले पराजित गर्न सक्छ” भन्ने माओको विचार संसारमा फैलाउने अन्ना नेपाली क्रान्तिकारी महिलाहरूका निम्ति आदर्श नै हुन् । साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्ने नेतृ सुङचिङ लिङ सम्पन्न परिवारकी थिइन् । अन्नाजस्तो शिक्षित र सुङ चिङ लिङ जस्तो सम्पन्न नेपाली महिलाहरू पनि संरा अमेरिकी साम्राज्यवादविरुद्धको सङ्घर्षमा विश्वका कामदार महिलाहरूसँग हातमा हात मिलाई अघि बढ्नुपर्ने आवश्यकताबोध ‘केटीहरू’ले गराउँछ । यो अङ्कले क्युवाली क्रान्तिका महिला नेतृ असेला डी लस सान्टोस तामायोलाई नेपाली समाजसँग परिचित गराउँछ । क्युवामा कामदार महिलाको मुक्तिको लागि क्रान्तिपछि भएका शैक्षिक र सामाजिक क्रान्तिबारे बुझ्न असेलाको सङ्क्षिप्त जीवनीले सघाउँछ । क्युवाली समाजको अनुसरण नेपाली समाजका निम्ति सम्भव छ भन्ने आशा पनि जगाउँछ ।

केही जिज्ञासुहरूलाई नेमकिपाबारे अध्यक्ष बिजुक्छेँको जानकारी निकै पठनीय छ । लेखले नेमकिपाको सैद्धान्तिक आधार र स्थापनाको पृष्ठभूमिसँगै इतिहासको अध्याय अनुभव गराउँछ । नेमकिपाको सिद्धान्त, कार्यशैली, प्राथमिकता, कार्यक्रमबारे जानकारी दिन्छ ।

‘केटीहरू’ को यो अङ्क नेपाल क्रान्तिकारी महिला सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन विशेषाङ्क हो भन्ने सन्देश आवरणबाटै मिल्छ । चितवनको रत्ननगरमा सम्पन्न उक्त सम्मेलनको उद्घाटन समारोहमा व्यक्त प्रमुख अतिथि एवम् पार्टी सचिव प्रेम सुवालको सामयिक विचार र सम्पूर्ण अतिथिका मन्तव्यहरू यस अङ्कमा सङ्ग्रहित छन् । बुलेटिनमा सम्मेलनको अपिल, सम्मेलनमा प्रस्तुत केन्द्रीय समितिको प्रतिवेदन, सम्मेलनबाट पारित राष्ट्रिय अन्तर्राष्ट्रिय प्रस्तावहरू, सम्मेलन विशेष लोगो र तस्बिरहरूको दस्तावेजीकरण निकै आकर्षक छ ।

यस अङ्कमा राकस्थाको लेख ‘निजी सम्पत्तिको विकासले समाजमा वर्ग विभाजन’ ले महिलामाथिको शोषणको जड पत्ता लगाउन सघाउँछ । सामन्तवादी समाज र पुँजीवादी समाजमा सम्पत्तिको सम्बन्धसँग जोडिएको महिला शोषणको कुरूप चित्र बुझ्न सघाउँछ । अन्ना हाफेजको “मार्क्सवाद र महिलावाद” ले महिलाको प्रश्नबारे स्पष्ट विचार प्रस्तुत गर्छ । मार्क्सवादी भएर महिला प्रश्नको हल खोज्न सिकाउने यस लेखले महिलाभन्दा महिलावादीहरूलाई उदाङ्ग्याउने सैद्धान्तिक आधार प्रदान गर्छ ।

यस अङ्कमा सङ्घ र मातहतका समितिहरूले विभिन्न समयमा गरेका गतिविधिहरूको सचित्र जानकारी दिनुका साथै प्यालेस्टिनमा इजरायली फासीवादी नरसंहारको विरुद्धमा आयोजित जुलुस र सभाहरूको फोटो सङ्ग्रहित छन् । ‘युद्ध मुर्दावाद’ र ‘प्यालेस्टिनको गीत’ शीर्षकमा एसआरका दुई कविता निकै सशक्त लाग्यो ।

शिक्षित महिलाहरू गरिब र कामदारवर्गको पक्षमा उठ्न जरुरी छ भन्ने सन्देश बोकेको ‘केटीहरू’ बुलेटिनको अङ्क १६ को गाता र साजसज्जा सुन्दर छ । पठनीय एवम् सङ्ग्रहणीय अङ्क प्रकाशनको लागि नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिप्रति साधुवाद छ । ‘केटीहरू’ बुलेटिन निरन्तर प्रकाशनको कामना ।

# साइन्स र डाक्टरी पढ्ने भाइबहिनीलाई चिठी

✍ हरिबहादुर श्रेष्ठ

**विदेशमा बसेका दाजुको चिठी**

**प्यारा भाइबहिनीहरू,**

मैले तिमीहरूको चिठी बरोबर पाउने गरेको छु । तिमीहरूको चिठीले मलाई कहिले खुसी तुल्याउँछ, कहिले दुःखी । तिमीहरूको कुरा मेरो मनले खाएन भने मेरो चिठी लेख्ने जाँगर पनि हराएजस्तो हुन्छ । चिठीको उत्तर नपाएर तिमीहरू 'दाजुलाई केही आपत् पऱ्यो कि' भनेर सोधपुछ गर्दा रहेछौ वा 'सन्चो पो हुनुभएन कि' भन्ने शङ्का र पीर मान्दा रहेछौ । चिठीको चाङले मलाई बारम्बार उत्तर दिन कर लगाउँछ । हावापानी फेरिएपछि रुघाखोकी लाग्नु त स्वाभाविक हो, सालाखाला शारीरिकरूपले म अहिले स्वस्थ छु ।


अँ, अस्तिको चिठीमा तिमीहरूमध्ये कोहीले आफ्नो जीवनको मुख्य उद्देश्य नै डाक्टर, इन्जिनियर, रसायनशास्त्री, वैज्ञानिक, सिनेमा कलाकार आदि बनी खूब पैसा र इज्जत कमाएर आनन्दपूर्वक जीवन बिताउने र मानिसको चोला सार्थक बनाउने बतायौ । देश, जनता, शोषक, शोषित, क्रान्ति, वर्गसङ्घर्ष, बन्दुक, पत्रपत्रिका, साहित्य, समाजवाद र राजनीतिबाट पूरै अलग रहने इच्छा जाहेर गऱ्यौ । कान्छी बहिनीले मात्रै देश र जनताको निम्ति निःस्वार्थरूपले राजनीतिक कार्यकर्ता, लेखक वा क्रान्तिकारी बन्ने आफ्नो जीवनको उद्देश्य बताइन् । यो हाम्रो देशको उज्यालो भविष्यको सङ्केत हो । तिमीहरूले चिठीमा डाक्टर, इन्जिनियर, रसायनशास्त्री, वैज्ञानिक र कलाकार बनेर मोजसित जीवन बिताउन र मानव जीवनलाई सार्थक बनाउन खोजेर "हामीले के नराम्रो बिराम गऱ्यौँ, दाजु ?" भनेर एकै मुखले प्रश्न गऱ्यौ ।




खाली खुट्टे डाक्टर

हो, तिमीहरूको प्रश्न-गराइ तिमीहरूको उमेर र अनुभवअनुसार मनासिब छ; यसमा तिमीहरूको कुनै दोष देख्दिनँ । तिमीहरू अहिले हरेक कुरालाई बाहिरबाट मात्रै हेर्ने गर्छौ । त्यसको गहिराइमा गएर हेर्ने बानी बसिसकेको छैन । डाक्टर, इन्जिनियर, सिनेमा कलाकार, वैज्ञानिकहरूलाई तिमीहरू बाहिरबाटै हेर्छौ । तिनका मोटरसाइकल, कार, चिटिक्क परेका नयाँ घर, लुगा र झिलिमिली मात्रै देख्छौ । तर, तिनको ठूलो जिम्मेवारी, महत्त्व र आवश्यकता, अनि तिनीहरूबिच पाइने भ्रष्टाचार, हीनता, अनैतिकता, लापरबाही र अनेक दयनीय परिस्थितिलाई तिमीहरूले बुझिसकेका छैनौ । बाहिरबाट हेर्दा साह्रै राम्रो देखिने कति कुरा भित्रभित्र साह्रै नराम्रो, फोहर र कमसल हुन्छ । बाहिरबाट हेर्दा नराम्रो र खस्रो देखिने कति कुरा भित्र साह्रै राम्रो, गुनिलो र असल हुन्छ । तिमीहरू अहिले आइएस्सी, बिएस्सी, बिए, बिकम पढ्दै छौ । ती कलेज र विश्वविद्यालयका पढाइ एवम् प्रमाणपत्रहरू बाहिरी ज्ञानका प्रमाणपत्र मात्र हुन् । हाम्रो मानव समाज कति ठूलो र विशाल छ भने त्यो कलेज र विश्वविद्यालयको कक्षा अनि त्यसको पढाइभित्र अटाउँदैन । न त त्यो प्रमाणपत्रले मानव समाजलाई व्यावहारिकरूपले गहिरिएर हेर्ने आँखा नै दिन सक्छ । हाम्रो मानव समाज र वर्गसङ्घर्ष नै संसारमा सबभन्दा ठूलो र महान् विश्वविद्यालय हो । यो वास्तविक सत्यलाई बुझेपछि कलेज र विश्वविद्यालयको शिक्षा अनि प्रमाणपत्रहरू केटाकेटीको खेल हो भन्ने बुझ्नेछौ । बाहिरी इज्जत र प्रतिष्ठा झूटो हो भन्ने देख्नेछौ ।

ठूली बहिनी, तिमीले चिठीमा ऐस-आरामको जिन्दगी बिताउन डाक्टर बन्ने उद्देश्य बताएकी छ्यौ । आफ्नो सुविधा र फाइदाको निम्ति डाक्टर बन्ने तिम्रो उद्देश्य राम्रो होइन, डाक्टर बन्ने उद्देश्य रोगी जनताको सेवा गर्ने हुनुपर्छ । लौ भैगो, वर्गसङ्घर्ष, क्रान्ति र राजनीतिबाट अलग्गिएर रोगीको निम्ति तिमी डाक्टर बन्यौ रे' तर, के तिमीलाई थाहा छ - आज हाम्रो देश र समाजमा एक सयजना रोगीमध्ये मुश्किलले ३० जना अस्पताल, हेल्थसेन्टर, हेल्थपोस्ट, क्लिनिक र औषधालयसम्म पुग्न पाउँछन् । ती ३० जना रोगीमध्ये ५ जनाले पनि तिमीले लेखेको पुर्जीअनुसार औषधी किनेर उपचार गर्न सक्दैनन् । ती रोगीहरू तिमीले लेखेको पुर्जी टुलुटुलु हेरेर मर्ने गर्छन् । त्यो तिम्रो कागजको पुर्जा धामी, झाँक्री र वैद्यको तन्त्रमन्त्रजस्तै खल्ती वा घाटीमा झुन्ड्याएर मरेकोमा फरक के रह्यो ? देशमा अहिले ७० प्रतिशत जनतालाई पुग्ने न सुविधासम्पन्न अस्पतालको बन्दोवस्त छ, न त बाह्रै महिना मोटर गुड्ने बाटो छ, न त तिमी आफै पैदल गाउँगाउँ जानेछ्यौ । सबै जनतासँग मोटरसाइकल र गाडी हुन्न, न त फिस दिने पैसा हुन्छ । त्यतिमात्रै होइन, एकजना रोगीलाई साधारण हेल्थपोस्ट पुग्न २-३ दिन लाग्छ । रोगीले काम नगरेको दिन ऊ भोको बस्नुपर्ने हुन्छ अथवा एकजना रोगीलाई हेल्थपोस्ट पुऱ्याउन २-३ जना अरू सहयोगी चाहिन्छ । २-३ जना थप मानिसको काम पनि बिग्रन्छ । काम गर्न सक्ने हरेक व्यक्तिको एक दिनको काम खेर जानु देशको उत्पादन कार्यमा कम्तीमा ५०० रुपियाँ घटी हुनुजत्तिकै हो । काम नगरी खान पाइन्न । एकजना रोगीलाई हेल्थपोस्ट पुऱ्याउँदा परिवारका थप २-३ जना भोकै बस्नुपर्ने हुन्छ र ती फेरि रोगी बन्छन् ।




हाम्रो देशमा चीन र अरू समाजवादी देशमा जस्तो खेत र गाउँ, जङ्गल र कारखानासम्मै गएर उपचार गर्ने 'खाली खुट्टे डाक्टर' को बन्दोवस्त छैन, जसले गर्दा रोगीलाई हेल्थपोस्ट र अस्पताल पुगिरहनु पर्दैन, समयमै उपचार सेवा पाएर रोग बढ्न पाउँदैन र देशको श्रमशक्ति खेर जाँदैन । काम गरेर खानुपर्ने रोगी जनतालाई यसले धेरै फाइदा हुन्छ । (हेर यहाँ राजनीति आइपुग्यो !)


मानौँ, तिमी हेल्थपोस्ट छोडेर गाउँगाउँमा समयमै पुगेर सेवा गर्छ्यौं रे ल ! तर, १० हजारभन्दा बढी जनतामा एकजना मात्रै डाक्टर पुग्ने हाम्रो देशमा, त्यो पनि पातलो जनसङ्ख्या भएका गाउँहरू छन् भने तिमी पहिले कहाँ पुग्छ्यौ, एक गाउँमा तिमी दोहोऱ्याएर पुग्न कति महिना लाग्नेछ, हिसाब गर ! एउटा-एउटा पात टिपेर तिमी पिपलको बोटलाई उखेल्न सक्दिनौ । तिमी आफै गाउँमा गएर रोगीको जाँच मात्र गर्न सक्छ्यौ तर तिमीले औषधी त सबैलाई दिन सक्दिनौ । विनापैसा उपचार गर्न सरकारले व्यवस्था गरेकै छैन । तिमी भन्नेछ्यौ - मैले पाउने तलब पनि म रोगीको सेवामा लगाउनेछु । (हेर, अब तिमी देश र जनताको राजनीतिमा 'फस्यौ' !) तिम्रो त्यो तलबले एउटा सानो गाउँका जनतालाई पनि पुग्नेछैन । हाम्रो देशमा अहिले पनि एकजना डाक्टरले हजारौँ जनतालाई हेर्नुपर्छ । तिम्रो यो विचार सेवाभावले राम्रो भएपनि त्यसले देशभरिको समस्या समाधान हुन्न । तिमीले जस्तै सबै डाक्टरहरू त्यसो गर्न सक्दैनन् र मान्दैनन् पनि । फेरि डाक्टरहरूको सबै पैसा जम्मा गर्दा पनि सबै रोगीलाई उपचार गर्न पुग्दैन । त्यो त साह्रै सानो रकम हुन्छ । यो काम, पूरै पोखरीको पानी सफा नगरी एक गिलास पानी सफा गर्नु जत्तिकै हो । एक गिलास पानी सारा गाउँ र सहरका जनतालाई खान पुग्दैन । पूरा पोखरी सफा नभएसम्म रोग फैलिने डर त भइ नै रहन्छ । एक गिलास पानी सफा गरेर पोखरीको सबै पानी सफा हुन्छ भन्ने कुरा त पूरै उल्टो र खोटो विचार हो । बरु पोखरी नै सफा गरे सबै पानी सफा हुनेछ ।

अब तिमी आफै भन - के गरिब, भोका-नाङ्गा र काम गरेर खानुपर्ने जनतालाई तिम्रो औषधीले मात्र जिउँदो राख्न सक्छ ?

रोगीलाई तिमीले गर्ने निःशुल्क परीक्षण र २-४ चक्की औषधी, मलमपट्टी अनि इन्जेक्सनले भोका-नाङ्गा र गरिब जनतालाई जिउँदो राख्न सक्दैन । तब तिम्रो उपचारले के फाइदा भयो ? यसकारण, डाक्टर हुने र रोगीको सेवा गर्ने तिम्रो उद्देश्य घुमाइफिराइ पैसावाला र शोषक वर्गको मात्रै विशेष सेवा गर्नु हुनेछ । साँच्चै भनूँ भने, डाक्टरहरू धेरैजसो धनीका छोराछोरी हुने भएकाले गरिब जनताको दुःख त्यति राम्रोसँग बुझेका हुँदैनन् । फेरि, कुनै-कुनै डाक्टर त गरिबहरूलाई दया-माया गर्दै गर्दैनन् । उनीहरू जमिनदारहरूले किसानहरूसँग बाली उठाएझैँ झगडा गरी-गरी फिस लिन्छन् र पैसा सोहर्छन् । एकजना किसान र ज्यामीले दिनभरि काम गरेर ६००-८०० रुपियाँ पाउँछ । एकचोटि डाक्टर देखाउँदा, ६ मिनेटभित्रै कम्तीमा ५००-६०० रुपियाँ फिस तिर्नुपर्ने हुन्छ । यसकारण, गरिबहरूको आँखामा डाक्टरी विद्या पनि पैसा झार्ने मन्त्र विद्या नै हो । डाक्टरले उपचार गरेर जीवनदान दिए पनि चित्त दुख्नेगरी पैसा लिने भएकोले डाक्टर पराइ र शोषक वर्गकै जस्तै प्रतीत हुन्छन् ।

अति खराब डाक्टरलाई त जनताले 'शोषक', 'ठग' र 'गरिबमारा डाक्टर' भनेर घृणा गर्छन् । हेल्थसेन्टर, हेल्थपोस्ट, अस्पताल र औषधालयहरूमा डाक्टर र वैद्यहरूले जनतालाई निःशुल्क वितरणको निम्ति आएको सरकारी औषधीसमेत बेपत्ता पार्छन् र पैसा लिएर बेच्ने गर्छन् । घुस खाएर आफ्नै मान्छेलाई सित्तैमा औषधी बाँडिदिन्छन्, गरिबहरूलाई नदिई धनीहरूलाई मात्रै वितरण गर्छन् । मुद्दा-मामिला र चिरफारको बेलामा पनि बेइमानी गरेर पैसा बटुल्छन् । जनतालाई हप्कीदप्की गर्छन् । अब जनतामा बिस्तारै चेतना आउँदै छ, अधिकार र कर्तव्यबारे बुझ्न थालेका छन् । त्यस्ता बेइमान र जनतालाई छाडा व्यवहार गर्ने भ्रष्टाचारी डाक्टरहरूलाई ठाउँ-ठाउँमा गरिब र किसान जनताले उठेर घेरा दिन्छन्, मार-मुक्काले सजाय पनि गर्छन् । सुविस्ता र इमानदारीले तिमी पैसा कमाउन सक्दिनौ । पैसा कमाउन बेइमानी गर्नासाथै जनताले तिमीलाई सम्मान होइन घृणा गर्नेछन्; मार-मुक्काले सजाय गर्नेछन्; जुत्ताको माला लगाएर सहर र गाउँ घुमाउनेछन् । अनि, पैसा कमाउने, इज्जत र प्रतिष्ठापूर्ण आनन्दको जीवन बिताउने तिम्रो धोको कसरी पूरा होला ?

सबै डाक्टर खराब हुँदैनन् । हाम्रै नेपालमा ५-१० जना राम्रा डाक्टरहरूको नाम मलाई कण्ठ छ । तिनीहरूले पुलिस र ठूलाबडाको दबाबबाट हत्यालाई 'भवितव्यको मृत्यु' लेख्दैनन्; झूटो बिरामीको सिफारिस वा रोगीलाई सु-स्वास्थ्यको प्रमाणपत्र दिँदैनन् । ठूलाबडाको दबाबमा पैसा लिएर साधारण जनताको औषधी धनीहरूलाई बेच्दैनन् । बरु आफूलाई नमुनाको रूपमा आएका औषधी पनि गरिब रोगीहरूलाई बाँड्छन् । गरिबको घरमा बिरामी जाँच्न जाँदा फिस लिँदैनन्; घरमा गएर बिरामी जाँच्नुपर्दा पनि दिक्क नमानी जाँचिदिन्छन्; रोगीहरूसँग नम्र व्यवहार गर्छन् । हाम्रो देशमा त्यस्ता पुरुष डाक्टरका साथै महिला डाक्टरहरू पनि नभएका होइनन् । तिनीहरू राति पनि सुत्केरी वा सिकिस्त रोगी हेर्छन् । यहाँसम्म कि आफैले लगेको औषधीसमेत दिएर आउँछन्, फिसको त कुरै छोडौँ ! तर, त्यस्ता असल



क्रिस्टोफर कोलम्बस


डाक्टरहरू साह्रै कम छन् ।

मलाई थाहा छ, यो चिठी पढ्ने बित्तिकै तिम्रो गहभरि आँसु आउनेछ । तिमीले रोएर चिठी लेख्नेछ्यौ - "दाजु, मैले रात-दिन मिहिनेत गरेर साइन्स पढेको के काम लाग्यो त ?" बहिनी, तिमी मिहिनेती छ्यौ; स्कुल-कलेजमा पनि सबभन्दा बढी नम्बर ल्याउँछ्यौ । सबै ठीक हो; त्यो राम्रो कुरा हो । तर, तिमीले हाम्रो देशमा डाक्टरहरूको साह्रै खाँचो छ भन्ने कुरामा ध्यान देऊ । देशभरि नै अहिले २८ हजारभन्दा बढी डाक्टर छैनन् । साधारण विद्यार्थीहरूले छात्रवृत्ति पनि पाउँदैनन् । धेरैजसो छात्रवृत्ति देशका शोषक, सामन्त, जमिनदार र माथिल्लो पदमा बस्ने सरकारी कर्मचारीहरूकै छोराछोरीले मात्रै पाउँछन् । हामी चाहन्छौँ देशका सबै गरिबका छोराछोरीहरूले पनि शिक्षा हासिल गर्ने समान अधिकार र अवसर पाऊन् ! केही प्रजातन्त्रवादी भनाउँदा सामन्त र शोषकहरू यस कुरालाई ढाकछोप गर्न 'पहाडी सामन्त र शोषक वर्गका छोराछोरीले मात्रै छात्रवृत्ति पाउँछन्' भनेर हल्ला मच्चाउँछन् । हामी भन्छौँ, "सबै ठाउँको काग कालै हुन्छ", चाहे त्यो पहाडको होस् वा तराईको । त्यस्तै, जहाँका सामन्त र जमिनदारहरू पनि उस्तै हुन्छन् । गरिबको सम्पत्तिले नै तिनीहरूको महल ठडिन्छ । पहाड र तराईका शोषकहरू मिलेर देशका मजदुर-किसानलाई चुस्छन् । तराईका शोषकहरूले तराईकै मजदुर-किसानलाई धोका दिन र आफ्नो शोषण कायम गर्न मात्रै पहाडी शोषकको कुरा गर्छन् । किसान र मजदुरहरूको निम्ति शोषक पहाडमा बस्ने होस् वा तराईमा, सबै शोषक नै हुन् । कुकुर चाहे कालो होस् वा सेतो, त्यसले कुनै फरक पर्दैन । त्यसकारण, सबै गरिबका छोराछोरीले डाक्टर पढ्ने अवसर पाउनको निम्ति यस व्यवस्थालाई नै फेर्नुपर्छ । (बहिनी, लौ हेर यहाँ पनि राजनीति आइपुग्यो !)

हाम्रो समाजको व्यवस्था नै शोषणमा आधारित र दोषपूर्ण भएकोले तिमीले डाक्टर बनेर जनताको सेवा गर्न सक्नेछ्यौ भन्ने कुराको कुनै ग्यारेन्टी छैन । किनभने, तिमी ठूलाबडा र सामन्तहरूको परिवारमध्येकी होइनौ; सरकारी ओहदाका भ्रष्ट अधिकारीहरूको अगाडि तिमी झुक्दिनौ; चाकरी र चाप्लुसी गर्दिनौ ! डाक्टरी पढ्न नपाउँदैमा तिम्रो मिहिनेत सित्तै गयो भन्नु पनि ठीक होइन । प्राध्यापक, लेखिका, इन्जिनियर, वैज्ञानिक, अड्डाको कर्मचारी नबने पनि सामाजिक कार्यकर्ता त बन्न सकिहाल्छ्यौ । हाम्रो देशका जनता साह्रै पछाडि परेका हुनाले झाँक्री, भूत-प्रेत, बोक्सा-बोक्सी, चन्द्रग्रहण, सूर्यग्रहण, बिफर, झाडाबान्ता आदि विभिन्न विषयमा अन्धविश्वास राख्छन् । विज्ञान पढेका सामाजिक कार्यकर्ताले त्यसबारे अझ राम्रो बताउन सक्नेछन् । तर, तिमीले भन्नेछ्यौ, हाम्रा विज्ञानका शिक्षक वा फिजिक्स, केमिस्ट्री वा बायोलोजीका प्राध्यापकले विज्ञानका विद्यार्थीले राजनीतिमा लाग्नु हुँदैन भनेर सिकानुभएको छ; राजनीति त राजनीतिशास्त्र विषयका विद्यार्थीको काम हो ।

बहिनी, कुनै विज्ञानका शिक्षक वा प्राध्यापकले त्यस्तो कुरा गर्छन् भने त्यो सोह्रै आना अवैज्ञानिक र बेठीक कुरा हो । त्यस्ता विज्ञानका शिक्षकहरूले विज्ञानको किताब त पढ्न र पढाउन जानेका हुन्छन् तर विज्ञान के हो भन्ने बुझेका हुँदैनन् । त्यस्ता विज्ञानका शिक्षक वास्तवमा जनविरोधी राजनीतिमा लागिरहेका हुन्छन् । जनताका छोराछोरीलाई विज्ञान र कला विषय लिएका भनेर अलमल्याउने र जनताको राजनीतिमा भाग लिन नदिने तिनको राजनीति हो । यसो गरेर शासनमा बसेका शोषक वर्गको सेवा गर्नु नै तिनको राजनीति र स्वार्थ हो । यसकारण, तिम्रो विज्ञानका शिक्षक सबभन्दा खराब र जनविरोधी राजनीति गर्दै छन् भन्ने बुझ्नुपर्छ ।

कोलम्बसको अमेरिका यात्रा



# "प्रतिनिधिसभा र प्रदेशसभालाई नेमकिपाले वर्गसङ्घर्षको थलोको रूपमा प्रयोग गर्दै आएको छ"

सुनिल प्रजापति, केन्द्रीय सदस्य नेमकिपा

नेपाल मजदुर किसान पार्टीको स्थापना भएको ५० वर्ष भयो। २०३१ साल माघ १० गते नेपाल मजदुर किसान पार्टीको विधिवत् स्थापना भएको हो। मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अवलम्बन गर्दै पार्टी निरन्तर अगाडि बढिरहेको छ। पुँजीवादी सत्ता ध्वंश गरी जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्ने पार्टीको उद्देश्य हो। कानुनी र गैरकानुनी सङ्घर्षका विभिन्न रूपहरू अवलम्बन गरी देशमा समाजवाद स्थापना गर्न नेपाल मजदुर किसान पार्टी क्रियाशील छ।

संसारमा समाजवादको कल्पना मार्क्स, एङ्गेल्सले भन्दा अगाडि सेन्ट साइमन, चार्ल्स फ्युरियो, रोबर्ट ओबेनहरूले गरेका थिए। उनीहरूले उत्पादनका साधनहरू सामाजिकीकरण गर्नुपर्ने र मानिसहरूबिच विभेद हुन नहुने तथा संसारका सबै नागरिक समान हुनुपर्छ भन्ने विचार अगाडि सारेका थिए। तर, उनीहरूले त्यस्तो समाज कसरी प्राप्त गर्न सकिन्छ भनेर देखाउन सकेनन्। त्यसैले उनीहरूलाई काल्पनिक समाजवादी भनिन्छ।

सन् १९४८ मा मार्क्स र एङ्गेल्स मिलेर कम्युनिस्ट घोषणापत्र लेख्नुभयो। उहाँहरूले सशस्त्र सङ्घर्षको माध्यमबाट मात्र संसारका मजदुरवर्गले पुँजीपतिवर्गको शासन सत्ता हातमा लिन सकिन्छ र मजदुरवर्गको मुक्ति सम्भव छ भनेर बाटो देखाइदिनुभयो। त्यो समाजमा उत्पादनका साधनहरू सामाजिकीकरण हुने र व्यक्तित्व विकासमा समान अवसर पाउनेछन्। यसलाई नै मार्क्सवाद भनिन्छ।

नेपाल कम्युनिस्ट आन्दोलनमा पनि समाजवाद शान्तिपूर्ण वा सशस्त्र क्रान्तिबाट भन्ने वैचारिक सङ्घर्ष चल्दै आएको छ। शान्तिपूर्ण तरीकाबाट निर्वाचनमा जितेर समाजवाद स्थापना गर्न सकिन्छ भन्ने विचार मार्क्सवादविपरीत संशोधनवादी विचार हो। त्यो सोभियत सङ्घमा नेता स्तालिनको निधनपश्चात् सन् १९५६ पछि खुश्चेभले अगाडि सारेको पुँजीवादी विचार हो। त्यही संशोधनवादी विचारको कारण सन् १९९१ सम्ममा विशाल समाजवादी देश सोभियत सङ्घ विघटन भयो, विश्व मानचित्रमा सोभियत सङ्घ पनि रहेन र समाजवाद पनि समाप्त भयो।

नेपालमा एमालेले २०४६ सालपछि जनताको बहुदलीय जनवादको नाउँमा पुँजीवादी सरकारमा गएर समाजवाद स्थापना गर्ने संशोधनवादी विचारलाई अघि सार्यो। संशोधनवादी भण्डारीलाई नेपालको बर्नस्टिन पनि भनिन्छ। बर्नस्टिन मार्क्सका शिष्य थिए। उनी आमूल परिवर्तनको पक्षमा थिएनन् र मजदुरवर्गको हक हितको सुधारवादी कुरामात्रै गर्थे। अहिले एमालेले समाजवादी क्रान्तिको बाटो त्यागेर जबजको नाउँमा पुँजीवादी सरकारमा गएर शासन गरिरहेको छ। त्यसैले नेमकिपाले एमालेलाई भाइकाङ्ग्रेस भनेर आलोचना गर्दै आएको हो। माओवादी पनि २०६२/६३ पछि लगातार सरकारमा गएर शासक बनिरहेको छ। निर्वाचनबाटै समाजवाद स्थापना गर्ने भन्दै २१ औँ शताब्दीको जनवादको नारा लगाउँदै छ। त्यो एक प्रकारको जनतालाई धोखा र विश्वासघात हो।



संसद्मा जितेर समाजवाद स्थापना सम्भव छैन भन्ने विश्व कम्युनिस्ट आन्दोलनले देखाएको छ। सन् १९६० को दशकमा इन्डोनेसियामा कम्युनिस्टहरूले धेरै स्थान जिते। त्यहाँको पुँजीवादी सरकारले अर्धसमाजवादी सरकार नाम दियो। तर, केही वर्षपछि नै पुँजीवादी सरकारले कम्युनिस्टहरूलाई दमन गर्यो र लाखौँ कम्युनिस्टहरूको हत्या गर्यो। चिलीमा सन् १९७० मा कम्युनिस्ट पार्टीका नेता एलेन्डे राष्ट्रपति निर्वाचित भए। जब उनले घरेलु नीति, परराष्ट्र नीतिमा हेरफेर गर्न खोज्दा ३ वर्षमै प्रतिक्रियावादीहरूले सैनिक 'कु' गरी राष्ट्रपति भवनमा उनको हत्या गरे। भारतको पश्चिम बङ्गालमा ज्योति बसुहरूले वाममोर्चाको तर्फबाट धेरै वर्ष शासन गरे तर टिकाउन सकेनन्। केरालामा पुँजीवादी पार्टीहरूले कम्युनिस्टहरूको निर्वाचित सरकारलाई अपदस्थ गर्न विभिन्न उपद्रवहरू गरे। केन्द्र सरकारमार्फत पटकपटक संसद् भङ्ग गरी नेताहरूलाई थुनेर निर्वाचन गर्न लगाइयो। यसबाट शान्तिपूर्ण तरीकाबाट समाजवाद स्थापना गर्न खोज्यो भने पुँजीवादीहरूले कुनै पनि बेला कम्युनिस्टहरूलाई समाप्त पार्न सक्छन् भन्ने बुझ्न सकिन्छ।

लेनिनले भन्नुभएको छ, क्रान्तिको निम्ति शासकवर्ग पहिलेको अवस्थामा शासन गर्न नसक्ने अवस्था र जनता पहिलेकै अवस्थामा बस्न नचाहेको अवस्थामा अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल भएमा क्रान्ति हुन्छ। हो, नेपाल मजदुर किसान पार्टीले चुनावलाई उपयोग गरेर जनतालाई राजनैतिकरूपले सचेत पार्ने र सङ्गठित गरेर समाजवादी क्रान्तिको निम्ति वातावरण तयार गर्ने नीतिलाई जोड दिइरहेको छ। नेमकिपाका कार्यकर्ताहरू पैसा कमाउन र सुविधा लिनको लागि राजनीतिमा आएको नभई देश र जनताको इमानदारीपूर्वक सेवा गर्न प्रतिबद्ध भएर लाग्दै छन्। प्रतिनिधिसभा र प्रदेशसभा कानुन बनाउने थलो भएको हुँदा जनताको हितविपरीतका कानुनहरूलाई रोक्ने र जनहितका कानुनहरू निर्माणमा सहयोग गर्ने काम हाम्रा सांसदहरूले गर्दै आउनुभएको छ। नेपाल मजदुर किसान पार्टी चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन। संसद्लाई पनि वर्गसङ्घर्षको थलोको रूपमा लिन्छ र अहिलेसम्म नेपाल मजदुर किसान पार्टीका सांसदहरूले पार्टीको नीति र निर्देशनअनुसार त्यसलाई व्यवहारमा प्रस्तुत गर्दै आउनुभएको छ।

नेमकिपाले स्थापनाकालदेखि नै प्रतिक्रियावादी सङ्घ संस्थामा गएर काम गर्ने लेनिनवादी नीतिलाई अवलम्बन गर्दै आयो। राजनीतिक पार्टीहरू खोल्न प्रतिबन्धित अवस्थामा पनि यसले पञ्चायतमा भाग लिएर जनताको सेवा गर्दै आयो। नगर पञ्चायतमा निर्वाचित जनप्रतिनिधिहरूले 'पञ्चायत' पत्रिकामा सम्पूर्ण हिसाब प्रकाशित गरेर पारदर्शिताको नमुना प्रस्तुत गरे। प्रौढ कक्षा सञ्चालन, सफाइ आन्दोलन, सीपमूलक तालिमको व्यवस्था गरी निर्वाचित प्रतिनिधिहरूले जनहितका कामहरू गरे। २०४५ साल भदौ ९ गते पञ्चायती व्यवस्थाले राज्यस्तरबाट षड्यन्त्र रची भक्तपुर काण्ड गरी पार्टीलाई नै समाप्त पार्न खोज्यो। तर, पञ्चायती व्यवस्था स्वयम् समाप्त भयो।

पार्टीले स्थापनाकालदेखि नै कोशी, गण्डकजस्ता राष्ट्रघाती सन्धि सम्झौताको विरोध गर्दै आएकोमा पछिल्लो चरणमा एमसीसी, राष्ट्रघाती नागरिकता विधेयक र एसपीपीको विरोध कार्यक्रम पनि निरन्तर जारी राखेको छ। अमेरिकी साम्राज्यवादले इराक र लिबियामाथि गरेको आक्रमणको विरोध गर्यो। अहिले अमेरिकी साम्राज्यवादको सहयोगमा इजरायलले प्यालेस्टिनी जनतामाथि गरेको बर्बर आक्रमण र नरसंहार गरिरहेको विरोधमा पनि नेमकिपाले एक्लै जिल्ला जिल्लामा आन्दोलन गर्दै छ। यो कम्युनिस्टहरूको अन्तर्राष्ट्रवादी कर्तव्य हो र नेमकिपाले त्यो कर्तव्य पूरा गर्दै आएको छ।

अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवादले नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि गरेको हस्तक्षेपको विरोध तथा प्रतिक्रियावादी शासक दलहरूले गरेको जनविरोधी गलत कामको निरन्तर विरोध गर्दै नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको काम गर्दै आएको छ।

नगरपालिकाका जनप्रतिनिधिहरू संविधानले देखाएको समाजवादउन्मुख काम गर्न निरन्तर क्रियाशील छ। देशमा समाजवाद स्थापना गर्न निर्वाचित साथीहरूको तर्फबाट पनि सक्दो योगदान गर्नु आवश्यक छ। जनप्रतिनिधिहरू पार्टी कार्यकर्ता नै भएको हुँदा पार्टीको नीतिलाई व्यवस्थित तरिकाले कार्यन्वयन गर्न हामी निरन्तर क्रियाशील छौँ।

सशस्त्र क्रान्तिमा विजय प्राप्त गर्दैमा निर्वाचनमा धेरै मत आउँछ भन्ने पनि सत्य होइन। सन् १९१७ को अक्टोबर क्रान्तिपछि सोभियत सङ्घमा भएको विधानसभाको चुनावमा बोल्सेभिक पार्टीले २५ प्रतिशत मत मात्रै प्राप्त गर्न सक्यो, बुर्जुवा पार्टीले १३ प्रतिशत र मेन्सेबिकलगायत अन्य पार्टीले ६२ प्रतिशत मत पाए। सन् १९१८ जनवरी ५ मा त्यस निर्वाचित विधानसभालाई नेता लेनिनले विघटन गर्नुभयो र समाजवादी नीतिलाई अगाडि बढाउनुभयो। विधानसभालाई संविधान निर्माणको अवसर दिएको भए सोभियत सङ्घमा समाजवादी व्यवस्था सञ्चालनको सम्भावना थिएन। त्यसैले बनी बनाउ संरचनाभित्र गएर कम्युनिस्टहरूले समाजवादी नीति लागू गर्न नसक्ने मात्र होइन असम्भव नै हुन्छ। यसर्थ, कम्युनिस्टहरूले पुरानो राज्य सत्तालाई ध्वंश गरी नयाँ राज्य सत्ता समाजवाद स्थापना गर्न सकिन्छ। यो कुरालाई कसैले पनि भुल्नु हुँदैन। राज्य सत्ताको अर्थ पुँजीवादी सरकारमा जानु होइन। पुलिस, सेना, कर्मचारीतन्त्र, अड्डा अदालत नै राज्यसत्ता हो।

नेपाल कम्युनिस्ट आन्दोलनमा पनि गलत विचार र सिद्धान्तको चिरफार गर्दै निरन्तर समाजवादी रातो झन्डा उँचो पार्ने काम सच्चा कम्युनिस्ट र क्रान्तिकारीहरूको आजको जिम्मेवारी र कर्तव्य हो। त्यही जिम्मेवारी र कर्तव्य पूरा गर्न नेमकिपाका कार्यकर्ताहरू निरन्तर लागिरहेका छन्। नेमकिपाका अध्यक्ष रोहितले भन्नुभएजस्तै सिद्धान्त र विचार त्याग्नेहरूको अवस्था हिमालयमा चिप्लेटी खेल्नुजस्तै हुन्छ अर्थात् उसको अन्त्य अवश्यम्भावी हुन्छ। सम्पूर्ण नेता, कार्यकर्ताहरू समाजवादी व्यवस्था स्थापना नहुन्जेलसम्म अथक र अविचलित रही समाजवादको रातो झन्डा बोकेर अगाडि बढौँ ! नेमकिपा ५० वर्षको अवसरमा सम्पूर्ण नेता कार्यकता तथा शुभचिन्तकहरमा हार्दिक शुभकामना !

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले माघ ९ गते नेमकिपाको ५० वर्ष पुगेको अवसरमा आयोजित प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# राजनीतिक परिवर्तनपछि मात्र महिला मुक्ति

महेन्द्रनगर। नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा कञ्चनपुर जिल्लाका विभिन्न स्थानहरूमा कार्यकर्ता भेला तथा प्रवचन कार्यक्रम शनिबार सम्पन्न भयो।

चाँदनी दोधारा नगरपालिका वडा नं. १ चाँदनी गाउँमा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पार्टी स्थापनाका आधारहरूबारे जानकारी गराउनुभयो। उहाँले तत्कालीन पञ्चायती समयमा राजा, काङ्ग्रेस र भारतीय विस्तारवाद तथा भारतीय एकाधिकार पुँजी तीन टाउके सर्प बनेको र नेपाली जनताको मुख्य शत्रुबारे कम्युनिस्ट पार्टीमा एकमत हुन नसकेको चर्चा गर्दै राजतन्त्रको अन्त्य हुँदैमा जनताले सुख नपाउने अहिलेको घटनाक्रमले प्रस्ट पारेको स्पष्ट पार्नुभयो।

उहाँले कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी हुने उल्लेख गर्दै संसारका न्यायप्रेमी जनताका देशभक्तिपूर्ण आन्दोलनहरूप्रति पार्टीले ऐक्यबद्धता जाहेर गरेको बताउनुभयो।

पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले महाकाली सन्धिमा देशघात भएको चर्चा गर्दै सिमानाका जनताले भारतीय शासक दल तथा राज्य संयन्त्रबाट दु:ख पाइरहेको बताउनुभयो। उहाँले शारदा बाँध जीर्ण भई कुनै पनि बखत भत्कन सक्ने खतरा रहेको औँल्याउँदै उक्त बाँध तत्काल भत्काई डुवानमा परेको र मिचिएको नेपाली भूमि फिर्ता हुनुपर्ने र टनकपुर बाँधबाट नेपालले आधा पानी र बिजुली पाउनुपर्नेमा जोड दिनुभयो।

पार्टीका कैलाली जिल्ला अध्यक्ष रमेशकुमार रावलले पार्टीले कामदार जनताको पक्षमा आवाज उठाइरहेको उल्लेख गर्दै समाजवादी व्यवस्था हुँदै साम्यवादसम्म पुग्नु पार्टीको उद्देश्य भएको बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैंया सुवालले महिलाहरूको चेतनास्तर उठाउन जरुरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "वर्गीय समाजमा राजनैतिक परिवर्तनपछि मात्र महिला मुक्तिको कल्पना गर्न सकिन्छ।"

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुरेन्द्र था श्रेष्ठ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य शेमसल तामाङले युवा विद्यार्थीले देशको चिन्ता लिनुपर्ने आवश्यकता औँल्याउँदै समाजको सकारात्मक परिवर्तनको लागि युवा विद्यार्थीले स्वदेशमै बसेर जनताको सेवा गर्नुपर्ने बताउनुभयो।

आयोजक पार्टी जिल्ला समितिका अध्यक्ष दलबहादुर बोहराको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टी सदस्यहरू बलदेव पनेरु, मिनु गिरी र परमानन्द भट्टले पार्टीको इतिहासबारे जानकारी दिनुभयो।

सोही दिन चाँदनी दोधारा नगरपालिका वडा नं. ८ मा पनि कार्यकर्ता भेला सम्पन्न भयो।

उक्त भेलामा पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले साना कृषकहरूको उत्पादन र बजारीकरण कार्यमा सहकारीले भूमिका खेल्नुपर्ने बताउनुभयो। उहाँले सहकारीसम्बन्धी ऐन कानुनमा भएका छिद्रहरूबाट फाइदा लिएर बचतकर्ताका करोडौँ रूपैयाँ लिएर केही सञ्चालकहरू भागेको उल्लेख गर्दै सहकारी संस्था र निजी बैङ्कबिचको भिन्नताबारे स्पष्ट पार्नुभयो। नेपाल क्रान्तिकारी महिला सङ्घका मञ्जुमाया लाखाले कामदार महिलाहरू अझै चुलोचौकामा सीमित हुनुपरेको बताउनुभयो। महिलाहरूलाई पनि राजनैतिक गतिविधिहरूमा सँगै ल्याउन सके परिवर्तन चाँडै हुने उहाँको कथन थियो।

कार्यक्रममा पार्टी जिल्ला अध्यक्ष दलबहादुर बोहरा र सदस्य परमान्द भट्टले जिल्लामा भइरहेको पार्टी गतिविधिबारे जानकारी दिँदै स्थानीय जनतामा पार्टीप्रति सद्भाव र माया रहेको बताउनुभयो।

त्यस्तै, कञ्चनपुर जिल्लाको बेलकोट नगरपालिका धरमपुर बिसफाँटामा रहेका मुक्त कमैयाहरूका बिच नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस आइतबार मनाइयो।

उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले सरकारमा गएका दलहरूले कम्युनिस्ट नाम राखेर जनतालाई ठगिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कम्युनिस्ट सरकार हुँदो हो त मजदुर किसानले सुखको जीवन पाउँथे, योग्यताअनुसार काम र कामअनुसार ज्याला पाउँथे, व्यक्तित्व विकासमा समान अवसर पाउँथे।"

पार्टी कैलाली जिल्ला समितिका अध्यक्ष रमेशकुमार रावलले सरकारले कमैया मुक्तिको नाममा पुर्खौंदेखि जोत्दै आएको जमिनबाट वास्तविक किसानलाई वञ्चित गराएको र सामन्तहरूको जग्गा जोगिएको बताउनुभयो। उहाँले कमैयाहरूलाई मोहियानी हक दिनुपर्नेमा जोड दिनुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घका लक्ष्मीनारायण राजलवट खत्रीले तराईको किसान आन्दोलनको जगमा पार्टी स्थापना भएको चर्चा गर्दै जग्गामाथि वास्तविक किसानको हक सुनिश्चित गराउन पार्टीले गरेका सङ्घर्षबारे जानकारी दिनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका छोरीमैंया सुजखूले महिलाहरूले पनि उत्पादनमूलक गतिविधि गर्न जोड दिँदै बरोबर स्वास्थ्य उपचारको लागि चिकित्सकको सल्लाह लिनुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी युवा सङ्घका सुरेन्द्र था श्रेष्ठ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका शेमसल तामाङले पुँजीवादी व्यवस्थामा शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क हुन नसक्ने चर्चा गर्दै समाजवादमात्र गरिब जनताको व्यवस्था हुने बताउनुभयो। कार्यक्रममा पार्टी कैलाली जिल्ला समितिका अध्यक्ष रमेशकुमार रावल र कञ्चनपुर जिल्लाको पार्टी समिति सदस्य सीताराम राना थारुले पार्टी गतिविधिबारे जानकारी दिनुभयो।

# लम्कीचुहामा कार्यकर्ता प्रशिक्षण

कैलाली, १५ माघ। नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा लम्किचुहा नगरपालिका वडा नं.१ थपालीपुरमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा कैलालीका सचिव गगनबहादुर थापामगरले काम गरिखाने जनताको लागि नेमकिपा स्थापना भएको बताउनुभयो। उहाँले समाजवाद भनेको मजदुर र किसानको लागि स्वर्ग भएको कुरा राख्दै समाजवादी व्यवस्थामा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन र सुरक्षाको सुनिश्चित हुन्छ भन्नुभयो।

नेमकिपा कैलालीका सदस्य ज्योति बडुवालले विगतको कम्युनिस्ट पार्टीमा देखिएको खोटा विचारको खण्डन गर्दै काम गरिखाने जनताको पार्टी नेमकिपाको २०३१ माघ १० गते स्थापना भएको बताउनुभयो।

कार्यक्रममा नेक्रायुसङ्घ कैलाली अध्यक्ष प्रेम बडुवाल, नक्रामहिला सङ्घ कैलाली कोषाध्यक्ष देवी अधिकारी र सहसचिव जानकी सिजापतिले पनि बोल्नुभएको थियो।

त्यस्तै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं १ एकाइ समितिको आयोजनामा नेमकिपाको ५० औँ स्थापना दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम सम्पन भयो

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुँजीवादी व्यवस्थाले पुँजीपतिवर्गको हितको निमित्त नियम कानुन बनाउने हुँदा काम गरिखाने मजदुर र किसानले सधैँ दु:ख पाउने भएकोले समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गर्नुपरेको बताउनुभयो।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले परिवर्तनको निम्ति मजदुर र किसानलाई राजनीतिकरूपले सचेत गरिरहेको बताउनुभयो।

कार्यक्रममा नेक्राविसङ्घ कैलाली अध्यक्ष हिक्मत भण्डारीले विद्यार्थीहरू सधैँ राजनीतिकरूपले सचेत हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं १ एकाइ सीमित अध्यक्ष कमल प्याकुरेल र सदस्य सुविस्ता हमालले पनि बोल्नुभएको थियो।




**देश...**

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कोसी प्रदेशका संयोजक उकेश कवांले पार्टीको स्थापनाका आधार किसान सङ्घर्ष भएको चर्चा गर्दै परिवर्तनको निम्ति जनतालाई सचेत पारिरहेको बताउनुभयो ।

नेपालमा कम्युनिस्टहरूको बाहुल्यता भए पनि समाजवादको विषयमा बहस नहुनु या कम्युनिस्टको सिद्धान्त र विचार प्रचारप्रसार नगर्नु विडम्बनाको विषय भएको उल्लेख गर्दै उहाँले देशका कलकारखानालाई निजीकरण गर्ने र कौडीको मूल्यमा बेच्ने दलहरू कम्युनिस्ट नहुने बताउनुभयो ।

कोसी प्रदेशसभा सदस्य यशोदा कायस्थले देश र जनताको निम्ति नेमकिपा सङ्घर्षरत रहेको चर्चा गर्दै धरानवासीलाई भक्तपुरको विकास र प्रगति अवलोकन गर्न आमन्त्रण गरिएकोमा नेमकिपा र भक्तपुर नगरपालिकाप्रति आभार व्यक्त गर्नुभयो ।

नेवार एकता समाज धरानका महेश श्रेष्ठले जनप्रतिनिधिले इमानदारीपूर्वक काम गरे परिवर्तन गर्नसक्छ भन्ने कुरा भक्तपुर नपाले देखाएको छ भन्नुभयो ।

उहाँले उपभोक्ता समिति र जनताको सक्रियतामा हुने विकास निर्माण कार्यमा जनताको अपनत्व हुने विश्वास व्यक्त गर्नुभयो ।

नेमकिपा सुनसरी सम्पर्क समिति भक्तपुरका अध्यक्ष सुनिल शाक्यको सभापतित्वमा भएको सो कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल र विनोद श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## पार्टी प्रकाशन अध्ययन र अन्तरक्रियाबाट कार्यकर्ताको सांस्कृतिक स्तर उठ्ने

बर्दिया । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा नेमकिपा बर्दियाको आयोजनामा सोमबार कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले पार्टी प्रकाशनको अध्ययन र अन्तरक्रियाबाट कार्यकर्ताहरूको सांस्कृतिक स्तर माथि उठ्ने बताउनुभयो । पार्टी कार्यकर्ताहरूले अध्ययन सँगसँगै जनताको दैनिक जीविकाको बारेमा पनि सङ्घर्ष गर्नुपर्नेमा जोड दिँदै केन्द्रीय सदस्य गोसाईले स्थानीय पालिकाले जनहितविपरीत गरेका गलत कामबारे जनतालाई सुस्पष्ट पार्नुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले हिजो रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन भएको बारे बहस गर्न र जनतालाई सचेत पार्न नचाहने कम्युनिस्ट नामधारी शासक दलहरूले आज नेपाली जनतालाई शोषण र विदेशी पुँजीको सेवा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपानेले कम्युनिस्ट सिद्धान्तअनुसार नेमकिपाले कामदार जनतालाई शासनसत्तामा पुऱ्याउन सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

## कटारी नगरमा प्रशिक्षण कार्यक्रम

उदयपुर । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा कटारी नगर समितिको आयोजनामा बबला-८ कटारीमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । नेमकिपाका केन्द्रीय सदस्य एवम् कोसी प्रदेश संयोजक उकेश कवांले समाजवादी व्यवस्थामा सरकारले शिक्षा, स्वास्थ्य निःशुल्क, स्वदेशमा रोजगारीको व्यवस्था गर्छ, काम गरिखाने वर्ग वर्गीयरूपले सचेत भई सङ्गठित हुनुपर्छ भन्नुभयो ।

अतिथि कवांले सबै नेपाली जनतालाई विद्युत् नपुगेको समयमा भारतलाई १० हजार मेघावाट विद्युत् दिने सम्झौता गर्नु आत्मसमर्पण गर्नु हो, भारतीय दूतावासलाई सिधैं नेपाल सरकारको स्वीकृतिबिना २० करोड लगानी गर्न दिनु नेपालमाथिको हस्तक्षेप हो भन्नुभयो । कार्यक्रममा नेमकिपा कोसी प्रदेश सदस्य महेन्द्र बखुन्छेले भन्नुभयो, "जनप्रतिनिधिहरू जनताको घरदैलोमा पुगेर सेवा गर्नुपर्छ । सरकारले युवाहरूलाई स्वदेशमै रोजगारीको बन्दोबस्त गर्नुपर्छ ।"

नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले मजदुर र किसानका छोराछोरीलाई गुणस्तरीय शिक्षा प्रदान नगरी सरकारले विदेशी पुँजीको सेवा गर्दै छ, समाजवादी शिक्षाले मात्र देश र जनताको सेवा हुन्छ भन्नुभयो ।

कार्यक्रममा कृष्णप्रसाद कोजु, पदमबहादुर तामाङ, दलबहादुर बुढाथोकी, विष्णु खत्री, पूर्णबहादुर बुढाथोकी, सीता थापामगरले पनि बोल्नुभएको थियो । भेलाले दलबहादुर बुढाथोकीको अध्यक्षतामा ११ सदस्यीय नेमकिपा कटारी नगर समिति गठन गरेको छ ।

**अध्यक्ष...**

छ; भ्रष्टाचारविरूद्ध पार्टीभित्र कडा अनुशासन कायम गर्नुभएको छ; सबै जातिलाई एकतामा गाँस्नुभएको छ । चिनियाँ विकासदेखि अमेरिकी साम्राज्यवाद चिन्तित छ । संसारमा चीनको नेपाल मजदुर किसान पार्टीजस्ता मित्रहरू धेरै छन् । यसकारण, चीनलाई चिन्ता छैन ।" उपमन्त्री हे यानले उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले उपमन्त्री हेयानलाई नेपाल मजदुर किसान पार्टीका प्रकाशन र काठको मयुर झ्यालको उपहार प्रदान गर्नुभयो ।

उपमन्त्री हेयानले पनि चिनियाँ कम्युनिस्ट पार्टीका प्रकाशनहरू अध्यक्ष बिजुक्छेँलाई प्रदान गर्नुभयो ।

उक्त भेटवार्तामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल र केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, सुरेन्द्रराज गोसाई, अनुराधा थापामगर र सुजना साँयूजू उपस्थित थिए ।

चिनियाँ प्रतिनिधिमण्डलका सदस्यहरू श्री छाङ चिउछिङ, सुश्री सरला, सुश्री वेन चुन, सुश्री चिन यानको पनि भेटवार्तामा उपस्थिति थियो ।

भेटवार्ताको भावानुवाद नेपालको तर्फबाट राजेन्द्र र चीनको तर्फबाट सरलाले गर्नुभएको थियो ।

यसअघि चिनियाँ प्रतिनिधिमण्डलले नेपाल मजदुर किसान पार्टीको प्रारम्भिक समिति र पार्टीका जनवर्गीय सङ्गठनका कार्यकर्ताहरूसँग भेटघाट गरेको थियो ।

सो भेटघाटमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले अमेरिकी साम्राज्यवादले चीनको भूमि थाइवानमा हस्तक्षेप गरी तथाकथित चुनाव गराएकोलाई विरोध एवम् भर्त्सना गर्नुभयो ।

अमेरिकी साम्राज्यवादले इजरायली फासीवादलाई हातहतियार पठाएर प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेकोलाई विरोध एवम् भर्त्सना गर्दै सचिव सुवालले २५० वर्षयता अमेरिकी साम्राज्यवादले संसारका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको उल्लेख गर्नुभयो ।

सचिव सुवालले कम्युनिस्ट दाबी गरी पुँजीवादी सरकारमा गएका नेपालका शासक दलहरूले कामदारवर्गको हितभन्दा शोषकवर्गको हितलाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।

उपमन्त्री हेयानले नेपाल मजदुर किसान पार्टीका साथीहरूसँग भेटघाट गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

सुरुमा भक्तपुरको लायकु पुगेको चिनियाँ प्रतिनिधिमण्डललाई सचिव सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, पार्टीका प्रदेश सांसदहरू सुरेन्द्रराज गोसाई र सुजना साँयूजू, केन्द्रीय सदस्य अनुराधा थापामगर, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले स्वागत गर्नुभएको थियो ।

चिनियाँ प्रतिनिधिमण्डलले लायकु, टौमढी र ख्वप अस्पताल ब्रह्मायणीको अध्ययन गरेको थियो ।

**पुँजीवादी...**

भारतलाई दिनु पनि देशघात हो । भारतसँग खाना पकाउने ग्यासलगायत पेट्रोल, डिजेल र कोइला आयात गर्ने र बिजुली भारतलाई दिने पनि देशघात नै हो । ६ महिना यता ४ अर्ब रूपैयाँको तरकारी आयात गरियो । दाल, चामलसमेत खर्बौं रूपैयाँको आयात गरिन्छ । कृषिप्रधान देशमा खाद्यान्न, तरकारी आयात गर्नु पनि देशघात हो ।"

सरकारले स्वास्थ्य बीमा गरेका नेपालीले तिरेको अर्बौं रूपैयाँ अस्पतालहरूलाई भुक्तानी गरेको छैन । माघ १ गतेदेखि स्वास्थ्य बीमामार्फत उपचार गर्न बिरामीले १० प्रतिशत नगद बुझाउनुपर्ने सरकारी निर्णयले गरिब बिरामीको उपचार नपाएर मर्नेछन्, उहाँले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "राजनीतिक पार्टी एउटा विश्वविद्यालयजस्तै हो । नेमकिपाले कार्यकर्ता र शुभेच्छुकहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा शिक्षित गर्न प्रकाशनलाई जोड दिइरहेको छ । भर्खरै यही कार्यक्रममा हामीले 'स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा' पुस्तक सार्वजनिक गऱ्यौं । एकडेढ वर्षयता पार्टी र जनवर्गीय सङ्गठनहरूले 'समाज विकासको एक झलक', 'भारतीय लेखकहरूको दृष्टिमा भारत', 'अमेरिकी प्रजातन्त्र', 'युक्रेनमा अमेरिकी साम्राज्यवादको छद्म युद्ध', 'एमसीसीविरुद्ध नेपाल मजदुर किसान पार्टीको सङ्घर्ष' लगायत पुस्तकहरू प्रकाशित गरे ।"

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले कम्युनिस्ट नाम राखेर जनतामाझ भ्रम सृजना गर्ने अवसरवादी र संशोधनवादीहरूलाई जनतामाझ उदाङ्ग्याउँदै जानुपर्ने बताउनुभयो ।

पार्टी स्थापनाको ५० औं वर्षको सुअवसरमा नेपालसमेत हेर्ने प्रजग कोरियाको महामहिम राजदूत चोई हुई चोलले पठाउनुभएको बधाई सन्देश पार्टीका केन्द्रीय सदस्य सनकमान महर्जनले वाचन गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटाले नेपालका शासक दलहरू नेपाली काङ्ग्रेस, एमाले, माओवादीलगायत पार्टीहरू पुँजीवादी पार्टीमा परिणत भएको बारे प्रस्ट पार्नुभयो ।

प्राध्यापक समाजका प्रकाशकुमार श्रेष्ठले इन्डोनेसियाको कम्युनिस्ट पार्टीको शिक्षाबाट नेपालका कम्युनिस्टहरूले शिक्षा लिनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका नरेश खत्रीले कम्युनिस्ट घोषणापत्रबारे व्याख्या गर्दै समाजमा आमूल परिवर्तनको लागि वर्गसङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

इन्जिनियरिङ समाजका सुजन माकले फासीवाद र नाजीवादबारे प्रस्ट पार्दै कुनै पनि किसिमको फासीवाद र नाजीवाद देशको पक्षमा नहुने भएकोले जनता सचेत भई फासीवादविरूद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय उपाध्यक्ष सुरेश परियारले प्यालेस्टिनी जनतामाथि इजरायली नरसंहार र अमानवीय सफायाको विरोध गर्नुभयो ।

कार्यक्रममा अधिवक्ता अनिता जधारीले नेमकिपा स्थापनाका आधारहरूबारे प्रस्तुति राख्नुभएको थियो ।

कार्यक्रममा नेमकिपा काठमाडौं जिल्लाका विश्वक डंगोलले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ केन्द्रीय समितिबाट प्रकाशित 'स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा' पुस्तक प्रमुख अतिथि पार्टी सचिव सुवालले विमोचन गर्नुभएको थियो ।

**एकक्षण** -क्रिश्चिना

## केही टिप्पणीहरू

(एसमोग्लु मासाचुसेट्स इन्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापक हुन् - प्रोजेक्ट सिन्डिकेट)

डारोन एसमोग्लुको 'कसरी जोगाउने लोकतन्त्र ?' भन्ने उनको लेखमा सन् १९८० कै सैनिक तानाशाह अगस्तो पिनोचेको पालाको संविधान अझै जीवित भएको बताउँछन् । नेपाली पाठकहरूलाई थाहा भएकै विषय हो । पिनोचेको बेलाको 'संविधान आज पनि जीवित छ' । पिनोचे अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) बाट सञ्चालित थियो । तर, क्रिश्चियन डेमोक्रेटिकहरूले पनि ६२ वर्षीय मार्क्सवादी नेता डा. साल्भाडोर एयेन्डेलाई मत दिँदा सबभन्दा बढी मत पाएर राष्ट्रपति पदमा निर्वाचित भएका थिए । त्यसबेला उनले ६२.२ प्रतिशत मत पाएका थिए । ३ नोभेम्बर १९७० मा साल्भाडोर एयेन्डे चिलीका राष्ट्रपति भए ।

तर ११ सेप्टेम्बर १९७३ मा अमेरिकी गुप्तचर विभागले चिल्लीको सेनाध्यक्ष पिनोचेमार्फत सैनिक विद्रोह गर्न दियो । एयेन्डेलाई राजीनामा दिन वा अन्य देशमा जान भनियो, एयेन्डे राष्ट्रपति भवनमै फौजी पोशाक लगाएर बन्दुक बोकेर लड्दालड्दै बिते तर आत्मसमर्पण गर्नुभएन ।

यसरी त्यसबेला देखेको संविधान कायम थियो । त्यो संविधान प्रतिक्रियावादी र अमेरिकी साम्राज्यवादको निर्देशनमा बहुमत प्राप्त सरकारलाई समेत सेनामार्फत अपदस्त गरियो । साथै चिल्लीको तामा र अन्य खनिज वस्तु संरा अमेरिकी सरकारकै मातहतमा थियो ।

यसप्रकार आज पनि चिल्लीमा अमेरिकी साम्राज्यवादको दबाब चर्को छ । जातजाति, भाषाभाषी र कामदारवर्गमाथि ठूलो दमन चक्र चालु छ ।

तर, लेखक डारोन एस. मोग्लुले डेनमार्क स्वीडेन र नर्वे प्रजातान्त्रिक समाजवादी बन्दोबस्त चिलीमा पनि उपयुक्त हुन्छ भने, मार्क्सवाद र कम्युनिस्ट वामपन्थी आन्दोलनबाट टाढा रहन चाहन्छन् ।

डेनमार्क, स्वीडेन र नर्वे अहिले नाटोकै सदस्य देश हुन् । यसको अर्थ ती देशहरू संयुक्त राज्य अमेरिका र नाटोको घेरामा छन् ।

सिद्धान्तत: प्रजातान्त्रिक समाजवादको अर्थ सशस्त्र सङ्घर्षबाट होइन निर्वाचन र शान्तिपूर्ण ढङ्गले नै समाजवादी व्यवस्था प्राप्त हुन्छ भन्ने विश्वास गर्छन् । तिनीहरू प्रगतिशील कर लगाएर, अपुताली नजाने र मानिस मरेमा उसको सम्पत्ति सरकारको हुनेजस्ता ऐनहरूको बन्दोबस्त गर्छन् । कलकारखाना, सेवा र अन्य उत्पादनका साधनहरू व्यक्तिकै हुन्छ । धनी र गरिबको भेद छ । तर, चिलीमा प्रजातान्त्रिक समाजवादीहरू सङ्घर्षबाट मार्क्सवादी वा कम्युनिस्ट सरकार आउने विषयमा दुविधामा छन् ।

**आफ्नो मान्छे डिसअर्डर**

पत्रकार गुणराज लुइँटेलको 'नागरिक' दैनिक, १४ माघ २०८० को त्यस शीर्षकको लेख हेर्दा केही नौलो कुरा पाइन्छ भन्ने आशा गर्छन् । तर, पानी जसरी जुनसुकै भाँडोमा राखे पनि ठीक त्यस्तै आकार लिएजस्तै मानिस कुनै धर्ममा विश्वास गरेका र एक न एक दृष्टिकोण अँगाल्ने प्राणी भएको हुनाले विचार र व्यवहारमा परिवर्तन ल्याउन समय लाग्छ ।

एकजना व्यक्तिले समाज बदल्न सक्दैन । संविधान राम्रो देखिए पनि पुँजीवादी समाजमा तेरो मेरो भएसम्म सबै जनता निःस्वार्थी हुँदैनन् र भ्रष्टाचार मुक्त गर्न गाह्रो हुन्छ । त्यसको कारण समाजको असफल अर्थतन्त्र हो । बहुमत सङ्गठित जनताले बुझेर ल्याएको समाज मात्रै टिक्ने हुँदा सुधारवादी दृष्टिले समाजमा आमूल परिवर्तन आउनेछैन । राजा भएमा सब ठीक हुने भए राजतन्त्र जाने नै थिएन । राप्रपाका लिङ्देनजी पहिले पनि नेपालमै थिए ।

**किन बढ्दै छन् देश छाड्नेहरू**

१५ माघ २०८० को 'अन्नपूर्ण' पोष्टको 'अभिमतको' जिज्ञासा, समस्या र प्रश्न नेपालमा मात्रै होइन धेरै वा विभिन्न देशमा छन् । तेस्रो विश्वका धेरै मुलुकको यो पनि एक समस्या हो । क्युबामा बाहिर पठाउँछन् । तर, यहाँ जस्तो सजिलो छैन । प्रजग कोरिया सुरक्षाको दृष्टिले देशलाई जोगाउने प्राथमिकतामा छ । जहिलेसम्म अमेरिकी 'डलर' को एकाधिकार हुन्छ, कमजोर देशहरू अगाडि बढ्न सक्दैनन् । अर्थशास्त्रकै सिद्धान्तअनुसार 'डलर'को को मूल्य पहिलेजस्तै 'रुबल' भन्दा कमजोर भएको भए वा अन्य मुद्रालाई डलरबाट थिचोमिचो नभएको भए अमेरिका जाने लाम घट्ने थियो, जसरी पहिले थिएन । प्रजग कोरियामा एक डलरको दुई वन हो । त्यहाँ खुला डलर साटिन्न । सद्दाम हुसेनले डलरसँग होइन युरोसँग व्यापार गर्ने भनेकै कारण उनको हत्याको एक कारण बन्यो ।

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लागनबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३